# DIRECTORATE OF DISTANCE EDUCATON

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS - NEPALI

## SEMESTER-IV

## कृति र कृतिकार विशेष अध्ययन

## NEP (DE)-PG-C-403

# BLOCK – 2

**UNIVERSITY OF NORTH BENGAL**
Postal Address:
The Registrar,
University of North Bengal,
Raja Rammohunpur,
P.O.-N.B.U.,Dist-Darjeeling,
West Bengal,  Pin-734013,
India.
Phone: ( O )  +91 0353-2776331/2699008
Fax:( 0353 )  2776313, 2699001
Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in
Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted,in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# कृति र कृतिकार विशेष अध्ययन


**BLOCK-1**

एकाइ – 1, नेपाली साहित्यका अमर साहित्यकार भानुभक्त आचार्यका कृतिबारे विशेष अध्ययन ।

एकाइ – 2,भानुभक्त आचार्यको जीवन र दर्शन ।

एकाइ – 3, भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ।

एकाइ–4,भानुभक्त आचार्यको विशेष साहित्यिक योगदान ।

एकाइ–5,भानुभक्त आचार्यका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।

एकाइ–6,नेपाली साहित्यका अमर साहित्यकार ज्ञानदिल दासका कृतिबारे विशेष अध्ययन ।

एकाइ–7,ज्ञानदिल दासको जीवन र दर्शन ।

**BLOCK-2**

एकाइ – **8,** ज्ञानदिल दासको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ।**.......................................................................7**

एकाइ – 9, ज्ञानदिल दासको विशेष साहित्यिक योगदान । **............................28**

एकाइ – 10, ज्ञानदिल दासका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।**.....................................................................................................47**

एकाइ – **11,** नेपाली साहित्यका अमर साहित्यकार मोतीराम भट्टका कृतिबारे विशेष अध्ययन ।**......................................................................................66**

एकाइ – 12, मोतीराम भट्टको जीवन र दर्शन।**............................................90**

एकाइ – 13, मोतीराम भट्टको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता । **...................................................................108**

एकाइ – 14, मोतीराम भट्टको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता । **..................................................123**

# BLOCK-2 कृति र कृतिकार विशेष अध्ययन

यस अन्तर्गत रहेको यस प्रभाग - २ लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – ८, ज्ञानदिल दासको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ।**

यस एकाइमा ज्ञानदिल दासद्वारा लिखित कृतिहरूमा निहित सामाजिक, सास्कृतिक, मानवीय मूल्य तथा सार्वजनीनता बारेमा विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ ज्ञानदिल दासका कृतिहरूलाई मुख्य आधार गरी यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ ।

**एकाइ – ९, ज्ञानदिल दासको विशेष साहित्यिक योगदान ।**

यस एकाइमा ज्ञानदिल दासको विशेष साहित्यिक योगदानबारे विस्तृत रूपमा चर्चा गरिने छ । यस अध्ययन गर्नार्थ कवि ज्ञानदिल दासको जन्म तथा मृत्यु, परिवार, शिक्षा – दिक्षा, पेशा, साहित्य सेवा तथा संलग्नता, सम्मान तथा पुरस्कार तथा उनका कृतिगत दर्शन इत्यादि कुराहरूलाई मुख्य आधार गरी विस्तृत अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – १०, ज्ञानदिल दासका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।**

यस एकाइमा ज्ञानदिल दासको रचनाहरूलाई संरचनात्मक तथा शैलीगत मूल्यको आधारमा विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ कविका प्रमुख कृतिहरूलाई आधार गरी विस्तृत अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – ११, नेपाली साहित्यका अमर साहित्यकार मोतीराम भट्टका कृतिबारे विशेष अध्ययन ।**

यस एकाइमा मोतीराम भट्टको साहित्यकारिता र उनको कृतिहरूबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ मोतीराम भट्टको साहित्यिक यात्रा, उनको साहित्यिक योगदान, उनको कवि व्यक्तित्व तथा अन्यान्य क्षेत्रमा उनको सहभागिता तथा उनका प्रमुख कृतिहरूलाई मुख्यरूपमा आधार गरी त्यसको विवेचना यस एकाइमा गरिने छ ।

**एकाइ – १२, मोतीराम भट्टको जीवन र दर्शन ।**

यस एकाइमा कवि मोतीराम भट्टको जीवन र दर्शनबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ भानुभक्त उनको जन्म, परिवार, शिक्षा दिक्षा, पेशा, साहित्य सेवा इत्यादि कुराहरूलाई आधार गरी त्यसको विवेचना यस एकाइमा गरिने छ ।

**एकाइ – १३, मोतीराम भट्टको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ।**

यस एकाइमा नेपाली साहित्यका मूर्धन्य साहित्यकार मोतीराम भट्टका कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य तथा सार्वजनीनताबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ उनको साहित्यिक परिचय तथा उनका साहित्यिक कृतिहरूलाई आधार गरी त्यसको विवेचना यस एकाइमा गरिने छ ।

**एकाइ – १४, मोतीराम भट्टको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।**

यस एकाइमा नेपाली साहित्यका प्रातः स्मरणीय कवि मोतीराम भट्टको साहित्यिक योगदान र उनका साहित्यिक रचनाहरूलाई संरचनात्मक तथा शैलीगत आधारमा विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ मोतीराम भट्टको जीवन, जन्म तथा मृत्यु, परिवार, शिक्षा – दिक्षा, पेशा, साहित्य सेवा तथा संलग्नता, सम्मान तथा पुरस्कार, तथा उनको कृतिगत दर्शनलाई आधार गरी त्यसको विवेचना यस एकाइमा गरिने छ ।

# एकाइ – ८, ज्ञानदिल दासको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ।

**संरचना**

8.0 उद्देश्य

8.1 परिचय

8.2 ज्ञानदिल दासको सामान्य परिचय

8.3 ज्ञानदिल दासको कृतिहरू

8.4 ज्ञानदिल दासको कृतिमा निहित सामाजिक मूल्य

8.5 ज्ञानदिल दासको कृतिमा निहित सांस्कृतिक मूल्य

8.6 ज्ञानदिल दासको कृतिमा निहित मानवीय मूल्य

8.7 ज्ञानदिल दासको कृतिमा निहित सार्वजनीनता

8.8 उपसंहार

8.9 सार

8.10 अनुशीलनी

8.11 अतिरिक्त अध्ययन

8.12 मूल्यबृद्धिको निम्ति उत्तर

## ८.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- ज्ञानदिल दासको सामन्य परिचय
- ज्ञानदिल दासको कृतिहरू
- ज्ञानदिल दासको कृतिमा निहित सामाजिक मूल्य

- ज्ञानदिल दासको कृतिमा निहित सांस्कृतिक मूल्य
- ज्ञानदिल दासको कृतिमा निहित मानवीय मूल्य
- ज्ञानदिल दासको कृतिमा निहित सार्वजनीनता

## 8.1 परिचय

नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध वा दोस्रो चरणतिर देखापरेका जोसमनी सम्प्रदायका सन्त कवि ज्ञानदिल दास नेपाली साहित्यका भक्तिधारा अन्तर्गत पर्ने निर्गुण भक्ति धाराका केन्द्रीय कवि हुन् । उनको जन्म वर्तमान इलाम जिल्लाको फिक्कल भन्ने ठाउँमा सन् 1821 मा उपाध्याय ब्राहमण परिवारमा भएको थियो । कवि दासको जन्मको नाम श्रीकृष्ण लामिछाने हो । श्रीकृष्णको प्रारम्भिक शिक्षा दीक्षा घरमा नै गुरुकुलिन पद्धतीबाट भएको थियो । ज्ञानदिल दास जोसमनी धार्मिक - आध्यात्मिक जागरण र अभियानका एक सशक्त सन्तकवि हुन् । नेपाली कविताको विकास प्रक्रियामा निर्गुण भक्तिधारा छुट्टै विशेषता रहेको छ । यो धाराको आरम्भ जोसमनी सन्तका रचनाबाट भएको हो । यो धाराका कविहरुले सामाजिक अन्धविश्वासको चर्को विरोध गरेको पाइन्छ । हिन्दू वर्णाश्रम व्यवस्थाप्रति तीक्ष्ण प्रहारमा यस धाराका कविहरुको कलम चलेको पाइन्छ । सन्त कविहरुको मुख्य उद्देश्य जातिगत विभेद, अत्याचार, दुराचारको विरोध र मानवतावादको समर्थन गरी मुक्तिको चाहना राख्नु हो । निर्गुण भक्तिधाराका कविहरुले अदृश्यमाथि विश्वास गर्दै 'ब्रह्म' वा मनलाई ईश्वरको रुप मानेका छन् । यस धाराका केन्द्रीय प्रतिभा कवि ज्ञानदिलदास हुन् । उनी नेपालको फिक्कल नामक ठाउँबाट भारतको दार्जिलिङमा आइबसेका थिए ।

## 8.2 ज्ञानदिल दासको सामन्य परिचय –

नेपाली प्राथमिककालीन भक्तधाराका निर्गुण भक्तिधाराकालीन कवि ज्ञानदिल दासले निर्गुण, निराकार ब्रह्मको साकार रूपलाई आफ्नो कृतिहरूमा व्याख्या गरेर आध्यात्मिकता र ईश्वरभक्ति झल्काएका छन् । उनी जोसमनी सन्त परम्पराका मूख्य , आध्यात्मिक व्यक्ति थिए । यिनले भानुभक्त आचार्य भन्दा अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए । यिनले नेपाली

भाषामा व्यंग्य पनि लेखेका थिए । मूलत : संसारलाई झूटो मान्ने, संसारिक राग, द्वेष, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो । जब कवि ज्ञानदिल दास पाँचथर नांगीनस्थित जरिङ्गे गाउँमा जोसमनी सन्त गुरु श्यामदिल दासको आश्रामममा पुगेर गुरुबाट दिक्षित भए तब उनको नाम ज्ञानदिलदास हुन पुगेको विद्वानहरूको भनाइ छ । यसर्थ कवि दासलाई यो नाम गुरु श्यामदिलदासले दिएका थिए । गुरु श्यामदिलदास जोसमनी सन्त साहित्यका प्रकाण्ड विद्धान थिए ।

ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण - महाभारत आदि जस्ता धर्म - अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन - अनुशिलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । बेद लगायत पौराणिक ग्रन्थहरूको गहन अध्ययन गरेका कवि दासले दार्जीलिङका पादरी ए टर्नबुललाई शास्त्रार्थमा पराजित गरेर बाइबल जलाएका थिए । आफ्नो जीवनकालमा नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जङ्गबहादुर राणाले ज्ञानदिल दासलाई पक्राऊ गरेर 6 महिना जेलमा राखेका थिए । पछि आरोपमुक्त भएपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटानसम्म पुगेका थिए।

## 8.3 ज्ञानदिल दासका साहित्यिक कृतिहरू -

कवि ज्ञानदिल दासको रचनाहरूमा उदय लहरी (सन् 1877) सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ । यसका अतिरिक्त उनको झ्याउरे भजन (सन् 1878), टुङ्ना भजन (सन् 1879), निर्गुण भजन, राम भजन, रागवाणी आदि कृतिहरू पनि प्रकाशित छन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिल दासलाई भेट्छौं ।

## 8.4 ज्ञानदिल दासको कृतिमा निहित सामाजिक मूल्य

Notes

नेपालको इलामबाट भारतको दार्जिलिङ र पछिबाट सिक्किम आइ बसेका कवि ज्ञानदिल दालको टुङ्ना भजन कृतिको शीर्षकमा सार्थकता रहेको पाइन्छ । भजन सङ्ग्रहमा सङ्ग्रहित रहेको यस भजनको शीर्षक टुङ्नी राख्नुको मुख्य उद्देश्य तामाङ सेलोमा लयमा रचिएका कारणले गर्दा हो । तामाङ समुदायका मानिसहरू आफ्नो चाढ – पर्व आदिमा बाँसद्वार बनाइएको टुङ्ना नामक बाध्य वाधनका साथ तामाङ सेलो, गीत आदि गाउने गर्छन् । मूलत: कवि दास धर्म प्रचारको क्रममा दार्जिलिङका विभिन्न स्थान र सिक्किमको गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिर हिङ्दा त्यहाका रैथाने तामाङहरूका संस्कृति र लोक परम्पराबाट प्रभावित भएर यस टुङ्ना भजन कृतिको रचना गरेको हुनाले पनि यसको नाम टुङ्ना भजन राखिएको अनुमान गर्न सकिन्छ । कवि ज्ञानदिल दासद्वारा लिखित टुङ्ना भजन अध्यात्म चेतनामूलक साहित्यिक कृति हो । प्रस्तुत भजन उनको भजन सङ्ग्रहमा सङ्ग्रहित छन् । कवि दासको यस भजन सङ्ग्रहमा झ्याउरे लय र तामाङ सेलोको लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू सङ्कलित छन् , जसलाई झ्याउरे भजन (सन् 1878) र टुङ्ना भजन (सन् 1879) भनिने गरिन्छ । यी कृतिहरूमा जम्मा 60 वटा भजनहरू सङ्कलित छन् ।

जोसमनी सन्त परम्पराअन्तर्गतका सन्त साहित्य अन्तर्गत पर्ने यी भजनहरूमा नेपाली प्राथमिक कालका भक्तिकाव्यका सगुण र निर्गुण भक्ति धाराका प्रवृत्ति मुखरित भएका पाउँछौं । यसै भक्तिकालाका क्रममा कवि ज्ञानदिल दाल धर्म प्रचारको सिलसितामा नेपालबाट भारतको दार्जिलिङ र सिक्किममा सन् 1878 - 79 तिर आएका थिए । पछि यही वर्षको अन्तरालमा सिक्किमको गेलिङ धाममा बस्दा त्यहाँ उनले झ्याउरे भजन र टुङ्ना भजनको रचना गरेको मानिन्छ । यसैले प्रस्तुत टुङ्ना भजनको रचनाकाल सन् 1878 – 1879 बीचमा भएको अनुमान लाउन सकिन्छ । भजन सङ्ग्रहमा सङग्रहित जम्मा 60 वटा भजनहरू मध्ये टुङ्ना भजन पनि एउटा हो । मुख्य गरेर यस भजन सङ्ग्रहमा झ्याउरे लय र तामाङ सेलो लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन् । त्यसमध्ये प्रस्तुत टुङ्ना भजनलाई चाहिँ तामङ सेलो लयमा लेखिएको भजन मान्न सकिन्छ । कवि ज्ञानदिल दासको प्रस्तुत भजनमा बाह्य वस्तुको चित्रणमा भन्दा आफ्नै जीवनको आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति दिइएको पाइन्छ । यसर्थ यस टुङ्ना भजनलाई भावप्रधान भजन कृति मान्न सकिन्छ ।

कवि दासको टुङ्‌ना भजनमा आध्यात्मिक वस्तुको शाश्वलतता अनि सांसारिक वस्तुको क्षणभङ्गुरता देखाउँदै मानव स्वभावमा सुधार ल्याउन, धर्म – कर्म गरेर मानव मनलाई पवित्र राख्ने लक्ष्य पाइन्छ । एक त सन्त कविहरूले आफ्ना काव्य रचनाको समय शिल्प – सौन्दर्यतामा भन्दा बढी ध्यान भाव विधानमा दिने गर्छन् । यसैले कवि दासको पनि यस भजनमा शिल्प – सौन्दर्यतामा भन्दा भाव विधान अत्यन्तै गाम्भिर्य बन्न पुगेको छ । यस अतिरिक्त बाह्य वस्तुको चित्रण भन्दा मानव जीवनका आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति प्रस्तुत भजनमा पाइन्छ ।

कवि दासको झ्याउरे भजन र टुङ्‌ना भजन आजपर्यन्त पनि गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिरका मानिसहरू मुख - मुखै गाउने गर्छन् भन्ने प्रत्यक्षदर्शीहरूको भनाइ छ । उनले सिक्किममा रहँदा - बस्दा सामाजिक सुधार संस्कारको भावना र धर्म प्रचारकै उद्देश्यले भए पनि केही गीत, भजनहरू रचना गरेका थिए । यसबाट सिक्किमेली समाज केही मात्रामा प्रभावित प्रेरित भएको थियो भन्ने अनुमान गर्नसकिन्छ । यसैले ज्ञानदिल दासका काव्य, भजन तथा कृतिहरूलाई पनि सिक्किमेली नेपाली कविताको बीज वा पृष्ठभूमिका रूपमा लिनुपर्ने स्थिति रहेको पाइन्छ । कवि ज्ञानदिल दासको टुङ्‌ना भजन तामाङ सेलो लयमा लेखिएको भजन कृति हो । यस भजनमा उनले निर्गुण, निराकार ब्रह्मको व्याख्या गरेर आध्यात्मिकता, ज्ञान र ईश्वर भक्तिलाई झल्काएका छन् । संसारिक राग, द्वेष, इर्ष्या, भोग – विलास आदि प्रवृत्तिबाट मानिसहरूलाई मुक्ति गर्ने चाहना राख्दै कवि दासले उक्त भजनमा पारमार्थिक चिन्तनको प्रकट गर्न चाहेका छन् । यसैले प्रस्तुत टुङ्‌ना भजनको भाषा – शैली सरल र सुबोध भए पनि भाव भने गाम्भिर्य छ ।

कवि ज्ञानदिल दासका काव्य, भजन आदि कृतिहरू सरल र ठेट नेपाली भाषाको प्रयोग पाइन्ठन् । उनका प्राय: कृतिहरू सामाजिक, धार्मिक अन्धविश्वास, कुरीति र विसङ्गति आदिप्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति, व्यांग्यात्मक र आलोचनात्मक स्वर - शैलीमा रचिएका छन् । यस अतिरिक्त कवि दासका काव्य रचनाहरू नितान्त मौलिक एवम् अभिव्यञ्जनापूर्ण शैलीमा प्रभावकारी ढङ्गले लेखिएका हुन्छन् । यसैले उनलाई सन्त काव्यधाराको एकजना अत्यन्त प्रतिभाशाली र प्रभावशाली तथा चेतनाशील प्रतिनिधि कविको तथा प्रतिष्ठित ब्याक्तिको रुपमा चिनिन्छन् । यही कारणले प्रस्तुत टुङ्‌ना भजन कृतिमा पनि यही अनुरूपका भाषा – शैलीको प्रयोग पाइन्छन् । अत: ठट्यौली

शैली र थेगो, रहनी आदिको प्रयोग गरी लेखिएको उक्त भजनमा गाउँले बोली, सरस र सरल भाषाको प्रयोग पाइन्छ । कवि ज्ञानदिल दासका अधिकांश भजन र श्लोकहरू लोकलयमा संरचित रहेको पाइन्छ । लोक छन्द झ्याउरेलाई कवित्व मर्यादा दिने नेपाली साहित्यका प्रथम कवि पनि सन्तकवि ज्ञानदिल दास नै हुन् । यही कारणले उनको प्रस्तुत टुङ्ना भजन कृति नेपाली लोकलय छन्दमा लेखिएको पहिलो भजन वा कृति बन्न पाइन्छ ।

नेपाली लोकलय झ्याउरे छन्द र लामाङ सेलो लयमा लेखिएको टुङ्ना भजन कृतिमा जम्मा अठाह्र (18) हरफहरू छन् । यसमा गीतात्मक लालित्य पाइन्छ भने यस भजनको भाव भने रहस्यवादी छ । उदाहरणको निम्ति निम्न पङ्क्तिलाई लिन सकिन्छ -

*कमल् फुल्यो रनबन,*
*भँभराको भनभन,*
*रामजी ! अति ठिक्क पार्यो नी ! ! (2)*

कवि ज्ञानदिल दासको टुङ्ना भजन कृतिमा रहेको अठाह्र (18) हरफ वा पदमा लालित्य, भाव माधुर्य, रस घनत्व र कल्पनाको सुन्दर संयोजन रहेको पाइन्छन् । धार्मिक, आध्यत्मिक, दार्शनिक, सामाजिक, सांस्कृतिक आदि बिषयवस्तुलाई टिपेर आफ्नो काव्य, भजन आदि सिर्जना गर्नो सन्तकवि ज्ञानदिल दालको उक्त भजनमा विशेष लोक मानसको हृदयलाई अङ्गिकार गर्नो लोक छन्दकै प्रयोग गरेका छन् ।

कवि दासले यस टुङ्ना भजन भजनलाई रसिलो, आकर्षक र साङ्गीतिक बनाउन अन्तर अनुप्रास र अन्त्यानुप्रासको लोभलाग्दो तरिकाले समायोजन गरेका छन् । यसरी छन्द र अलङ्कारको अतिरिक्त कविले उक्त भजनमा थेगोको रूपमा 'रामजी '-लाई पुनरावृत्ति गरी भावलाई क्रमिक रूपमा विकास गर्दै लगेको पनि पाइन्छ । यसबाहेक चलन - चल्तीका तत्सम तथा ठेट नेपाली झर्रा शब्द खरानी, फनफन, तितिरी आदिको प्रयोग गरेर भजनलाई अझ कर्णप्रिय, सुमुधुर र मिठास पनि बनाएका छन् ।

कवि ज्ञानदिल दासको टुङ्ना भजनमा गाउँले बोलीको आत्मीयता पाइन्छ तर भाव भने गहिरो छ । भजन पाठकले पढ्दा सरल र सहज लागे तापनि यस भजनले बोकेको भाव भने अत्यन्तै गहिरो प्रकारका रहेका छन् । उदाहरण –

*धुनीको छेउ छाउ टक्रयाक टुक्रुक जोगी ज्यान बसेको ।*

*निधारै भरी फुस्रै र धुस्रै खारानी घसेको । 1*

*वंशी बज्यो तितिरी,*

*अनहदको घनघन,*

*कमल् फुल्यो रनबन,*

*भँभराको भनभन,*

*रामजी ! अति ठिक्क पार्यो नी ! ! (2)*

## ८.5 ज्ञानदिल दासको कृतिमा निहित सांस्कृतिक मूल्य

कवि ज्ञानदिल दास नेपाली कविता साहित्यका आध्यात्मिक, व्यङ्ग्य तथा बिद्रोही व्यक्ति थिए । उनले भानुभक्त आचार्य भन्दा अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए । कवि दासलाई सन्त काव्य परम्परा तथा नेपाली साहित्यका प्राथमिक कालका एक प्रखर व्यंग्य लेखेका मानिने हुनाले प्रस्तुत टुङ्ना भजन कृतिमा पनि कता – कता व्यङ्ग्यको फुवार उठेको पाइन्छ । तथापि प्रस्तुत भजनको मुल उद्देश्य अध्यात्म चेतनालाई प्रस्तुत गर्नु नै हो । कवि ज्ञानदिल दास सानैदेखि तीक्ष्ण बुद्धि भएका व्यक्ति थिए । यस्तो दिमाग भएको हुनाले उनले सानैदेखि वेद, पुराण, रामायण, महाभारत आदि जस्ता धार्मिक तथा अध्यात्म चेतनामूलक शास्त्रहरूको गहन – अनुशिलन पनि गरेका मानिन्छ । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिल दासलाई भेट्छौं । यसर्थ प्रस्तुत टुङ्ना भजन कृति लेख्नुको मख्य उद्देश्य नै आफ्नो प्रभावशाली र कुसाग्र बुद्धिका भरमा तत्कालीन जन – मानसमा आध्यत्मिक चेतना बढाउनु हो । प्रस्तुत टुङ्ना भजन तामङ सेलो लयको अठाह्र हरफ र तीन पदमा संरचित छ । कविले यस भजनमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपेर ब्राहमणवादको विरोध गरेका छन् । यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे अवगत गराउँदै आध्यात्मिक प्रवृत्तिको विकास गरी पारलौकिक बन्न प्रेरणा दिने सन्त

परम्पराको यो एउटा सफल दृष्टान्त हो । गीतात्मक लयमा रचिएको प्रस्तुत भजन रहस्यवादी बनेको छ । यसमा गाउँले बोलीको आत्मीयता पाइन्छ भने भाव गम्भीर र गहिरो छ । उदाहरण –

*वंशी बज्यो तितिरी,*
*अनहदको घनघन,*
*कमल् फुल्यो रनबन,*
*भँभराको भनभन,*
*रामजी! अति ठिक्क पार्यो नी ! ! (2)*

सन्त सम्प्रदाय तथा जोसमनीहरू नादपन्थी हुन्छन् । उनीहरू नादको उच्चारण वा अभ्यासले कमलको वासको आनन्दप्राप्त गरेको ठान्छन् । तर कमलको वासनै ब्रह्मज्ञानमा परेपछि जोगीहरू मरणासन्न अवस्तामा पुग्ने गर्छन् । यो सबै ब्राह्मणबादले गर्दा भएको उनले टुङ्ना भजनमा ठानेका छन् । साघारण जनता, जोगी र सन्यासीहरू (फकिर) – आदिलाई ठिक्क पारेर ब्राहमणहरूले त्रिशुललाई गंगा तारेको, जोगीहरूलाई खरानी मात्र घस्न लाएको भनी कविले विरोध पनि गरेका छन् । उदाहरणार्थ -

*मार्यो च्याङ्बा मार्यो,*
*खरानीमा पार्यो,*
*त्रिशुल् गङ्गा तार्यो,*
*चन्द्र सूर्जै नार्यो,*
*कमल फुलमा सार्यो,*
*ब्रह्मज्ञानमा पार्यो,*
*रामजी! अति ठिक्क पार्यो नी ! ! (1)*

प्रस्तुत भजनमा कवि दासले जोगीको अर्थ योगज्ञाताको रूपमा प्रष्टाउँदै, जसले योग बारे अनभिज्ञ हुन्छन् , उनीहरूका जन्म र जीवन दुवै यस संसारमा निरर्थक बन्दछ भन्ने दार्शनिक विचार पोखेका पाइन्छन् । अत: प्रस्तुत भजनको नेपाली समाजमा भएको विसङ्गति र विकृतिको चित्रण गरेर सामाजिक र धार्मिक सुधार गर्नु नै प्रस्तुत भजनको मूल अभिष्ट रहेको देखिन्छ ।

यसरी नै कविको उदयलहरी मा निहित सामाजिक पक्षहरूका चर्चा गर्नुपर्दा सन् 1877 सालतिर उदय लहरीको रचना गरेका थिए । कवि दासको टुङ्ना भजन र

झ्याउरे भजन कृतिमा जम्मा 60 वटा भजनहरू सङ्कलित छन् । भजन सङ्ग्रहमा झ्याउरे लयमा र तामाङ सेलोको लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन् , यसलाई झ्याउरे र टुङ्गना भजन भन्ने गरिएको छ । उदयलहरीले यिनको साहित्यिक व्यक्तित्वको प्रतिनिधित्व गर्न सफल बनेको छ । यो कृति 109 श्लोकमा संरचित रहेको छ । अन्य कृति र अन्य सन्त कविहरूको तुलनामा यिनको भाषाशैली रसिलो र सजिलो रहेको पाइन्छ ।

कवि ज्ञानदिल दासको रचनाहरूमा सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण पाइन्छ । जोसमनी सन्त पर्मपराका अन्य सन्त कवि शशिधर, अखण्ड दिलदाल, आगमदिल दाल आदि सन्द कविहरूका कृतिको तुलनामा कवि ज्ञानदिल कृतिगत भाषा - शैली रसिलो र सजिलो पनि छ । ज्ञानदिल दासका कृतिहरू सरल र ठेट नेपाली भाषामा सामाजिक, धार्मिक, अन्धविश्वास, कुरीति, ब्राह्मणबाद र विसङ्गति आदि प्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति व्याङ्गात्मक र आलोचनात्मक स्वर शैलीमा रचिएका छन् ।

कवि दासको उदयलहरी 109 पध्यमा लेखिएको कृति हो । यो झ्याउरे लयमा लेखिएको छ । दार्जीलिङमा रहँदा लेख्न सुरू गरेको उदय लहरी यात्राको क्रममा सिक्किम पुगेर पूरा गरेका थिए । उदय लहरीमा सत्व, रज र तम तीनै गुणको वर्णन पाइन्छ । त्यस बेला समाजमा व्याप्त जातपात, छुवाछुत र पशु बली, हिंसा आदि बारे प्रस्तुत कृतिमा कविले खुलेर विरोध गरेका छन् । उदाहरण -

*धन जन भन्छन् देवीमाई भाक्छन्*
*पशुघात भयो भन्या धर्म कहाँ राष छन्*
*गरिबमारा पशुघात जो कोही गर्छन्*
*नर्क तलाउ भासमा सहजगै पर्छन् ।।11।।*

कवि ज्ञानदिल दासको काव्य रचनाहरूमा नितान्त मौलिक, सुबोध तथा अभिव्यञ्जनापूर्ण भाषा र शैलीको प्रभावकारी प्रयोग पनि पाइन्छन् । मुख्य गरेर कवि दासले आफ्ना कृतिहरूमा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका पाउँछौँ ।

ज्ञानदिलदासले कर्मकाण्ड, हिंसा, घुस, गरिबी र मानिसको पाखण्डीपनप्रति विद्रोह मचाएका छन् । ब्रह्मज्ञानलाई नै ज्ञानहरूमा सर्वोत्कृष्ट मान्दथे । ज्योतिषीहरूलाई पनि उनी कर्मकाण्डी ब्राह्मण पुरोहित झैं रुढीवादी संस्कारको पृष्ठपोषक, आडम्बरी, धूर्त र फटाहा मान्दथे । पाखण्डी - फटाहाहरूमा धार्मिक -

आध्यात्मिक चेतना वा साँचो ज्ञान हुँदैन भन्ने विश्वास उनको थियो । यी कविता पंक्तिहरूले प्रष्ट पार्दछ –

*ग्रह गोचरको जाप गर भन्छन् ।*
*सुझ – न- बुझ अम्ला मात्रै गन्छन् ।।*
*क्या गर्छौ ज्योतिषी हो अभागे तालो ।*
*देख्छौ त भन्छौ नजरमाथि जालो ।।*

ब्रामण भएर ब्रम्ह नचिन्नेहरुकालागि कविले आलोचना गरेको पाइन्छ । उनका कविताले हत्या हिंसा गरेर भाकल पूरा हुन्छ भन्नेहरुलाई चोटिलो ब्याङ्ग प्रहार गरेको भेटिन्छ । धर्मका नाममा पशुवली चढाउनेप्रति उनले यसो भनेका छन्ः

*धन जन भन्छन् देवीमाई भाक्छन्*
*पशुघात भयो भन्या धर्म कहाँ राख्छन्*
*गरिबमारा पशुघात जो कोही गर्छन्*
*नर्क तलाउ भासमा सहज गै पर्छन् ।।11।।*

अर्को उदाहरण –

*देवीमाई पत्थर जो पूजि जान्छन्*
*सतलोक धाममा ती कहाँ जान्छन्*
*धाम चिन सतलोक जमुनाका तीर*
*लोभ पाप छोडी हरीतिर फिर ।।12।।*

ज्ञानदिलदासको यो बुझाई न्यूटनको प्रकृति विज्ञानसँग मेल खान जान्छ । न्यूटनले एउटा प्रथम दैवी प्रेरणाको स्थापना प्रस्तुत गर्दै भनेका थिए - "प्रकृतिको सम्पूर्ण व्यवस्थामा प्रयोजना व्यप्त छ, जसमा हरेक चिज अर्काको निम्ति उत्पादन भएका हुन्छन् , जस्तो विरालाहरू यस कारणले बनाइएका छन् की तिनीहरूले मुसाहरूलाई खाउँन र मुसाहरू यसकारणले बनाइएको छ की विरालाहरूले तिनीहरूलाई खाउँन । समग्र प्रकृति यसकारणले बनेको छ की सृष्टि कर्ताको बुद्धि प्रकाशित होस् ।" त्यसैगरी यिनको रचनामा सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण पाइन्छ । उदाहरण –

*नरुनु उभिएर मेरो चिहान छेउ,*
*म छैन त्यहाँ, म सुत्ने गर्दिन,*
*म बहने गर्दछु बतास सरी बहिरहेको छु,*
*म चमक हुँ पारशमणीको उजेलिरहेको छु,*

*पाक्दै गरेको बालीमा पस्रिने सूर्य प्रकाश हुँ म,*
*शरद ऋतुमा तप्किने स्निग्ध वर्षा हु म,*
*म विनम्र तारा हुँ, रातभरी चम्कि दिन्छु,*
*मेरो चिहन छेउ उभिएर नरुनु म त्यहाँ छैन,*
*साँचो कुरा म मर्दै मरिनँ ।।*

यहाँ कविले निष्ठासाथ जीवनलाई मानव भक्ति र मुलुकको हितार्थ खर्चन सके त्यो मान्छे भौतिक रुपमा सकिएपनि विभिन्न रुपमा चित्रित भइरहन्छ र बाँचिरहन्छ भनेका छन् । यहाँ सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण भेटिन्छ । डा स्वामी . प्रवेश सिक्किम पनि भए उद्देश्यले प्रचारकै धर्म दार्जीलिङबाट चाहिँ प्रपन्नाचार्यले र गीत ज्ञानदिलदासले कवि सन्त गरेका  केही उदयलहरीका अतिरिक्त भजनका विच भन्ने हुन् गरेका रचना सिक्किममा पनि अंशहरूार प्रकट गरेको पाइन्छ । उनले फरक विचार र फरक शैलीका कवि तथा विलक्षण प्रतिभाका धनी कवि ज्ञानदिलदास हुन् भनेका छन् । उनले धर्म र संकृति भन्ने लेखमा नेपाली साहित्यका अमूल्य निधि थिए पनि भनेका छन् ।

## ८.6 ज्ञानदिल दासको कृतिमा निहित मानवीय मूल्य

कवि ज्ञानदिल दास सिक्किमेली नेपाली साहित्यका पृष्ट पोषक थिए, मार्ग दर्शक थिए, प्रणेता थिए । यिनलाई सिक्किमेली नेपाली साहित्यका आदिकवि पनि मान्न सकिन्छ । विलक्षण प्रतिभाका धनी कवि ज्ञानदिलदास नेपाली साहित्यका अमूल्य निधिका रूपमा परिचित छन् भने उनले सिक्किमेली नेपाली कविता साहित्यको पृष्ठभूमिलाई बलियो आधार प्रदान गरेका छन् । डा उपाध्यायले केशवप्रसाद . भनेका कवीर नेपाली दासलाई ज्ञानदिल  छन् । उनको कवित्व प्रतिभा प्रभावशाली र तेजस्वी छ । उनी जोसमनी सन्त परम्पराका महान धर्मगुरू मात्र नभएर नेपाली कविता साहित्यका अमूल्य रत्न तथा सिक्किमेली नेपाली कविता साहित्यका आदिकविका रूपमा स्थापित कवि भनेका छन् ।

नेपाली साहित्यको इतिहासमा भक्तिधाराको निर्गुण भक्ति धाराका केन्द्रीय कवि हुन् ज्ञानदिलदास । यस धाराका कविहरूले निर्गुण, निराकार ब्रह्मको व्याख्या गरेर आध्यात्मिकता र ईश्वरभक्ति झल्काउँछन् । संसारलाई झूटो मान्ने, संसारिक

राग, द्वेष, रोचक, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, पारमार्थिक चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो । बेद लगायत पौराणिक ग्रन्थहरूको गहन अध्ययन गरेका यिनले दार्जीलिङका पादरी ए. टर्नबुललाई शास्त्रार्थमा पराजित गरेका थिए । यिनले पूर्वी नेपाल तथा भारतको दार्जीलिङ, सिक्किम र भुटान सम्म जोसमनी धर्म सम्प्रदायको प्रचार गरेका थिए । नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणाले यिनलाई पक्राऊ गरेर 6 महिना जेलमा राखेका थिए। त्यसपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटानसम्म पुगेका थिए । अन्त्यमा कवि ज्ञानदिल दासको निधन पश्चिम सिक्किमको गेलिङ धाममा सन् 1940 मा भएको थियो । यिनको स्मृतिमा ज्ञानदिलदास साहित्य पुरस्कारको स्थापना भएको छ । अत: भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् ।

कवि ज्ञानदिल दासको समयमा समाजमा व्याप्त जातपात, छुवाछुत र पशु बली प्रथा विधामन थियो । यस्ता कुराहरूलाई आफ्नो कविताको माध्यम खुलेर विरोध गर्‌दै ती रचनाद्वारा समाजमा पररिवर्तन गर्न चाहेको कवि ज्ञानदिल दालको उदय लहरी काव्यमा प्रतीत हुन्छ । उदाहरणको निम्ति निम्न पङ्क्तिलाई लिन सकिन्छ।

*ब्राह्मण हुँ भन्या ब्रह्म न चिनन्या ।*
*वैलि बाख्री कता छन् बसि षोजि किन्या ।।*
*छेदन्ने धागड़को पकाइहालुँ रक्ती ।*
*तेस्तै कन भन्नू यमराजको भक्ति ।।*

उदय लहरीको मुख्य उद्देश्य ज्ञान, भक्ति र वैराग्यको प्रतिपादन गर्दै ब्रह्मानन्द प्राप्तिको उपाय बताउनु हो । यसमा कविले रजोगुण र तमोगुणमा विजय गरी सतवगुणको उद्‌घाटन गर्नुपर्ने मत व्यक्त गरेका छन् ।

*सत रज तमको महाँ युद्ध भयो*
*सतको अर्जिली तम गुण गयो*
*निसाफी विचारी निसाफ हेरिदेऊ*
*सतगुणी निर्धाको सरण अब लेऊ ।*

कवि ज्ञानदिल दासको झ्याउरे भजन 24 पद्यमा झ्याउरे लयमा लेखिएको छ । उक्त चर्चित भजन कवि दासले झ्याउरे लयमा रचेको पाइन्छ । सन्त कवि ज्ञानदिलदासले झ्याउरे भजनमा यसरी लेखेका छन् –

*यो रुम्जाटारको कोदाको पीठो निर्गुनको दाउन*
*धर्म र कर्म गुरुङले ग-यो छक् परयो बाहुन ।*

तर यी भजनले भाव गहिरो बोकेका छन् । यी भजन अहिले पनि उत्तीकै महतवका साथ नेपाल र भारतका विभिन्न स्थानमा भजन टोलीहरुले गाउने गरेका छन् ।

*गौवाके सँगमे तीड विगारे - तीड दुध भै मिले मेरा भाइ*

*धातुके सँगमे पत्थर विगारे - पत्थर धातु भै मिले मेरा भाइ*

*गुरुके सँगमे चेलो विगारे - चेलो गुरु भै मिले मेरा भाइ*
*ज्योतिके सँगमे वर्तन विगारे - वर्तन ज्योति भै मिले मेरा भाइ ।*

उक्त हरफहरूमा रसायन विज्ञानको कुरा उठाइएको छ । जसमा एउटा बस्तुले अर्को वस्तुको निषेध गरेर गुणात्मक विकास सहित नयाँ वस्तुको उत्पादन गरेको बुझाईएको छ । गाईले घाँस खान्छ, घाँसको निषेध गर्दछ तर घाँस दुधमा परिणत हुन्छ , धातुले पत्थरको निषेध गर्दछ तर पत्थर धातुमा परिणत हुन्छ । गुरुले चेलालाई गुरुमा परिणत गर्दछ, आगोले दियोको वर्तन जलाउँछ, तर वर्तन ज्योतिमा परिणत हुन्छ भनिएको छ ।

यसरी नै कवि ज्ञानदिलले नेपाली समादमा जोसमनी मतको प्रचार यस तथा प्रसार- सम्प्रदायविकास गर्ने सिलशिलामा तत्कालिन नेपाली समाजमा देखा परेका सामाजिक विसङ्गति र विकृति, जातिगत छुवाछुतको भाव र विचारमा सङ्कीर्णता तथा धार्मिक आडम्बरप्रति विद्रोह समेत गरेका थिए । सिक्किम र दार्जिलिङका विभिन्न स्थानहरूमा जोसमनी मत प्रसारको क्रममा धैरैवटा सन्त मठ वा धामहरूको स्थापना गरेका थिए । दृष्टान्तको रूपमा गेलिङधाम, रमीधाम, रङबुलधाम आदि मठ वा धामहरूको सगर्व नामोल्लेख गर्न सकिन्छ । नेपालमा लखन थापा र अरू कतिपयले निरङ्कुश र अत्याचारी राणा शासनका अभनेता जङ्गबहादुर राणाको विरुद्धमा गुप्त सङ्गठनहरू खोली जनचेतना फैलाउने प्रयास गरिरहेको समय कवि ज्ञानदिल भने आफ्ना जोसमनी सन्तहरूलाई एकजुट बनाइ धार्मिक अभियानलाई प्रसारको-प्रचार सन्तमतको अर्थात् चेतना आध्यात्मिक- राजनैतिक र सङ्गठन राजनैतिक विरोधी । थिए बढाइरहेका अघि तिब्ररूपमा

प पनि उनलाई राणाले जङ्गबहादुर सम्झेर गतिविधिक्रेर 6 महिनासम्म जेलखानामा थुनेर राख्यो । तर उनको अभियान राजनैतिक सत्ता कब्जा गर्नु नभएर जनमानसमा सन्तमत फैलाउनु मात्र रहेको बुझेपछि धर्म प्रचारकै निम्ति उनलाई दार्जिलिङ र सिक्किम प्रवेश गराउने काम भएको जानकारी पाइन्छ । सन्त ज्ञानदिल दासले आफ्ना रचनाहरू र मत प्रचारको क्रममा ब्रह्मणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका छन् । अर्को घटना अझ यस्तो छ सिक्किममा ब्राह्मणले ब्राह्मणेत्तर साधुहरूको गोड़ा ढोगेमा त्यस ब्राह्मणलाई जातबाटै काड्ने, जातत्यूत गर्ने शासकीय धम्की दिँदा ज्ञानदिल दासले सिङ्गला बजारमा मध्येदिनमा हातमा बिशाल राँको लिएर जात खोज्दै हिँडेका घटनाहरू पनि साह्रै पुरानो भएको छैन । यसप्रकार आफ्नो प्रभावशाली व्यक्तित्व र अनुकरणीय कार्यले तत्कालिन शासक, जाति र समाजका सबै वर्गलाई प्रभाव पार्न सफल भएका हुनाले उनी चाँडै लोकप्रिय पनि भए । अतः जोसमनी सम्प्रदायलाई प्रभावशाली र प्रभावकारी ढ़ङ्गमा विस्तार गर्ने कार्य ज्ञानदिल दासबाटै भएको तथ्य कसैबाट लुक्ने कुरा होइन ।

## ८.7 ज्ञानदिल दासको कृतिमा निहित सार्वजनीनता

भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् । कवि भानुभक्तका झैं सरस, सहज र चोखो नेपाली भाषामा रचिएका उनका काव्य रचनाहरूले सर्वसाधारणको मनमा छाप बसाउन सक्यो । भारतीय नेपाली कविताको विकासका सन्दर्भमा भानुभक्तीय रामायणको विशेष अवदानलाई महत्त्वपूर्ण मानिन्छ । सामाजिक पनि दृष्टिले मूल्यका आध्यात्मिक-साहित्यिक र सांस्कृतिक-सर रामायण भानुभक्तीय समाजमा नेपाली भारतीय्वाधिक चर्चित र प्रसिद्ध रह्यो । तथापि व्यक्तित्वको प्रभावको दृष्टिकोणबाट हेर्दा भने भानुभक्तभन्दा सन्तकवि ज्ञानदिलदास नै अधिक महत्त्वपूर्ण र प्रभावशाली कविको रूपमा देखापर्छन् । भानुभक्तीय काव्यको पृष्टभूमि ज्ञानदिल दासको भन्दा विस्तार र फराकिलो रहेको छ तथापि काव्यगत मौलिकता र युगचेतनाका दृष्टिले भने दुवै कविमा उत्तिकै प्रखर चेतना र सम्भावना गहेको देखिन्छ । काव्यलेखनमा आलोचनात्मक दृष्टि र

युग चेतनाका सन्दर्भमा भन्ने हो भने भानुभक्तका तुलनामा ज्ञानदिलदास निकै विद्रोही, प्रगतिशील , यथार्थवादी र आधुनिक चिन्तकका रूपमा देखा पर्छन् ।

ब्रह्मनन्द प्राप्तिको निमित्त सन्त आध्यात्मिक रहस्यलाई बुझाउन कवि ज्ञानदिल दासले आफ्ना रचनाहरूमा कहिले सामाजिक वृत्तिलाई त कहिले लौकिक उपमानहरूको सहयोग लिएका छन् । दृष्टान्तका निम्ति केही पंक्तिहरू टिपौं-

*1. धन जन भन्छन् देवीमाई भाक्छन्*

*पशुघात भयो भन्या धर्म कहाँ राष छन्*

*गरिपमारा पशुघात जो कोही गर्छन्*

*नर्क तलाउ भासमा सहजगै पर्छन् ।।11।।*

*देवीमाई पत्थर जो पुजि जान्छन्*

*सतलोक धाममा ती कहाँ जान्छन्*

*धाम चिन सतलोक जमुनाका तीर*

*लोभ पाप छोड़ी हरी तिर फीर ।।12।।*

*2। चिनन्या न ब्रह्म भन्या हुँ ब्रह्म .*

*वैलि बाख्री कता छन् बसि षोजि किन्या ।।*

*छेदन्ने धागड़को पकाइहालुँ रक्ती ।*

*तेस्तै कन भन्नू यमराजको भक्ति ।।*

ज्ञानदिलदास हिंसाका विरोधी र अहिंसाका पुजारी थिए । हिंसा गरी मांस भरण गर्ने मानिसहरूलाई अधर्मी होइन तर अज्ञानी ठान्थे । आजको मानव समाजमा छुवाछुत जस्तो घृणित प्रथा हटाउनु पर्छ । मानवमा जातको होइन तर कर्मको मात्र मूल्य र महत्व हुन्छ भन्ने कुरामा विश्वाजस राख्थे । यस काव्यमा अर्न्तचेतना कसिलो संयोजन भएको पाइन्छ । काव्यमा माधुर्य गुण, रस परिपाकका दृष्टिले पनि अब्बल अनि लयात्मक र रसात्मक गुणले ओजपूर्ण भएको पाइन्छ । काव्यमा प्रयुक्त भाषासरल शैली-,सरस र रसिलो हुनका साथसाथै आलङ्कारिक पनि भएको छ । भाषिक शिल्प उदयलहरीलाई विशेषताले काव्यगत एवम् शैली-

गर्न प्रस्तुत सगर्व रूपमा रचनाको प्रतिनिधि र सर्वश्रेष्ठ साहित्यको सन्त जोसमनी प्रधा कुमार .डा साहित्येतिहासकार । सकिन्छनले उदयलहरीलाई नै भारतमा लेखिएको नेपाली काव्य। छन् स्वीकारेका (रचना)कृति प्रथम साहित्यको- उनको अर्को कृति झ्याउरे भजन झ्याउरे लयको आठ श्लोकमा संरचित छ । कविले यस कवितमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपि टिपोट गरेका छन् । यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे अवगत गराउँदै आध्यात्मिक प्रवृत्तिको विकास गरी पारलौकिक बन्न प्रेरणा दिने सन्त परम्पराको यो एउटा सफल दृष्टान्त हो ।

## ४.८ उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, सन्त कवि ज्ञानदिल दास नेपाली साहित्यका भक्तिधारा अन्तर्गत पर्ने निर्गुण भक्ति धाराका केन्द्रीय कवि हुन् । उनको जन्म वर्तमान इलाम जिल्लाको फिक्कल भन्ने ठाउँमा सन् 1821 मा उपाध्याय ब्राहमण परिवारमा भएको थियो । कवि दासको जन्मको नाम श्रीकृष्ण लामिछाने हो । श्रीकृष्णको प्रारम्भिक शिक्षा दीक्षा घरमा नै गुरुकुलिन पद्धतीबाट भएको थियो । ज्ञानदिल दास जोसमनी धार्मिक - आध्यात्मिक जागरण र अभियानका एक सशक्त सन्तकवि हुन् । नेपाली कविताको विकास प्रक्रियामा निर्गुण भक्तिधारा छुट्टै विशेषता रहेको छ । यो धाराको आरम्भ जोसमनी सन्तका रचनाबाट भएको हो । यो धाराका कविहरुले सामाजिक अन्धविश्वासको चर्को विरोध गरेको पाइन्छ । हिन्दू वर्णाश्रम व्यवस्थाप्रति तीक्ष्ण प्रहारमा यस धाराका कविहरुको कलम चलेको पाइन्छ । सन्त कविहरुको मुख्य उद्देश्य जातिगत विभेद, अत्याचार, दुराचारको विरोध र मानवतावादको समर्थन गरी मुक्तिको चाहना राख्नु हो । निर्गुण भक्तिधाराका कविहरुले अदृश्यमाथि विश्वास गर्दै 'ब्रह्म' वा मनलाई ईश्वरको रुप मानेका छन् । यस धाराका केन्द्रीय प्रतिभा कवि ज्ञानदिलदास हुन् । उनी नेपालको फिक्कल नामक ठाउँबाट भारतको दार्जिलिङमा आइबसेका थिए ।

नेपाली प्राथमिककालीन भक्तधाराका निर्गुण भक्तिधाराकालीन कवि ज्ञानदिल दासले निर्गुण, निराकार ब्रह्मको साकार रूपलाई आफ्नो कृतिहरूमा व्याख्या गरेर आध्यात्मिकता र ईश्वरभक्ति झल्काएका छन् । उनी जोसमनी सन्त परम्पराका मूख्य , आध्यात्मिक व्यक्ति थिए । यिनले भानुभक्त आचार्य भन्दा

अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए । यिनले नेपाली भाषामा व्यंग्य पनि लेखेका थिए । मूलत : संसारलाई झूटो मान्ने, संसारिक राग, द्वेष, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो । जब कवि ज्ञानदिल दास पाँचथर नांगीनस्थित जरिङ्गे गाउँमा जोसमनी सन्त गुरु श्यामदिल दासको आश्राममा पुगेर गुरुबाट दिक्षित भए तब उनको नाम ज्ञानदिलदास हुन पुगेको विद्वानहरूको भनाइ छ । यसर्थ कवि दासलाई यो नाम गुरु श्यामदिलदासले दिएका थिए । गुरु श्यामदिलदास जोसमनी सन्त साहित्यका प्रकाण्ड विद्धान थिए ।

ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण - महाभारत आदि जस्ता धर्म - अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन - अनुशिलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । बेद लगायत पौराणिक ग्रन्थहरूको गहन अध्ययन गरेका कवि दासले दार्जीलिङका पादरी ए टर्नबुललाई शास्त्रार्थमा पराजित गरेर बाइबल जलाएका थिए । आफ्नो जीवनकालमा नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जङ्गबहादुर राणाले ज्ञानदिल दासलाई पक्राऊ गरेर 6 महिना जेलमा राखेका थिए । पछि आरोपमुक्त भएपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटानसम्म पुगेका थिए। कवि ज्ञानदिल दासको रचनाहरूमा उदय लहरी (सन् 1877) सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ । यसका अतिरिक्त उनको झ्याउरे भजन (सन् 1878), टुङ्ना भजन (सन् 1879), निर्गुण भजन, राम भजन, रागवाणी आदि कृतिहरू पनि प्रकाशित छन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिल दासलाई भेट्छौं ।

## ८.९ सार

यस प्रखण्डमा **ज्ञानदिल दासको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

● सन्त कविहरूमध्ये ज्ञानदिल दासले जनसाधारणलाई सचेत तुल्याउन आध्यात्मिक जागरणको अभियानमा साहित्यलाई प्रमुख माध्यम बनाए ।

● कवि ज्ञानदिल दासको रचनाहरूमा **उदय लहरी** (सन् 1877) सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ । यसका अतिरिक्त उनको **झ्याउरे भजन** (सन् 1878), **टुङ्ना भजन** (सन् 1879), **निर्गुण भजन, राम भजन, रागवाणी** आदि कृतिहरू पनि प्रकाशित छन् ।

● उत्तर भारतमा सन्त कबीरदासले जसले समाजमा व्याप्त रुढ़िवाद, जातिगत सङ्कीर्णता, छुवाछुत र धार्मिक आडम्बरको खण्डन गरेर स्वस्थ्य समाजको निर्माणमा वाणीद्वारा सहयोग गरेका थिए , ठीक त्यस्तै सहयोग गरे जोसमनी सन्तहरूले ।

● ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण - महाभारत आदि जस्ता धर्म - अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन - अनुशिलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् ।

● उदयलहरी काव्यकृतिमा ज्ञानदिलदासले अध्यात्मदर्शनलाई अत्यन्त सरल भाषामा बुझाउने प्रयत्न गरेका छन् ।

● उदयलहरीमा ज्ञानदिलले सत्तवगुणको आर्जन गर्ने र ब्रह्माज्ञान गर्ने आह्वान गरेका छन् । यस गुणको सृष्टिको निमित्त यसका विरोधी दुई गुण र रजस र तमसको निराकरण गर्ने पद्धतिको शिक्षा दिएका छन् ।

● उदयलहरीको भाषा सरल हुनुको साथै आलङ्करिक पनि छ । प्रतीकको प्रयोगले उदयलहरी उत्कृष्ट बनेको देखिन्छ ।

● ज्ञानदिलदास प्राथमिककालका एक प्रमुख कवि मानिन्छन् । उदयलहरी उनको प्रतिनिधि रचना हो ।

## 8.10 अनुशीलनी

(क) भारतीय नेपाली सन्त कवि परम्परामा ज्ञानदिलदासको परिचय स्थान निर्धारण गर्नुहोस् ।

(ख) भाव र भाषाशैलीका दृष्टिले ज्ञानदिल दासको कृतिहरूको विवेचना गर्नुहोस् ।

(ग) ज्ञानदिलदासको काव्य प्रवृत्तिमा पाइने सामाजिक मूल्यको आधारमा विवेचना गर्नुहोस् ।

(घ) ज्ञानदिलदासको सन्त काव्य परम्परामा योगदानको चर्चा गर्दै टुङ्गना भजनको व्यञ्जना वृत्तिको मूल्य निर्धारण गर्नुहोस् ।

(ङ) कवि ज्ञानदिल दासका कृतिहरूमा निहित सार्वजनीनताबारे चर्चा गर्नुहोस् ।

(च) सांस्कृतिको मूल्यको आधारमा ज्ञानदिल दासको कृतिहरूको मूल्याङ्कन गर्नुहोस् ।

## 8.11 अतिरिक्त अध्ययन

घनश्याम नेपाल **नेपाली साहित्यको परिचयात्मक इतिहास**

दयाराम श्रेष्ठ र मोहनराज शर्मा **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**

बलराज आचार्य **नेपालमा समाज र संस्कृति**

कुमार प्रधान **पहिलो पहर**

कुमार प्रधान **द गोर्खा कंक्वेस्ट**

जनकलाल शर्मा – **जोसमनी सन्तपरम्परा र साहित्य**

डा. केशवप्रसाद उपाध्याय – **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति**

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – **नेपाली कविताको प्रवृत्ति**

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – **साझा समालोचना**

भानुभक्त ग्रन्थावली – **पारसमणि प्रधान**

यस अतिरिक्त **ज्ञानदिल दासको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता** - बारेमा अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 8.12 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्** –

Notes

1. कवि ज्ञानदिल दासको सामन्य परिचय ।

.............................................................................................
.............................................................................................
.............................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. ज्ञानदिल दासको कृतिहरू ।

.............................................................................................
.............................................................................................
.............................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. ज्ञानदिल दासको कृतिमा निहित सामाजिक मूल्य ।

.............................................................................................
.............................................................................................
.............................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. ज्ञानदिल दासको कृतिमा निहित सांस्कृतिक मूल्य ।

.............................................................................................
.............................................................................................
.............................................................................................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.5 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. ज्ञानदिल दासको कृतिमा निहित मानवीय मूल्य ।

.............................................................................................
.............................................................................................
.............................................................................................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.6 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

6. ज्ञानदिल दासको कृतिमा निहित सार्वजनीनता ।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

**( प्रश्न 6 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 8.7 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 9, ज्ञानदिल दासको विशेष साहित्यिक योगदान ।

**संरचना**

9.0 उद्देश्य

9.1 परिचय

9.2 ज्ञानदिल दासको साहित्यिक यात्रा

9.2.1 कविको रूपमा

9.2.2 भजनकारको रूपमा

9.2.3 अन्यान्य क्षेत्रमा ज्ञानदिल दास

9.3 उपसंहार

9.4 सार

9.5 अनुशीलनी

9.6 अतिरिक्त अध्ययन

9.7 मूल्यबृद्धिको निम्ति उत्तर

## 9.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- ज्ञानदिल दासको साहित्यिक यात्रा
- ज्ञानदिल दासको साहित्यिक योगदान
- कविको रूपमा ज्ञानदिल दास
- भजनकारको रूपमा ज्ञानदिल दास
- अन्यान्य क्षेत्रमा ज्ञानदिल दास

## 9.1 परिचय

नेपाली कविता साहित्यको इतिहासमा कवि ज्ञानदिल दास र जोसमनी सन्त परम्पराको आफ्नै स्थान र महत्त्व रहेको छ । नेपाली साहित्येतिहासकारहरूले नेपाली कविता साहित्यको प्राथमिक काललाई वीरकाव्य काल र भक्तिकाव्य कालमा विभाजन गरेको पाइन्छ । भक्तिकाव्यलाई पनि सगुण र निर्गुण भक्तिकाव्यको रूपमा विभाजन गरिएको छ । सगुण भक्ति काव्यअन्तर्गत रामभक्ति र कृष्णभक्ति अनि निर्गुण भक्ति काव्य अन्तर्गत जोसमनी सन्त परम्पराअन्तर्गतका सन्त साहित्यलाई राखिएको छ । कवि ज्ञानदिल दास यही जोसमनी सन्त परम्पराका महत्त्वपूर्ण सन्त थिए र उनको साहित्य सिर्जनाले नेपाली साहित्यमा विशिष्ट स्थान लिएको पाइन्छ ।

## 9.2 ज्ञानदिल दासको साहित्यिक यात्रा –

कवि ज्ञानदिलले नेपाली समादमा जोसमनी मतको प्रचार-प्रसार तथा यस सम्प्रदायको विकास गर्ने सिलशिलामा तत्कालिन नेपाली समाजमा देखा परेका सामाजिक विसङ्गति र विकृति, जातिगत छुवाछुतको भाव र विचारमा सङ्कीर्णता तथा धार्मिक आडम्बरप्रति विद्रोह समेत गरेका थिए । सिक्किम र दार्जिलिङका विभिन्न स्थानहरूमा जोसमनी मत प्रसारको क्रममा धेरैवटा सन्त मठ वा धामहरूको स्थापना गरेका थिए । दृष्टान्तको रूपमा गेलिङधाम, रमीधाम, रङबुलधाम आदि मठ वा धामहरूको सगर्व नामोल्लेख गर्न सकिन्छ । नेपालमा लखन थापा र अरू कतिपयले निरङ्कुश र अत्याचारी राणा शासनका अभनेता जङ्गबहादुर राणाको विरुद्धमा गुप्त सङ्गठनहरू खोली जनचेतना फैलाउने प्रयास गरिरहेको समय कवि ज्ञानदिल भने आफ्ना जोसमनी सन्तहरूलाई एकजुट बनाइ धार्मिक-आध्यात्मिक चेतना अर्थात् सन्तमतको प्रचार-प्रसारको अभियानलाई तिब्ररूपमा अघि बढाइरहेका थिए । विरोधी राजनैतिक सङ्गठन र राजनैतिक गतिविधि सम्झेर जङ्गबहादुर राणाले उनलाई पनि पक्रेर 6 महिनासम्म जेलखानामा थुनेर राख्यो । तर उनको अभियान राजनैतिक सत्ता कब्जा गर्नु नभएर जनमानसमा सन्तमत फैलाउनु मात्र रहेको बुझेपछि धर्म प्रचारकै निम्ति उनलाई दार्जिलिङ र सिक्किम प्रवेश गराउने काम भएको जानकारी पाइन्छ । सन्त ज्ञानदिल दासले आफ्ना रचनाहरू र मत प्रचारको क्रममा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका छन् । सन्तमत प्रचारकै माध्यमबाट उनी नेपाली समाज सुधारको महत् अभियानमा लागेका थिए । उनी

तार्किक स्वभावका थिए र उनमा शास्त्रको राम्रो ज्ञान समेत थियो । यसैले एकपल्ट पाद्ररी टर्नबुलसँग धर्म विषयमा निकै गम्भीर तर्क भएको र जो यस तर्कमा पराजित हुन्छ उसको धर्मग्रन्थ जलाइने सर्त राखिएको अनि त्यस तर्कमा पाद्ररी टर्नबुल पराजित भएको उनको बाइबल जलाइएको अनि त्यस दिन जलाइएको बाइबलको खरानीबाट कण्ठी बनाइ आफ्ना सन्तचेलाहरूलाई लगाइदिएका थिए भन्ने घटना निकै लोभलाग्दो र रोचक पनि छ । अर्को घटना अझ यस्तो छ सिक्किममा ब्राह्माणले ब्राह्मणेत्तर साधुहरूको गोड़ा ढोगेमा त्यस ब्राह्माणलाई जातबाटै काड्ने, जातत्यूत गर्ने शासकीय धम्की दिँदा ज्ञानदिल दासले सिङ्गला बजारमा मध्येदिनमा हातमा बिशाल राँको लिएर जात खोज्दै हिँडेका घटनाहरू पनि साह्रै पुरानो भएको छैन । यसप्रकार आफ्नो प्रभावशाली व्यक्तित्व र अनुकरणीय कार्यले तत्कालिन शासक, जाति र समाजका सबै वर्गलाई प्रभाव पार्न सफल भएका हुनाले उनी चाँडै लोकप्रिय पनि भए । अतः जोसमनी सम्प्रदायलाई प्रभावशाली र प्रभावकारी ढ़ङ्गमा विस्तार गर्ने कार्य ज्ञानदिल दासबाटै भएको तथ्य कसैबाट लुक्ने कुरा होइन । भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् । कवि भानुभक्तका झैं सरस, सहज र चोखो नेपाली भाषामा रचिएका उनका काव्य रचनाहरूले सर्वसाधारणको मनमा छाप बसाउन सक्यो । भानुभक्तका रचनाहरू झैं उनका काव्यरचनाहरू पनि नेपाली समाजका कुना-काप्चा, भीर-पहारा, लेक-बेँसी सबैतिर फूल्न-खेल्न-रमाउन सक्यो। यी दुवै कवि प्रतिभाहरू एकै युग र समान सामाजिक स्थितिमा जन्मे-हुर्केका र सनातनी हिन्दु दार्शनिक चेतनाका श्रेष्ठ उत्पादन थिए । तर यतिका समान प्रवृत्तिहरू हुँदाहुँदै पनि दुवै कवि-साधकहरूका मानसिक विकास भिन्न-भिन्न सामाजिक संरचनाको फलस्वरूप भिन्न-भिन्न धार्मिक विश्वास ग्रहण गरेकाले एकार्काका विरोधी जस्तो देखिने मतवादका प्रभावशाली पुरोहित भएर समाजमा प्रतिष्ठित बने । भानुभक्तले संस्कृतको शास्त्रीय छन्दलाई आत्मसात् गरी काव्य रचना गरे भने ज्ञानदिल दासले नेपाली लोकछन्दलाई आफ्ना काव्यरचनामा प्रयोग गरेका थिए । समाजमुखी साहित्यसिर्जनाका परिप्रेक्ष्यमा हेर्दा सन्तकवि ज्ञानदिल दासलाई कवि भानुभक्तभन्दा धेरै फराकिला र उदात्त प्रकृतिको रहेको भेटिन्छ । भारतीय नेपाली कविताको विकासका सन्दर्भमा भानुभक्तीय रामायणको विशेष अवदानलाई महत्त्वपूर्ण मानिन्छ । सामाजिक-सांस्कृतिक र साहित्यिक-आध्यात्मिक मूल्यका दृष्टिले पनि भारतीय नेपाली समाजमा भानुभक्तीय रामायण

सर्वाधिक चर्चित र प्रसिद्ध रह्यो । तथापि व्यक्तित्वको प्रभावको दृष्टिकोणबाट हेर्दा भने भानुभक्तभन्दा सन्तकवि ज्ञानदिलदास नै अधिक महत्त्वपूर्ण र प्रभावशाली कविको रूपमा देखापर्छन् ।

कवि ज्ञानदिल दास प्राथमिक कालीन नेपाली कविता साहित्यका एक प्रतिभाशाली कवि हुन् । उनको जीवन सङ्घर्षमय छ । उनले अनेकौं यातना र विरोधको सामना गर्नु परे पनि प्रत्येकपल्ट उनी विजय बनेको इतिहास पाइन्छ । जङ्गबहादुर राणाले उनलाई कैद गरे तर पछि ससम्मान छोडे । उनको प्रभावमा आएर रणोदिप सिंहलगायत धैरै तत्कालीन भारदार, सैनिक र कर्मचारी जोसमनी मतमा दीक्षा लिन अघि आए । एकपल्ट चतरा मठमा एकतृत भएका कविरपंक्तिहरूले जोसमनीहरूलाई मांसहारी भनेर निन्दा गर्दा ज्ञानदिल दासले ''साधु कबीर अगम मै तो हुँ, मांस भिषारीयाँ'' भन्ने भजन देखेर मासुको आध्यात्मिक रहस्यवादी अर्थ खोलेर कबीरहरूलाई निरुत्तर तुल्याएका थिए । भनिन्छ, जोसमनी सन्त अषडदिल दासले मत प्रचारलाई धन कमाउने साधन बनाएका थिए, जसलाई ज्ञानदिल दासले निन्दा रे । पूर्व नेपालको इलाममा धर्म प्रचार गर्दा यिनले ब्राह्मणहरूको आलोचनाको समना गर्नुपऱ्यो । उनी जेलमा पनि परे र दुइ महीनापछि छुटे । दार्जीलिङमा उनलाई इशाईहरूले धपाउने अनेकौं चेष्टा गरे तर उनी विचलित भएनन् उल्टो पादरी टर्नबुललाई शास्त्रार्थमा निम्तो दिएर विजय भए अनि बाइबल नै जलाइदिए । पश्चिम सिक्किमको गेलिङमा जेरूङ देवानले उनी बसेको धाम ध्वस्त पारे । देवानलगायत बाहुनहरूले उनलाई गाउँबाट निस्कासित गर्ने, जातिबाट च्यूत गर्ने धम्की समेत दिए । ज्ञानदिल दास अलिकति पनि विचलित भएनन् बरू उल्टो अज्ञानी बाहुनहरूलगायत आम मानिसलाई शिक्षा दिन अनौठो विधिको प्रयोग गरे । सन्त ज्ञानदिलले दिउँसै हातमा विशाल राँको लिएर शिङ्ला बजारमा जात खोज्दै घुमे । यी सबै कार्यले सन्त ज्ञानदिलको व्यक्तित्वको अद्भूत रूपलाई प्रतिबिम्बित गर्दछ । उनको पाण्डित्य, निर्भिकता, आत्मविश्वास, सैद्धान्तिक दृढता, धैर्यता र जनजागरण फैलाउने अमोघ प्रयत्न अविष्मरणीय छ जसले एउटा गौरवपूर्ण इतिहास बोकेको हामी पाउँछौ । जोसमनी सन्त परम्पराको प्रचार-प्रसार गर्दै विभिन्न ठाउँ पुगेर लोकप्रियता प्राप्त गर्ने सन्त कवि ज्ञानदिल दासले जीवनको पूर्वाद्ध नेपालमा र उत्तरार्द्ध दार्जीलिङ र सिक्किममा बिताएका थिए । पश्चिम सिक्किमको गेलिङ जहाँ सन्त कवि ज्ञानदिल दास बसेर धर्म प्रचार गरेका थिए आज तीर्थ बनेको छ र गेलिङधामले प्रसिद्ध छ । ज्ञानदिल दास जोसमनी धार्मिक-आध्यात्मिक जागरण र अभियानका

एक सशक्त सन्तकवि हुन् । उनी तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण-महाभारत आदि जस्ता धर्म-अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन-अनुशीलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिलदासलाई भेट्छौं । हालसम्म प्राप्त यिनका अध्यात्मचेतनामूलक साहित्यिक कृतिहरूमा उदयलहरी र भजन सङ्ग्रह मुख्य छन्, जसमा 60 वटा भजन छन् । भजन सङ्ग्रहमा झ्याउरे लयमा र तामाङ सेलोको लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन् यसलाई झ्याउरे र टुङ्गना भजन भन्ने गरिएको छ । उदयलहरी-ले यिनको साहित्यिक व्यक्तित्वको प्रतिनिधित्व गर्न सफल बनेको छ । यो कृति 109 श्लोिकमा संरचित रहेको छ । अन्य कृति र अन्य सन्त कविहरूको तुलनामा यिनको भाषाशैली रसिलो र सजिलो पनि छ । उनको मृत्यु सन् 1883 मा पश्चिम सिक्किमको गेलिङमा भएको जानकारी पाइन्छ ।

## 9.2.1 कविको रूपमा –

नेपाली कविताको प्राथमिक काल दुईवटा धारामा बगेको पाइन्छ । ती हुन् – वीरधारा र भक्तिधारा । भक्तिघारा अझ तीनवटा उप – धारामा वगेका छन् – रामभक्ति धारा, कृष्णभक्ति धारा र निर्गुण भक्तिधारा । यही निर्गुण भक्तिधाराका केन्द्रीय कवि हुन् – **ज्ञानदिल दास** । उनी नेपाली कविताको प्राथमिक कालको उत्तरार्‌द्ध वा दोस्रो चरणतिर देखापरेका जोसमनी सम्प्रदायका सन्त पनि हुन् । सन्त परम्पराका उल्लेख योग्य कविको रूपमा शशिधर, अगमदिलदास, अखडदिलदास र गोविन्ददास प्रभृति सन्तहरूको नाम सगर्व लिइन्छ । यिनीहरूकै हाराहारीमा जोसमनी सन्त सम्प्रदायमा उनको नाउँ अत्यन्तै श्रद्धा र भक्तिका साथ लिएको पाइन्छ ।

ज्ञानदिलदासका कृतिहरू सरल र ठेट नेपाली भाषामा सामाजिक-धार्मिक अन्धविश्वास , कुरीति र विसङ्गतिप्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति व्याङ्गात्मक र आलोचनात्मक स्वर-शैलीमा रचिएका छन् । यिनका काव्य रचनाहरू नितान्त मौलिक, सुबोध एवम् अभिव्यञ्जनापूर्ण शैलीमा प्रभावकारी ढङ्गा लेखिएका छन् । यसैले उनलाई सन्त काव्यधाराको

एकजना अत्यन्त प्रतिभाशाली र प्रभावशाली तथा चेतनाशील प्रतिनिधि कविको रूपमा प्रतिष्ठित रहेका छन्। शशिधर र अगमदिलदासले विशेषतः हिन्दी मिश्रित सधुक्कडीमा केही पद्य र भजनहरू सिर्जना गरेको पाइन्छ । शशिधरको तुलनामा अगमदिलदासको रचनामा नेपाली भाषाका धेरै शब्दहरू भएको पाइन्छन् सङ्लो नेपाली भाषामा रचना गर्ने सन्त कविहरूमा अखडदिलदास नै पहिलो हुन् । यिनले लेखेको रचनाहरूमध्ये एउटा चार पंक्तिको पद्य प्राप्त भएको छ, यसमा काव्यात्मकता पर्याप्त रहेको पाइन्छ ।

सन्तकविहरूमा सबैभन्दा जेठो कविको रूपमा चिनिएका शशिधरले विशेष गरी गद्यद्वारा अनि ज्ञानदिलदासले पद्यद्वारा नेपाली सन्तसाहित्यको सम्बर्द्धन र विकासमा महत्त्वपूर्ण काम गरेका छन् । भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् । कवि भानुभक्तका झैं सरस, सहज र चोखो नेपाली भाषामा रचिएका उनका काव्य रचनाहरूले सर्वसाधारणको मनमा छाप बसाउन सक्यो। भानुभक्तका रचनाहरू झैं उनका काव्यरचनाहरू पनि नेपाली समाजका कुना-काप्चा, भीर-पहारा, लेक-बेँसी सबैतिर फूल्न-खेल्न-रमाउन सक्यो। यी दुवै कवि प्रतिभाहरू एकै युग र समान सामाजिक स्थितिमा जन्मे-हुर्केका र सनातनी हिन्दु दार्शनिक चेतनाका श्रेष्ठ उत्पादन थिए । भानुभक्तीय काव्यको पृष्टभूमि ज्ञानदिल दासको भन्दा विस्तार र फराकिलो रहेको छ तथापि काव्यगत मौलिकता र युगचेतनाका दृष्टिले भने दुवै कविमा उत्तिकै प्रखर चेतना र सम्भावना गहेको देखिन्छ । काव्यलेखनमा आलोचनात्मक दृष्टि र युग चेतनाका सन्दर्भमा भन्ने हो भने भानुभक्तका तुलनामा ज्ञानदिलदास निकै विद्रोही, प्रगतिशील , यथार्थवादी र आधुनिक चिन्तकका रूपमा देखा पर्छन् । यस प्रकार भारतीय नेपाली कविता लेखनको मिरमिरे कालमा सन्त कविको रूपमा ज्ञानदिलदासले भानुभक्तको शास्त्रीय आदर्शवादको सापेक्ष आफ्नै युगको नवआदर्श तथा नवीन काव्यिक-मानदण्डको स्थापना गर्ने दिशातर्फ निकै सफल समेत बनेका छन् । भानुभक्तीय प्रसिद्धिको आरोह-अवरोहकै क्रममा ज्ञानदिलदास र उनको काव्यिक योगदानको पनि महत्व बढ्दै गएको देखिन्छ । जोसमनी मत प्रचार-प्रसार गर्ने क्रममा यिनी दार्जिलिङ र सिक्किमका कुना-काप्चा, कमान-बस्ती, हाट-बजार क्षेत्रतिर घुम्दा-डुल्दा नेपाली समाजको विभिन्न अवस्थाबारे राम्रो अध्ययन गरेकाले आफ्ना अधिकांश काव्यरचनाहरूमा पनि त्यसै अनुरूप सामाजिक संङ्गति-विसङ्गति, ढोङ र सङ्कीर्ण मनोवृतिमाथि कोमल-कठोर शब्दहरूमा विरोधभाव जनाएइको

भेटिन्छ । समाजमा धर्मका ठेकेदार र हिंसात्मक वृति अप्नाएका विषयवासनामा रातदिन डुबेका तथाकथित पाखण्डी पुरोहित बाहुनबाजेहरूलाई ढ़ाड खुस्किञ्जेल व्यङ्ग्य प्रहार गरेका छन् । कवि ज्ञानदिल दासका काव्यात्मक शैलीमा रचिएका उदयलहरी, झ्याउरे भजन र टुङ्ना भजन रचनाहरूमा त्यस समयको सामाजिक-सांस्कृतिक, राजनैतिक-प्रशासनिक, आर्थिक-वैचारिक, धार्मिक-आध्यात्मिक जस्ता विविध पक्षहरूलाई अङ्कन गरिएको पाइन्छ ।

उदय लहरीको मुख्य उद्देश्य ज्ञान, भक्ति र वैराग्यको प्रतिपादन गर्दै ब्रह्मानन्द प्राप्तिको उपाय बताउनु हो । यसमा कविले रजोगुण र तमोगुणमा विजय गरी सत्त्वगुणको उद्घाटन गर्नुपर्ने मत व्यक्त गरेका छन्-

"सत रज तमको महाँ जुद्धे भयो

सतको अर्जि ली तम गुण गयो

निसापी विचारी निसाप् हेरिदेऊ

सतगुणी निर्धाको सरन् अब लेऊ ।"

ज्ञानदिल दास जातमा होइन तर कर्ममा गहिरो विश्वानस राख्थे । सानो जात-ठूलो जात भनेर कहिल्यै छुवाछुतको भेदभाव राख्दैनथे । समानताको भावले आफू समाजमा निकै लोकप्रिय भएको सन्तोष भाव कवितामा यसप्रकार अभिव्यक्त गरेका छन् –

1.यो रूम्जाटारको कोदाको पीठो-
निर्गुणको दाउन ।
धर्म र कर्म गुरुङले गर्यो -
छक् पर्यो बाहून ।

कवि ज्ञानदिल दास नेपाली कविता साहित्यका आध्यात्मिक, व्यङ्ग्य तथा बिद्रोही व्यक्ति थिए । उनले भानुभक्त आचार्य भन्दा अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए । कवि दासलाई सन्त काव्य परम्परा तथा नेपाली साहित्यका प्राथमिक कालका एक प्रखर व्यंग्य लेखेका मानिने हुनाले प्रस्तुत

टुङ्ना भजन कृतिमा पनि कता – कता व्यङ्ग्यको फुवार उठेको पाइन्छ । तथापि प्रस्तुत भजनको मुल उद्देश्य अध्यात्म चेतनालाई प्रस्तुत गर्नु नै हो ।

कवि ज्ञानदिल दास सानैदेखि तीक्ष्ण बुद्धि भएका व्यक्ति थिए । यस्तो दिमाग भएको हुनाले उनले सानैदेखि वेद, पुराण, रामायण, महाभारत आदि जस्ता धार्मिक तथा अध्यात्म चेतनामूलक शास्त्रहरूको गहन – अनुशिलन पनि गरेका मानिन्छ । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिल दासलाई भेट्छौं ।

कवि ज्ञानदिल दासको रचनाहरूमा सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण पाइन्छ । जोसमनी सन्त पर्मपराका अन्य सन्त कवि शशिधर, अखण्ड दिलदाल, आगमदिल दाल आदि सन्द कविहरूका कृतिको तुलनामा कवि ज्ञानदिल कृतिगत भाषा - शैली रसिलो र सजिलो पनि  छ । ज्ञानदिल दासका कृतिहरू सरल र ठेट नेपाली भाषामा सामाजिक, धार्मिक, अन्धविश्वास, कुरीति, ब्राह्मणबाद र विसङ्गति आदि प्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति व्याङ्गात्मक र आलोचनात्मक स्वर शैलीमा रचिएका छन् ।

मुख्य गरेर कवि दासले आफ्ना कृतिहरूमा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका  पाउँछौँ । कवि ज्ञानदिल दासको समयमा समाजमा व्याप्त जातपात, छुवाछुत र पशु बली प्रथा विधामन थियो । यस्ता कुराहरूलाई आफ्नो कविताको माध्यम खुलेर विरोध गर्दै ती रचनाद्वारा समाजमा पररिवर्तन गर्न चाहेको कवि ज्ञानदिल दालको **उदय लहरी** काव्यमा प्रतीत हुन्छ । उदाहरणको निम्ति निम्न पङ्क्तिलाई लिन सकिन्छ ।

"ब्राह्मण हुँ भन्या ब्रह्म न चिनन्या ।
वैलि बाख्री कता छन् बसि षोजि किन्या ।।
छेदन्ने धागड़को पकाइहालुँ रक्ती ।
तेस्तै कन भन्नू यमराजको भक्ति ।।"

**उदय लहरी**को मुख्य उद्देश्य ज्ञान, भक्ति र वैराग्यको प्रतिपादन गर्दै ब्रह्मानन्द प्राप्तिको उपाय बताउनु हो । यसमा कविले रजोगुण र तमोगुणमा विजय गरी सतवगुणको उद्घाटन गर्नुपर्ने मत व्यक्त गरेका छन् ।

"सत रज तमको महाँ युद्ध भयो
सतको अर्जिली तम गण गयो
निसाफी विचारी निसाफ हेरिदेऊ
सतगुणी निर्धाको सरण अब लेऊ ।"

कवि ज्ञानदिल दासको काव्य रचनाहरूमा नितान्त मौलिक, सुबोध तथा अभिव्यञ्जनापूर्ण भाषा र शैलीको प्रभावकारी प्रयोग पनि पाइन्छन् । मूलतः भारतीय नेपाली कविता लेखनको मिरमिरे कालमा सन्त कविको रूपमा ज्ञानदिलदासले भानुभक्तको शास्त्रीय आदर्शवादको सापेक्ष आफ्नै युगको नवआदर्श तथा नवीन काव्यिक मानदण्डको स्थापना गर्ने दिशातर्फ निकै सफलता हासिल गरेका जान्न पाइन्छ ।

### 9.2.2 भजनकारको रूपमा –

समालोचक दिवाकार प्रधानले भानुभक्तलाई सनातन धर्मका अन्धानुयायी र कर्मकाण्डवादी काव्यकार अनि ज्ञानदिल दासलाई सनातनधर्मका आलोचक, कर्मकाण्डवादका विरोधी र धर्मसुधारकवादी काव्यकार भनी बताएका पाइन्छ । ज्ञानदिलमा एउटा समाजसुधारकमा हुनुपर्ने सत्यनिष्ठा, धैर्य सङ्घर्षशीलता, लगन, उत्साह, बौद्धिकता र पाण्डित्य थियो भने कुशल कविमा हुनुपर्ने रसमयता, सरलता र ध्वन्यात्मकता पनि थियो । जोसमनी मत प्रचार यिनी क्रममा गर्ने प्रसार-काप्चा-कुना सिक्किमका र दार्जिलिङ, कमानबस्ती-, हाट-घुम्दा क्षेत्रतिर बजार-राम अवस्थाबारे विभिन्न समाजको नेपाली डुल्दा्रो अध्ययन गरेकाले आफ्ना अधिकांश काव्यरचनाहरूमा पनि त्यसै अनुरूप सामाजिक संङ्गतिविसङ्गति-, ढोङ र सङ्कीर्ण मनोवृतिमाथि कोमल विरोधभाव जनाएको भेटिन्छ ।

धर्म प्रचारको क्रममा उनले सन् 1878-79 तिर गेलिङ धाममा झ्याउरे भजन र टुङ्ना भजनको रचना गरेको मानिन्छ । डा. पुष्प शर्मा लेख्छिन्- 'झ्याउरे भजन र टुङ्ना भजन चाहिँ आजपर्यन्त पनि गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिरका मानिसहरू मुख-मुखै गाउने गर्छन् । उनले सिक्किममा रहँदा-बस्दा (सन् 1877-1883) सामाजिक सुधार संस्कारको भावना र धर्म प्रचारकै उद्देश्यले भए पनि केही गीत भजनहरू रचना गरेका थिए भन्ने अनुमान गर्नसकिन्छ र यसबाट सिक्किमेली समाज केही मात्रामा प्रभावित प्रेरित भएको

थियो भन्ने अनुमान गर्नसकिन्छ । यसैले ज्ञानदिलदासका रचना-कृतिहरूलाई पनि सिक्किमेली नेपाली कविताको बीज वा पृष्ठभूमिका रूपमा लिनुपर्ने स्थिति रहेको पाइन्छ । '' कविका यी दुइ भजनमा उनी समस्त कवित्त्व गुणले सम्पन्न रहस्यवादी कविको रूपमा उपस्थित भएका छन् । डा. केशव प्रसाद उपाध्याय अनुसार नेपाली लोक छन्द झ्याउरेलाई कवित्त्व मर्यादा दिने प्रथम कविनै ज्ञानदिलदास हुन् । डा. उपाध्याय लेख्छन्, 'यी दुवैमा पद् लालित्य, भाव माधुर्य, रस घनत्व र कल्पनाको सुन्दर संयोजन हेर्न र अनुभव गर्नसकिन्छ । झ्याउरे भजन 24 पद्यमा झ्याउरे लयमा लेखिएको छ-

"धुनीको छेउ छाउ टक्रयाक टुक्रुक

जोगी ज्यान बसेको

निधारै भरी फुस्रै र धुस्रै

खरानी घसेको ।"

यसरी नै टुङ्ना भजन पनि नेपाली लोकलयमा लेखिएको छ । यसमा 18 हरफ छन् । यसमा गीतात्मक लालित्य पाइन्छ भने यो रहस्यवादी छ । यसमा गाउँले बोलीको आत्मीयता पाइन्छ तर भाव भने गहिरो पाइन्छ-

"वंसी बज्यो तिरिरि, अनहद्‌को छन् छन्

कमल् फुल्यो रन्वन् भमराको भन् भन्

राम जी! जोगी घुम्यो फन् फन् नि ।"

कवि ज्ञानदिल दासले लगभग 60 वटा भजनहरू रचना गरेको मानिन्छ । कतिपय प्राप्य छन् र कति अप्राप्य पनि । यसमा अध्ययन् र अनुसन्धान भइरहेका छन् । ज्ञानदिलदास हिंसाका विरोधी र अहिंसाका पुजारी थिए । हिंसा गरी मांस भरण गर्ने मानिसहरूलाई अधर्मी होइन तर अज्ञानी ठान्थे । आजको मानव समाजमा छुवाछुत जस्तो घृणित प्रथा हटाउनु पर्छ । मानवमा जातको होइन तर कर्मको

मात्र मूल्य र महत्व हुन्छ भन्ने कुरामा विश्वास राख्थे । यस काव्यमा अर्न्तचेतना कसिलो संयोजन भएको पाइन्छ । काव्यमा माधुर्य गुण, रस परिपाकका दृष्टिले पनि अब्बल अनि लयात्मक र रसात्मक गुणले ओजपूर्ण भएको पाइन्छ । काव्यमा प्रयुक्त भाषा-शैली सरल,सरस र रसिलो हुनका साथसाथै आलङ्कारिक पनि भएको छ । भाषिक शिल्प-शैली एवम् काव्यगत विशेषताले उदयलहरीलाई जोसमनी सन्त साहित्यको सर्वश्रेष्ठ र प्रतिनिधि रचनाको रूपमा सगर्व प्रस्तुत गर्न सकिन्छ । साहित्येतिहासकार डा. कुमार प्रधानले उदयलहरीलाई नै भारतमा लेखिएको नेपाली काव्य-साहित्यको प्रथम कृति(रचना) स्वीकारेका छन् । ज्ञानदिलदासले ब्रह्मज्ञानलाई नै ज्ञानहरूमा सर्वोत्कृष्ट मान्दथे । ज्योतिषीहरूलाई पनि उनी कर्मकाण्डी ब्राह्मण पुरोहित झैं रूढ़ीवादी संस्कारको पृष्ठपोषक, आडम्बरी, धूर्त र फटाहा जति मात्र मान्दथे ।

उनको अर्को कृति झ्याउरे भजन झ्याउरे लयको आठ श्लोकमा संरचित छ । कविले यस कवितमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपि टिपोट गरेका छन् । यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे अवगत गराउँदै आध्यात्मिक प्रवृत्तिको विकास गरी पारलौकिक बन्न प्रेरणा दिने सन्त परम्पराको यो एउटा सफल दृष्टान्त हो । सन्त सम्प्रदायमा शक्तिलाई शून्यमा हेरिएको भेटिन्छ । त्यसैले जोगी-सन्यासी(फकिर)-हरू आफ्ना गुरुहरूबाट पाएको आध्यात्मिक ज्ञानको प्रचार-प्रसार गर्दै पूर्वी नेपालका विभिन्न स्थानहरूमा घुमेको-डुलेको तथा उनीहरूले गरेका विविन्न कार्यकलापबारे यस भजनमा संक्षेपमा प्रकाश पारिएको छ । प्रस्तुत भजनमा नौव बीसे भेडा भड्खला परेपछि नोगिनी भएको र गुरुले ज्ञान दिएको प्रसङ्ग उल्लेख छ । यसको साथै रुम्जाटारका बाहुनले धर्म र कर्म छोड्दै गएका अनि सन्त सम्प्रदायको प्रभावको फलस्वरूप गुरुङहरूले धर्म-कर्ममा ध्यान दिएको र बाहुनहरू छक्क परेको प्रसङ्ग उल्लेख गरिएको छ । अतः यिनै धार्मिक-आध्यात्मिक, आर्थिक, सामाजिक-सांस्कृतिक विषयवस्तुलाई यस भजनमा प्रस्तुत गरिएको छ । प्रस्तुत भजन 5,5,6 गरी लोक लयमा रचिएको छ । कविले यस भजनलाई रसिलो, आकर्षक र साङ्गीतिक बनाउन अन्तर अनुप्रास र अन्त्यानुप्रासको लोभलाग्दो तरिकाले समायोजन गरेका छन् । थेगोको रूपमा हिराको दर्बार सुन गरिपर्वरलाई पुनरावृत्ति गरी भावलाई क्रमिक रूपमा विकास गर्दै लगेका छन् भने चलनचल्तीका तत्सम तथा नेपाली ठेट (झर्रा) शब्दको प्रयोग

गरेर भजनलाई कर्ण प्रिय बनाएका छन् । नेपाली समाजमा भएको विसङ्गति र विकृतिको चित्रण गरेर सामाजिक र धार्मिक सुधार गर्नु नै प्रस्तुत भजनको मूल अभिष्ट रहेको देखिन्छ। यस भजनमा आध्यात्मिक वस्तुको शाश्वलतता अनि सांसारिक वस्तुको क्षणभङ्गुरता देखाउँदै मानव स्वभावमा सुधार ल्याउन धर्म-कर्म गरेर मनलाई पवित्र राख्ने लक्ष्य राखिएको छ ।

भजन सङ्ग्रहमा सङग्रहित जम्मा 60 वटा भजनहरू मध्ये टुङ्ना भजन पनि एउटा हो । मुख्य गरेर यस भजन सङ्ग्रहमा झ्याउरे लय र तामाङ सेलो लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन् । त्यसमध्ये प्रस्तुत टुङ्ना भजनलाई चाहिँ तामङ सेलो लयमा लेखिएको भजन मान्न सकिन्छ । कवि ज्ञानदिल दासको टुङ्ना भजनमा गाउँले बोलीको आत्मीयता पाइन्छ तर भाव भने गहिरो छ । भजन पाठकले पढ्दा सरल र सहज लागे तापनि यस भजनले बोकेको भाव भने अत्यन्तै गरिही प्रकारका छन् । उदाहरण –

धुनीको छेउ छाउ टक्रयाक टुक्रुक जोगी ज्यान बसेको ।
निधारै भरी फुस्रै र धुस्रै खारानी घसेको । 1
वंशी बज्यो तितिरी ,
अनहदको घनघन,
कमल् फुल्यो रनबन ,
भँभराको भनभन,
रामजी ! अति ठिक्क पार्यो नी ! ! (2)

कवि ज्ञानदिल दासको प्रस्तुत भजनमा बाह्य वस्तुको चित्रणमा भन्दा आफ्नै जीवनको आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति दिइएको पाइन्छ । यसर्थ यस टुङ्ना भजनलाई भावप्रधान भजन कृति मान्न सकिन्छ । कवि दासको टुङ्ना भजनमा आध्यात्मिक वस्तुको शाश्वलतता अनि सांसारिक वस्तुको क्षणभङ्गुरता देखाउँदै मानव स्वभावमा सुधार ल्याउन, धर्म – कर्म गरेर मानव मनलाई पवित्र राख्ने लक्ष्य पाइन्छ । एक त सन्त कविहरूले आफ्ना काव्य रचनाको समय शिल्प – सौन्दर्यतामा भन्दा बढी ध्यान भाव विधानमा दिने गर्छन् । यसैले कवि दासको पनि यस भजनमा शिल्प – सौन्दर्यतामा भन्दा भाव विधान अत्यन्तै गाम्भिर्य बन्न पुगेको छ । यस अतिरिक्त बाह्य वस्तुको चित्रण भन्दा मानव जीवनका आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति प्रस्तुत भजनमा पाइन्छ ।

कवि दासको झ्याउरे भजन र टुङ्ना भजन आजपर्यन्त पनि गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिरका मानिसहरू मुख - मुखै गाउने गर्छन् भन्ने प्रत्यक्षदर्शीहरूको भनाइ छ । उनले सिक्किममा रहँदा - बस्दा सामाजिक सुधार संस्कारको भावना र धर्म प्रचारकै उद्देश्यले भए पनि केही गीत, भजनहरू रचना गरेका थिए । यसबाट सिक्किमेली समाज केही मात्रामा प्रभावित प्रेरित भएको थियो भन्ने अनुमान गर्नसकिन्छ । यसैले ज्ञानदिल दासका काव्य, भजन तथा कृतिहरूलाई पनि सिक्किमेली नेपाली कविताको बीज वा पृष्ठभूमिका रूपमा लिनुपर्ने स्थिति रहेको पाइन्छ ।

सन्त सम्प्रदाय तथा जोसमनीहरू नादपन्थी हुन्छन् । उनीहरू नादको उच्चारण वा अभ्यासले कमलको वासको आनन्दप्राप्त गरेको ठान्छन् । तर कमलको वासनै ब्रह्मज्ञानमा परेपछि जोगीहरू मरणासन्न अवस्तामा पुग्ने गर्छन् । यो सबै ब्राह्मणबादले गर्दा भएको उनले टुङ्ना भजनमा ठानेका छन् । कवि दासले जोगीको अर्थ योगज्ञाताको रूपमा प्रष्टाउँदै, जसले योग बारे अनभिज्ञ हुन्छन् , विचार दार्शनिक भन्ने बन्दछ निरर्थक संसारमा यस दुवै जीवन र जन्म उनीहरूका । पाइन्छन् पोखेका अतः प्रस्तुत भजनको नेपाली समाजमा भएको विसङ्गति र विकृतिको चित्रण गरेर सामाजिक र धार्मिक सुधार गर्नु नै प्रस्तुत भजनको मूल अभिष्ट रहेको देखिन्छ । यसर्थ प्रस्तुत टुङ्ना भजन कृति लेख्नुको मख्य उद्देश्य नै आफ्नो प्रभावशाली र कुसाग्र बुद्धिका भरमा तत्कालीन जन – मानसमा आध्यत्मिक चेतना बढाउनु हो । प्रस्तुत टुङ्ना भजन तामङ सेलो लयको अठाह्र हरफ र तीन पदमा संरचित छ । कविले यस भजनमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपेर ब्राहमणवादको विरोध गरेका छन् । यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे अवगत गराउँदै आध्यात्मिक प्रवृत्तिको विकास गरी पारलौकिक बन्न प्रेरणा दिने सन्त परम्पराको यो एउटा सफल दृष्टान्त हो ।

### 9.2.3 अन्यान्य क्षेत्रमा ज्ञानदिल दास –

सन्त कवि ज्ञानदिल दास पूर्वी नेपालको इलाम जिल्लाको फिक्कल भन्ने ठाँउमा लामिछाने थर भएको उपाध्याय ब्राह्मण परिवारसित सम्बन्धित थिए र पनि यिनले सनातन हिन्दु धर्मभित्रका ब्राह्मणवादी सोंचहरूको विरूद्धमा एक अति नै शाहसिक कदम चालेर काव्यिक सिर्जनाको क्षेत्रबाट एउटा नौलो दिशा दिने प्रयास गरेका थिए । समाजमा व्याप्त छुवा छुत, धार्मिक कर्मकाण्डको विरूद्ध

उनले एउटा गहकिलो आवाज उठाएर समाजलाई सही दिशा निर्देश गरेका दृष्टान्तहरू पाइन्छन् । उनले गुरू श्यामदिलबाट जोसमनि मतको दीक्षा पाए । तीक्ष्ण बुद्धि भएका ज्ञानदिलले वेद धर्मशास्त्रहरूको गहन रूपले अध्ययन गरेका थिए । ज्यादै प्रतिभाशाली हुनाले उनले जोसमनी मतको व्यापक रूपमा प्रचार – प्रसार गर्नेतिर लागे । मूलतः उनी निर्भीक, मिष्ठभाषी, ठट्यौली थिए, त्यसैले उनको बोली बचनबाट मानिसहरू प्रभावित पनि भए । उनी सन्त, समाज सुधारक र जोसमनी सम्प्रदायका पुनरूत्थापक थिए । नेपाली काव्यलेखनमा निर्गुण भक्तिधाराका केन्द्रबिन्दु मानिने जोसमनी सन्तकविहरूमा धिर्जेलदिलदास र शशिधरपछि अगमदिल दास, अखड्दिल दास तथा ज्ञानदिल दास आदि प्रमुख मानिन्छन् । यसका अतिरिक्त यस सम्प्रदायमा आजसम्म परम्परागत रुपले उल्लेख भएका सन्त कविहरूमा श्यामदिलदास, अचलदिल दास, धर्मदिल दास, सतदिल दास, प्रेमदिल दास, धरणीदास, मलदास, मङ्गल दास, कृष्णदास, सन्तदिल दास तथा हरिभक्त, हरिश्चन्द्र, मोक्षमण्डल, निर्वाणान्द, अभयानन्द .. सीताराम आदिको नामहरू पनि भेटिन्छ ।

संसारलाई झूटो मान्ने, संसारिक राग, द्वेष, रोचक, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, पारमार्थिक चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो । बेद लगायत पौराणिक ग्रन्थहरूको गहन अध्ययन गरेका यिनले पूर्वी नेपाल तथा भारतको दार्जीलिङ, सिक्किम र भुटान सम्म जोसमनी धर्म सम्प्रदायको प्रचार गरेका थिए । नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणाले यिनलाई पक्राऊ गरेर 6 महिना जेलमा राखेका थिए। त्यसपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटानसम्म पुगेका थिए । अन्त्यमा कवि ज्ञानदिल दासको निधन पश्चिम सिक्किमको गेलिङ धाममा सन् 1940 मा भएको थियो । यिनको स्मृतिमा **ज्ञानदिलदास साहित्य पुरस्कार**को स्थापना भएको छ । अत: भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् ।

## 9.3 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, भारतको सांस्कृतिक वैभव जागृत हुनमा सन्तहरूका साधना र तपश्चर्याले आधारभूत महत्व राखेको पाइन्छ ।

**Notes**

हिमवत्खण्डको जनजीवनमा व्याप्त उदात्त भावनाका दुइ प्रेरक तत्त्व छन् (1)- शास्त्र, पुराण तथा उच्च ग्रन्थादि, (2 । वाणी-सन्त (सन्तलाई हामी साधारणतः श्रद्धासाथ ईश्वर अर्थात् देवताको उपासना गर्ने, सांसारिक विषयहरूमा नअल्झेर धर्मकर्ममा एकचित्त भइ लागेका सज्जन व्यक्तिलाई महात्मा, साधु सन्त वा भक्तको रूपमा बुझ्छौं ।

नेपाली कविता साहित्यको इतिहासमा कवि ज्ञानदिल दास र जोसमनी सन्त परम्पराको आफ्नै स्थान र महत्त्व रहेको छ । नेपाली साहित्येतिहासकारहरूले नेपाली कविता साहित्यको प्राथमिक काललाई वीरकाव्य काल र भक्तिकाव्य कालमा विभाजन गरेको पाइन्छ । भक्तिकाव्यलाई पनि सगुण र निर्गुण भक्तिकाव्यको रूपमा विभाजन गरिएको छ । सगुण भक्ति काव्यअन्तर्गत रामभक्ति र कृष्णभक्ति अनि निर्गुण भक्ति काव्य अन्तर्गत जोसमनी सन्त परम्पराअन्तर्गतका सन्त साहित्यलाई राखिएको छ । कवि ज्ञानदिल दास यही जोसमनी सन्त परम्पराका महत्त्वपूर्ण सन्त थिए र उनको साहित्य सिर्जनाले नेपाली साहित्यमा विशिष्ट स्थान लिएको पाइन्छ ।

सिक्किम र दार्जिलिङका विभिन्न स्थानहरूमा जोसमनी मत प्रसारको क्रममा धेरैवटा सन्त मठ वा धामहरूको स्थापना गरेका थिए । दृष्टान्तको रूपमा गेलिङधाम, रमीधाम, रङबुलधाम आदि मठ वा धामहरूको सगर्व नामोल्लेख गर्न सकिन्छ । नेपालमा लखन थापा र अरू कतिपयले निरङ्कुश र अत्याचारी राणा शासनका अभनेता जङ्गबहादुर राणाको विरुद्धमा गुप्त सङ्गठनहरू खोली जनचेतना फैलाउने प्रयास गरिरहेको समय कवि ज्ञानदिल भने आफ्ना जोसमनी सन्तहरूलाई एकजुट बनाइ धार्मिक आध्यात्मिक-बढाइरहेका अघि तिब्ररूपमा अभियानलाई प्रसारको-प्रचार सन्तमतको अर्थात् चेतना राणाले जङ्गबहादुर सम्झेर गतिविधि राजनैतिक र सङ्गठन राजनैतिक विरोधी । थिए प पनि उनलाईक्रेर 6 महिनासम्म जेलखानामा थुनेर राख्यो । तर उनको अभियान राजनैतिक सत्ता कब्जा गर्नु नभएर जनमानसमा सन्तमत फैलाउनु मात्र रहेको बुझेपछि धर्म प्रचारकै निम्ति उनलाई दार्जिलिङ र सिक्किम प्रवेश गराउने काम भएको जानकारी पाइन्छ ।

सन्त ज्ञानदिल दासले आफ्ना रचनाहरू र मत प्रचारको क्रममा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका छन् ।

## 9.4 सार

यस प्रखण्डमा **ज्ञानदिल दासको विशेष साहित्यिक योगदान** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

• यी सबै मत वा सम्प्रदाय निर्गुण पन्थलाई मान्ने निर्गुण भक्तहरूका हुन्छन् । सन्तकाव्यका दृष्टिले नेपालीमा जोसमनी सन्तहरूकै मात्र कविता उपलब्ध छन्। अरूको शोध हुन बाँकी नै छ ।"

•जोसमनी शब्दको व्युत्पत्तिगत अर्थ खोज्ने प्रयासमा ज्योतिर्मणि > जोतिर्मनी > ज्योतिष्मनी > जोस्मनी > जोसमनी भएको बताइएको पाइन्छ भने कतिले जोसमनी कुनै एकजना प्रवर्तकको नाम थियो भनिएको छ ।

• सन्त कविहरूमध्ये ज्ञानदिल दासले जनसाधारणलाई सचेत तुल्याउन आध्यात्मिक जागरणको अभियानमा साहित्यलाई प्रमुख माध्यम बनाए ।

• उत्तर भारतमा सन्त कबीरदासले जसले समाजमा व्यास रुढ़िवाद, जातिगत सङ्कीर्णता, छुवाछुत र धार्मिक आडम्बरको खण्डन गरेर स्वस्थ्य समाजको निर्माणमा वाणीद्वारा सहयोग गरेका थिए , ठीक त्यस्तै सहयोग गरे जोसमनी सन्तहरूले ।

• ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण - महाभारत आदि जस्ता धर्म - अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन - अनुशिलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् ।

• उदयलहरी काव्यकृतिमा ज्ञानदिलदासले अध्यात्मदर्शनलाई अत्यन्त सरल भाषामा बुझाउने प्रयत्न गरेका छन् ।

• उदयलहरीमा ज्ञानदिलले सत्तवगुणको आर्जन गर्ने र ब्रह्माज्ञान गर्ने आह्वान गरेका छन् । यस गुणको सृष्टिको निमित्त यसका विरोधी दुई गुण र रजस र तमसको निराकरण गर्ने पद्धतिको शिक्षा दिएका छन् ।

• उदयलहरीको भाषा सरल हुनुको साथै आलङ्करिक पनि छ । प्रतीकको प्रयोगले उदयलहरी उत्कृष्ट बनेको देखिन्छ ।

• कवि ज्ञानदिल दासको रचनाहरूमा **उदय लहरी** (सन् 1877) सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ । यसका अतिरिक्त उनको **झ्याउरे भजन** (सन्

1878), **टुङ्ना भजन** (सन् 1879), **निर्गुण भजन, राम भजन, रागवाणी** आदि कृतिहरू पनि प्रकाशित छन् ।

● ज्ञानदिलदास प्राथमिककालका एक प्रमुख कवि मानिन्छन् । उदयलहरी उनको प्रतिनिधि रचना हो ।

## 9.5 अनुशीलनी

(क) कवि ज्ञानदिल दासको साहित्यिक यात्राबारे विवेचना गर्नुहोस् ।

(ख) नेपाली कविता लेखन परम्परामा ज्ञानदिल दासले पुर्याएको योगदानको चर्चा गर्दै नेपाली भक्तिकालीन कविहरूमा उनको स्थान मूल्याङ्कन गर्नुहोस् ।

(ग) कविको रूपमा ज्ञानदिल दासले पुर्याएको योगदानको समीक्षा गर्नुहोस ।

(ग) सन्त काव्य परम्पराको चर्चा गर्दै भजनकारको रूपमा ज्ञानदिल दासले पुर्याएको योगदानको समीक्षा गर्नुहोस ।

## 9.6 अतिरिक्त अध्ययन

जनकलाल शर्मा – **जोसमनी सन्तपरम्परा र साहित्य**

डा. केशवप्रसाद उपाध्याय – **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति**

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – **नेपाली कविताको प्रवृत्ति**

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – **साझा समालोचना**

भानुभक्त ग्रन्थावली – **पारसमणि प्रधान**

घनश्याम नेपाल **नेपाली साहित्यको परिचयात्मक इतिहास**

दयाराम श्रेष्ठ र मोहनराज शर्मा **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**

बलराज आचार्य **नेपालमा समाज र संस्कृति**

कुमार प्रधान **पहिलो पहर**

बिमल लामिछाने **सन्त ज्ञानदिलदासलाई फर्केर हेर्दा**

घनश्याम ओली **समालोचना : नेपाली कविताको विकासक्रम**

राजकुमार क्षेत्री **सन्त कवि ज्ञानदिल दास र उनको अध्यात्मचेतनामूलक काव्यात्मकताः परिचयात्मक निरूपण**

पारशमणि शम **सन्त कवि ज्ञानदिल दास**

दयाराम श्रेष्ठ (सम्पा.) **वीरकालीन कविता**

यस अतिरिक्त **ज्ञानदिल दासको विशेष साहित्यिक योगदान** - बारेमा अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 9.7 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

1. ज्ञानदिल दासको साहित्यिक यात्रा ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 9.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. ज्ञानदिल दासको साहित्यिक योगदान ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 9.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. कविको रूपमा ज्ञानदिल दास परिचय ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 9.2.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. भजनकारको रूपमा ज्ञानदिल दास परिचय ।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 9.2.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. अन्यान्य क्षेत्रमा ज्ञानदिल दासले पुर्याएको योगदान अनि उनलाई प्राप्त सम्मान।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 9.2.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 10, ज्ञानदिल दासका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।

**संरचना**

10. उद्देश्य

10.1 परिचय

10.2 ज्ञानदिल दासका रचनाहरू

10.3 ज्ञानदिल दासका रचनाहरूको संरचनात्मक विशेषता

10.4 ज्ञानदिल दासका रचनाहरूको शैलीगत विशेषता

10.5 उपसंहार

10.6 सार

10.7 अनुशीलनी

10.8 अतिरिक्त अध्ययन

10.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 10.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- ज्ञानदिल दासको रचनाहरू
- ज्ञानदिल दासको कृतिमा निहित संरचनात्मक मूल्य र विशेषता
- ज्ञानदिल दासको कृतिमा निहित शैलीगत मूल्य र विशेषता

## 10.1 परिचय

ज्ञानदिल दासको जन्म वर्तमान इलाम जिल्लाको फिक्कल भन्ने ठाउँमा सन् 1821 मा उपाध्याय ब्राहमण परिवारमा भएको थियो । कवि दासको जन्मको नाम श्रीकृष्ण लामिछाने हो । नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध वा

Notes

दोस्रो चरणतिर देखापरेका जोसमनी सम्प्रदायका सन्त कवि ज्ञानदिल दास नेपाली साहित्यका भक्तिधारा अन्तर्गत पर्ने निर्गुण भक्ति धाराका केन्द्रीय कवि हुन् । निर्गुण भक्तिधाराका कविहरुले अदृश्यमाथि विश्वास गर्दै 'ब्रह्म' वा मनलाई ईश्वरको रुप मानेका छन् । यस धाराका केन्द्रीय प्रतिभा कवि ज्ञानदिलदास हुन् । उनी नेपालको फिक्कल नामक ठाउँबाट भारतको दार्जिलिङ्मा आइबसेका थिए । श्रीकृष्णको प्रारम्भिक शिक्षा दीक्षा घरमा नै गुरुकुलिन पद्धतीबाट भएको थियो । ज्ञानदिल दास जोसमनी धार्मिक - आध्यात्मिक जागरण र अभियानका एक सशक्त सन्तकवि हुन् । नेपाली कविताको विकास प्रक्रियामा निर्गुण भक्तिधारा छुट्टै विशेषता रहेको छ । यो धाराको आरम्भ जोसमनी सन्तका रचनाबाट भएको हो । यो धाराका कविहरुले सामाजिक अन्धविश्वासको चर्को विरोध गरेको पाइन्छ । हिन्दू वर्णाश्रम व्यवस्थाप्रति तीक्ष्ण प्रहारमा यस धाराका कविहरुको कलम चलेको पाइन्छ । सन्त कविहरुको मुख्य उद्देश्य जातिगत विभेद, अत्याचार, दुराचारको विरोध र मानवतावादको समर्थन गरी मुक्तिको चाहना राख्नु हो । नेपाली प्राथमिककालीन भक्तधाराका निर्गुण भक्तिधाराकालीन कवि ज्ञानदिल दासले निर्गुण, निराकार ब्रह्मको साकार रूपलाई आफ्नो कृतिहरूमा व्याख्या गरेर आध्यात्मिकता र ईश्वरभक्ति झल्काएका पाइन्छन् । ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण - महाभारत आदि जस्ता धर्म - अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन - अनुशिलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । बेद लगायत पौराणिक ग्रन्थहरूको गहन अध्ययन गरेका कवि दासले दार्जीलिङ्का पादरी ए टर्नबुललाई शास्त्रार्थमा पराजित गरेर बाइबल जलाएका थिए । आफ्नो जीवनकालमा नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जङ्गबहादुर राणाले ज्ञानदिल दासलाई पक्राऊ गरेर 6 महिना जेलमा राखेका थिए । पछि आरोपमुक्त भएपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटानसम्म पुगेका थिए। उनी जोसमनी सन्त परम्पराका मूख्य , आध्यात्मिक व्यक्ति थिए । यिनले भानुभक्त आचार्य भन्दा अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए । यिनले नेपाली भाषामा व्यंग्य पनि लेखेका थिए । मूलत : संसारलाई झूटो मान्ने, संसारिक राग, द्वेष, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो ।

जब कवि ज्ञानदिल दास पाँचथर नांगीनस्थित जरिङ्‌गे गाउँमा जोसमनी सन्त गुरु श्यामदिल दासको आश्राममा पुगेर गुरुबाट दिक्षित भए तब उनको नाम ज्ञानदिलदास हुन पुगेको विद्वानहरूको भनाइ छ । यसर्थ कवि दासलाई यो नाम गुरु श्यामदिलदासले दिएका थिए । गुरु श्यामदिलदास जोसमनी सन्त साहित्यका प्रकाण्ड विद्धान थिए ।

## 10.2 ज्ञानदिल दासका रचनाहरू –

कवि ज्ञानदिल दासको रचनाहरूमा **उदय लहरी** (सन् 1877) सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ । यसका अतिरिक्त उनको **झ्याउरे भजन** (सन् 1878), **टुङ्ना भजन** (सन् 1879), निर्गुण भजन, राम भजन, रागवाणी आदि कृतिहरू पनि प्रकाशित छन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिल दासलाई भेट्छौं ।

## 10.3 ज्ञानदिल दासका रचनाहरूको संरचनात्मक विशेषता

संरचनाको दृष्टिले कवि ज्ञानदिल दासद्वारा लिखित उदय लहरी, झ्याउरे भजन र टुङ्ना भजन आदि विशुद्ध अध्यात्म चेतनामूलक साहित्यिक कृति हो । प्रस्तुत भजन उनको भजन सङ्ग्रहमा सङ्ग्रहित छन् । कवि दासको यस भजन सङ्ग्रहमा झ्याउरे लय र तामाङ सेलोको लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू सङ्कलित छन् , जसलाई झ्याउरे भजन (सन् 1878) र टुङ्ना भजन (सन् 1879) भनिने गरिन्छ । यी कृतिहरूमा जम्मा 60 वटा भजनहरू सङ्कलित छन् । जोसमनी सन्त परम्पराअन्तर्गतका सन्त साहित्य अन्तर्गत पर्ने यी भजनहरूमा नेपाली प्राथमिक कालका भक्तिकाव्यका सगुण र निर्गुण भक्ति धाराका प्रवृत्ति मुखरित भएका पाउँछौं । यसै भक्तिकालाका क्रममा कवि ज्ञानदिल दाल धर्म प्रचारको सिलसितामा नेपालबाट भारतको दार्जिलिङ र सिक्किममा सन् 1878 - 79 तिर आएका थिए । पछि यही वर्षको अन्तरालमा सिक्किमको गेलिङ धाममा बस्दा त्यहाँ उनले झ्याउरे भजन र टुङ्ना भजनको

रचना गरेको मानिन्छ । यसैले प्रस्तुत टुङ्ना भजनको रचनाकाल सन् 1878 – 1879 बीचमा भएको अनुमान लाउन सकिन्छ । भजन सङ्ग्रहमा सङग्रहित जम्मा 60 वटा भजनहरू मध्ये टुङ्ना भजन पनि एउटा हो । मुख्य गरेर यस भजन सङ्ग्रहमा झ्याउरे लय र तामाङ सेलो लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन् । त्यसमध्ये प्रस्तुत टुङ्ना भजनलाई चाहिँ तामङ सेलो लयमा लेखिएको भजन मान्न सकिन्छ । कवि ज्ञानदिल दासको प्रस्तुत भजनमा बाह्य वस्तुको चित्रणमा भन्दा आफ्नै जीवनको आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति दिइएको पाइन्छ । यसर्थ यस टुङ्ना भजनलाई भावप्रधान भजन कृति मान्न सकिन्छ । नेपालको इलामबाट भारतको दार्जिलिङ र पछिबाट सिक्किम आइ बसेका कवि ज्ञानदिल दालको टुङ्ना भजन कृतिको शीर्षकमा सार्थकता रहेको पाइन्छ । भजन सङ्ग्रहमा सङ्ग्रहित रहेको यस भजनको शीर्षक टुङ्नी राख्नुको मुख्य उद्देश्य तामाङ सेलोमा लयमा रचिएका कारणले गर्दा हो । तामाङ समुदायका मानिसहरू आफ्नो चाढ – पर्व आदिमा बाँसद्वार बनाइएको टुङ्ना नामक बाध्य वाधनका साथ तामाङ सेलो, गीत आदि गाउने गर्छन् । मूलत: कवि दास धर्म प्रचारको क्रममा दार्जिलिङका विभिन्न स्थान र सिक्किमको गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिर हिड्दा त्यहाका रैथाने तामाङहरूका संस्कृति र लोक परम्पराबाट प्रभावित भएर यस टुङ्ना भजन कृतिको रचना गरेको हुनाले पनि यसको नाम टुङ्ना भजन राखिएको अनुमान गर्न सकिन्छ ।

कवि दासको झ्याउरे भजन र टुङ्ना भजन आजपर्यन्त पनि गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिरका मानिसहरू मुख - मुखै गाउने गर्छन् भन्ने प्रत्यक्षदर्शीहरूको भनाइ छ । उनले सिक्किममा रहँदा - बस्दा सामाजिक सुधार संस्कारको भावना र धर्म प्रचारकै उद्देश्यले भए पनि केही गीत, भजनहरू रचना गरेका थिए । यसबाट सिक्किमेली समाज केही मात्रामा प्रभावित प्रेरित भएको थियो भन्ने अनुमान गर्नसकिन्छ । यसैले ज्ञानदिल दासका काव्य, भजन तथा कृतिहरूलाई पनि सिक्किमेली नेपाली कविताको बीज वा पृष्ठभूमिका रूपमा लिनुपर्ने स्थिति रहेको पाइन्छ । कवि ज्ञानदिल दासको टुङ्ना भजन तामाङ सेलो लयमा लेखिएको भजन कृति हो । यस भजनमा उनले निर्गुण, निराकार ब्रह्मको व्याख्या गरेर आध्यात्मिकता, ज्ञान र ईश्वर भक्तिलाई झल्काएका छन् । संसारिक राग, द्वेष, इर्ष्या, भोग – विलास आदि प्रवृत्तिबाट मानिसहरूलाई

मुक्ति गर्ने चाहना राख्दै कवि दासले उक्त भजनमा पारमार्थिक चिन्तनको प्रकट गर्न चाहेका छन् । यसैले प्रस्तुत टुङ्ना भजनको भाषा – शैली सरल र सुबोध भए पनि भाव भने गाम्भिर्य छ । कवि दासको टुङ्ना भजनमा आध्यात्मिक वस्तुको शाश्वलतता अनि सांसारिक वस्तुको क्षणभङ्गुरता देखाउँदै मानव स्वभावमा सुधार ल्याउन, धर्म – कर्म गरेर मानव मनलाई पवित्र राख्ने लक्ष्य पाइन्छ । एक त सन्त कविहरूले आफ्ना काव्य रचनाको समय शिल्प – सौन्दर्यतामा भन्दा बढी ध्यान भाव विधानमा दिने गर्छन् । यसैले कवि दासको पनि यस भजनमा शिल्प – सौन्दर्यतामा भन्दा भाव विधान अत्यन्तै गाम्भिर्य बन्न पुगेको छ । यस अतिरिक्त बाह्य वस्तुको चित्रण भन्दा मानव जीवनका आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति उनका भजनमा पाइन्छ ।

कवि ज्ञानदिल दासका काव्य, भजन आदि कृतिहरू सरल र ठेट नेपाली भाषाको प्रयोग पाइन्ठन् । उनका प्राय: कृतिहरू सामाजिक, धार्मिक अन्धविश्वास, कुरीति र विसङ्गति आदिप्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति, व्यांग्यात्मक र आलोचनात्मक स्वर - शैलीमा रचिएका छन् । यस अतिरिक्त कवि दासका काव्य रचनाहरू नितान्त मौलिक एवम् अभिव्यञ्जनापूर्ण शैलीमा प्रभावकारी ढङ्गले लेखिएका हुन्छन् । यसैले उनलाई सन्त काव्यधाराको एकजना अत्यन्त प्रतिभाशाली र प्रभावशाली तथा चेतनाशील प्रतिनिधि कविको तथा प्रतिष्ठित ब्याक्तिको रुपमा चिनिन्छन् । यही कारणले प्रस्तुत टुङ्ना भजन कृतिमा पनि यही अनुरूपका भाषा – शैलीको प्रयोग पाइन्छन् । अत: ठट्यौली शैली र थेगो, रहनी आदिको प्रयोग गरी लेखिएको उक्त भजनमा गाउँले बोली, सरस र सरल भाषाको प्रयोग पाइन्छ । कवि ज्ञानदिल दासका अधिकांश भजन र श्लोकहरू लोकलयमा संरचित रहेको पाइन्छ । लोक छन्द झ्याउरेलाई कवित्व मर्यादा दिने नेपाली साहित्यका प्रथम कवि पनि सन्तकवि ज्ञानदिल दास नै हुन् । यही कारणले उनको प्रस्तुत टुङ्ना भजन कृति नेपाली लोकलय छन्दमा लेखिएको पहिलो भजन वा कृति बन्न पाइन्छ ।

नेपाली लोकलय झ्याउरे छन्द र लामाङ सेलो लयमा लेखिएको टुङ्ना भजन कृतिमा जम्मा अठाह्र (18) हरफहरू छन् । यसमा गीतात्मक लालित्य पाइन्छ भने यस भजनको भाव भने रहस्यवादी रहेको पाइन्छ ।

## 10.4 ज्ञानदिल दासका रचनाहरूको शैलीगत विशेषता

नेपाली सन्त काव्य परम्पराका श्रेष्ठ कवि ज्ञानदिल दासले आफ्ना टुङ्ना भजन भजनलाई रसिलो, आकर्षक र साङ्गीतिक बनाउन अन्तर अनुप्रास र अन्त्यानुप्रासको लोभलाग्दो तरिकाले समायोजन गरेका छन् । यसरी छन्द र अलङ्कारको अतिरिक्त कविले उक्त भजनमा थेगोको रूपमा 'रामजी '-लाई पुनरावृत्ति गरी भावलाई क्रमिक रूपमा विकास गर्दै लगेको पनि पाइन्छ । यसबाहेक चलन - चल्तीका तत्सम तथा ठेट नेपाली झर्रा शब्द खरानी, फनफन, तितिरी आदिको प्रयोग गरेर भजनलाई अझ कर्णप्रिय, सुमुधुर र मिठास पनि बनाएका छन् । यसरी नै कवि ज्ञानदिल दासको टुङ्ना भजन कृतिमा रहेको अठाह्र (18) हरफ वा पदमा लालित्य, भाव माधुर्य, रस घनत्व र कल्पनाको सुन्दर संयोजन रहेको पाइन्छन् । धार्मिक, आध्यत्मिक, दार्शनिक, सामाजिक, सांस्कृतिक आदि बिषयवस्तुलाई टिपेर आफ्नो काव्य, भजन आदि सिर्जना गर्नो सन्तकवि ज्ञानदिल दालको उक्त भजनमा विशेष लोक मानसको हृदयलाई अङ्गिकार गर्नो लोक छन्दकै प्रयोग गरेका छन् ।

कवि ज्ञानदिल दासको रचनाहरूमा सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण पाइन्छ । जोसमनी सन्त पर्मपराका अन्य सन्त कवि शशिधर, अखण्ड दिलदाल, आगमदिल दाल आदि सन्द कविहरूका कृतिको तुलनामा कवि ज्ञानदिल कृतिगत भाषा - शैली रसिलो र सजिलो पनि  छ । ज्ञानदिल दासका कृतिहरू सरल र ठेट नेपाली भाषामा सामाजिक, धार्मिक, अन्धविश्वास, कुरीति, ब्राह्मणबाद र विसङ्गति आदि प्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति व्याङ्गात्मक र आलोचनात्मक स्वर शैलीमा रचिएका छन् ।

कवि ज्ञानदिल दासको टुङ्ना भजनमा गाउँले बोलीको आत्मीयता पाइन्छ तर भाव भने गहिरो छ । भजन पाठकले पढ्दा सरल र सहज लागे तापनि यस भजनले बोकेको भाव भने अत्यन्तै गहिरो प्रकारका रहेका छन् । उदाहरण –

*धुनीको छेउ छाउ टक्रयाक टुक्रुक जोगी ज्यान बसेको ।*
*निधारै भरी फुस्रै र धुस्रै खारानी घसेको । 1*
*वंशी बज्यो तितिरी,*

*अनहदको घनघन,*

*कमल् फुल्यो रनबन ,*

*भँभराको भनभन,*

*रामजी ! अति ठिक्क पार्यो नी ! ! (2)*

कवि ज्ञानदिल दास नेपाली कविता साहित्यका आध्यात्मिक, व्यङ्ग्य तथा बिद्रोही व्यक्ति थिए । उनले भानुभक्त आचार्य भन्दा अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए । कवि दासलाई सन्त काव्य परम्परा तथा नेपाली साहित्यका प्राथमिक कालका एक प्रखर व्यंग्य लेखेका मानिने हुनाले प्रस्तुत टुङ्ना भजन कृतिमा पनि कता – कता व्यङ्ग्यको फुवार उठेको पाइन्छ । तथापि प्रस्तुत भजनको मुल उद्देश्य अध्यात्म चेतनालाई प्रस्तुत गर्नु नै हो । कवि ज्ञानदिल दास सानैदेखि तीक्ष्ण बुद्धि भएका व्यक्ति थिए । यस्तो दिमाग भएको हुनाले उनले सानैदेखि वेद, पुराण, रामायण, महाभारत आदि जस्ता धार्मिक तथा अध्यात्म चेतनामूलक शास्त्रहरूको गहन – अनुशिलन पनि गरेका मानिन्छ । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिल दासलाई भेट्छौं । यसर्थ प्रस्तुत टुङ्ना भजन कृति लेख्नुको मख्य उद्देश्य नै आफ्नो प्रभावशाली र कुसाग्र बुद्धिका भरमा तत्कालीन जन – मानसमा आध्यत्मिक चेतना बढाउनु हो । प्रस्तुत टुङ्ना भजन तामङ सेलो लयको अठाह्र हरफ र तीन पदमा संरचित छ । कविले यस भजनमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपेर ब्राहमणवादको विरोध गरेका छन् । यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे अवगत गराउँदै आध्यात्मिक प्रवृत्तिको विकास गरी पारलौकिक बन्न प्रेरणा दिने सन्त परम्पराको यो एउटा सफल दृष्टान्त हो । गीतात्मक लयमा रचिएको प्रस्तुत भजन रहस्यवादी बनेको छ । यसमा गाउँले बोलीको आत्मीयता पाइन्छ भने भाव गम्भीर र गहिरो छ । उदाहरण –

*वंशी बज्यो तितिरी ,*

*अनहदको घनघन,*

*कमल् फुल्यो रनबन ,*

*भँभराको भनभन,*

*रामजी ! अति ठिक्क पार्यो नी ! ! (2)*

सन्त सम्प्रदाय तथा जोसमनीहरू नादपन्थी हुन्छन् । उनीहरू नादको उच्चारण वा अभ्यासले कमलको वासको आनन्दप्राप्त गरेको ठान्छन् । तर कमलको वासनै ब्रह्मज्ञानमा परेपछि जोगीहरू मरणासन्न अवस्तामा पुग्ने गर्छन् । यो सबै ब्राह्मणबादले गर्दा भएको उनले टुङ्ना भजनमा ठानेका छन् । साघारण जनता, जोगी र सन्यासीहरू (फकिर) – आदिलाई ठिक्क पारेर ब्राहमणहरूले त्रिशुललाई गंगा तारेको, जोगीहरूलाई खरानी मात्र घस्न लाएको भनी कविले विरोध पनि गरेका छन् । उदाहरणार्थ -

*मार्यो च्याङ्बा मार्यो,*
*खरानीमा पार्यो,*
*त्रिशुल् गङ्गा तार्यो,*
*चन्द्र सूर्जै नार्यो,*
*कमल फुलमा सार्यो,*
*ब्रह्मज्ञानमा पार्यो,*
*रामजी ! अति ठिक्क पार्यो नी ! ! (1)*

प्रस्तुत भजनमा कवि दासले जोगीको अर्थ योगज्ञाताको रूपमा प्रष्टाउँदै, जसले योग बारे अनभिज्ञ हुन्छन् , उनीहरूका जन्म र जीवन दुवै यस संसारमा निरर्थक बन्दछ भन्ने दार्शनिक विचार पोखेका पाइन्छन् । अत: प्रस्तुत भजनको नेपाली समाजमा भएको विसङ्गति र विकृतिको चित्रण गरेर सामाजिक र धार्मिक सुधार गर्नु नै प्रस्तुत भजनको मूल अभिष्ट रहेको देखिन्छ ।

यसरी नै कविको उदयलहरी मा निहित सामाजिक पक्षहरूका चर्चा गर्नुपर्दा सन् 1877 सालतिर उदय लहरीको रचना गरेका थिए । कवि दासको टुङ्ना भजन र झ्याउरे भजन कृतिमा जम्मा 60 वटा भजनहरू सङ्कलित छन् । भजन सङ्ग्रहमा झ्याउरे लयमा र तामाङ सेलोको लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन् , यसलाई झ्याउरे र टुङ्गना भजन भन्ने गरिएको छ । उदयलहरीले यिनको साहित्यिक व्यक्तित्वको प्रतिनिधित्व गर्न सफल बनेको छ । यो कृति 109 श्लोकमा संरचित रहेको छ । अन्य कृति र अन्य सन्त कविहरूको तुलनामा यिनको भाषाशैली रसिलो र सजिलो रहेको पाइन्छ ।

कवि दासको उदयलहरी 109 पध्यमा लेखिएको कृति हो । यो झ्याउरे लयमा लेखिएको छ । दार्जीलिङमा रहँदा लेख्न सुरू गरेको उदय लहरी यात्राको क्रममा सिक्किम पुगेर पूरा गरेका थिए । उदय लहरीमा सत्व, रज र तम तीनै गुणको वर्णन पाइन्छ । त्यस बेला समाजमा व्याप्त जातपात, छुवाछुत र पशु बली, हिंसा आदि बारे प्रस्तुत कृतिमा कविले खुलेर विरोध गरेका छन् । उदाहरण -

*धन जन भन्छन् देवीमाई भाक्छन्*
*पशुघात भयो भन्या धर्म कहाँ राष छन्*
*गरिबमारा पशुघात जो कोही गर्छन्*
*नर्क तलाउ भासमा सहजगै पर्छन् ।।11।।*

कवि ज्ञानदिल दासको काव्य रचनाहरूमा नितान्त मौलिक, सुबोध तथा अभिव्यञ्जनापूर्ण भाषा र शैलीको प्रभावकारी प्रयोग पनि पाइन्छन् । मुख्य गरेर कवि दासले आफ्ना कृतिहरूमा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका पाउँछौँ ।

ज्ञानदिलदासले कर्मकाण्ड, हिंसा, घुस, गरिबी र मानिसको पाखण्डीपनप्रति विद्रोह मचाएका छन् । ब्रह्मज्ञानलाई नै ज्ञानहरूमा सर्‌वोत्कृष्ट मान्दथे । ज्योतिषीहरूलाई पनि उनी कर्मकाण्डी ब्राह्मण पुरोहित झैं रुढीवादी संस्कारको पृष्ठपोषक, आडम्बरी, धूर्त र फटाहा मान्दथे । पाखण्डी - फटाहाहरूमा धार्मिक - आध्यात्मिक चेतना वा साँचो ज्ञान हुँदैन भन्ने विश्वास उनको थियो । यी कविता पंक्तिहरूले प्रष्ट पार्दछ –

*ग्रह गोचरको जाप गर भन्छन् ।*
*सुझ – न - बुझ अम्ला मात्रै गन्छन् ।।*
*क्या गर्‌छौ ज्योतिषी हो अभागे तालो ।*
*देख्छौ त भन्छौ नजरमाथि जालो ।।*

ब्रामण भएर ब्रम्ह नचिन्नेहरुकालागि कविले आलोचना गरेको पाइन्छ । उनका कविताले हत्या हिंसा गरेर भाकल पूरा हुन्छ भन्नेहरुलाई चोटिलो ब्याङ्ग प्रहार गरेको भेटिन्छ । धर्मका नाममा पशुवली चढाउनेप्रति उनले यसो भनेका छन्ः

*धन जन भन्छन् देवीमाई भाक्छन्*
*पशुघात भयो भन्या धर्म कहाँ राख्छन्*
*गरिबमारा पशुघात जो कोही गर्छन्*
*नर्क तलाउ भासमा सहज गै पर्छन् ।।11।।*

अर्को उदाहरण –

*देवीमाई पत्थर जो पूजि जान्छन्*
*सतलोक धाममा ती कहाँ जान्छन्*
*धाम चिन सतलोक जमुनाका तीर*
*लोभ पाप छोडी हरीतिर फिर ।।12।।*

ज्ञानदिलदासको यो बुझाई न्यूटनको प्रकृति विज्ञानसँग मेल खान जान्छ । न्यूटनले एउटा प्रथम दैवी प्रेरणाको स्थापना प्रस्तुत गर्दै भनेका थिए - "प्रकृतिको सम्पूर्ण व्यवस्थामा प्रयोजना व्यप्त छ, जसमा हरेक चिज अर्काको निम्ति उत्पादन भएका हुन्छन् , जस्तो विरालाहरू यस कारणले बनाइएका छन् की तिनीहरूले मुसाहरूलाई खाउँन र मुसाहरू यसकारणले बनाइएको छ की विरालाहरूले तिनीहरूलाई खाउँन । समग्र प्रकृति यसकारणले बनेको छ की सृष्टि कर्ताको बुद्धि प्रकाशित होस् ।" त्यसैगरी यिनको रचनामा सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण पाइन्छ । उदाहरण –

*नरुनु उभिएर मेरो चिहान छेउ,*
*म छैन त्यहाँ, म सुत्ने गर्दिन,*
*म बहने गर्दछु बतास सरी बहिरहेको छु,*
*म चमक हुँ पारशमणीको उजेलिरहेको छु,*
*पाक्दै गरेको बालीमा पस्रिने सूर्य प्रकाश हुँ म,*
*शरद ऋतुमा तप्किने स्निग्ध वर्षा हु म,*
*म विनम्र तारा हुँ, रातभरी चम्कि दिन्छु,*
*मेरो चिहन छेउ उभिएर नरुनु म त्यहाँ छैन,*
*साँचो कुरा म मर्दै मरिनँ ।।*

यहाँ कविले निष्ठासाथ जीवनलाई मानव भक्ति र मुलुकको हितार्थ खर्चन सके त्यो मान्छे भौतिक रुपमा सकिएपनि विभिन्न रुपमा चित्रित भइरहन्छ र बाँचिरहन्छ भनेका छन् । यहाँ सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण भेटिन्छ । डा स्वामी . प्रवेश सिक्किम पनि भए उद्देश्यले प्रचारकै धर्म दार्जीलिङबाट चाहिँ प्रपन्नाचार्यले र गीत ज्ञानदिलदासले कवि सन्त गरेका  केही उदयलहरीका अतिरिक्त भजनका विच भन्ने हुन् गरेका रचना सिक्किममा पनि अंशहरू◌ार प्रकट गरेको पाइन्छ । उनले फरक विचार र फरक शैलीका कवि तथा विलक्षण प्रतिभाका धनी कवि

ज्ञानदिलदास हुन् भनेका छन् । उनले धर्म र संकृति भन्ने लेखमा नेपाली साहित्यका अमूल्य निधि थिए पनि भनेका छन् ।

भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् । कवि भानुभक्तका झैं सरस, सहज र चोखो नेपाली भाषामा रचिएका उनका काव्य रचनाहरूले सर्वसाधारणको मनमा छाप बसाउन सक्यो । भारतीय नेपाली कविताको विकासका सन्दर्भमा भानुभक्तीय रामायणको विशेष अवदानलाई महत्त्वपूर्ण मानिन्छ । सामाजिक पनि दृष्टिले मूल्यका आध्यात्मिक-साहित्यिक र सांस्कृतिक-सर रामायण भानुभक्तीय समाजमा नेपाली भारतीय्वाधिक चर्चित र प्रसिद्ध रह्यो । तथापि व्यक्तित्वको प्रभावको दृष्टिकोणबाट हेर्दा भने भानुभक्तभन्दा सन्तकवि ज्ञानदिलदास नै अधिक महत्त्वपूर्ण र प्रभावशाली कविको रूपमा देखापर्छन् । भानुभक्तीय काव्यको पृष्टभूमि ज्ञानदिल दासको भन्दा विस्तार र फराकिलो रहेको छ तथापि काव्यगत मौलिकता र युगचेतनाका दृष्टिले भने दुवै कविमा उत्तिकै प्रखर चेतना र सम्भावना गहेको देखिन्छ । काव्यलेखनमा आलोचनात्मक दृष्टि र युग चेतनाका सन्दर्भमा भन्ने हो भने भानुभक्तका तुलनामा ज्ञानदिलदास निकै विद्रोही, प्रगतिशील , यथार्थवादी र आधुनिक चिन्तकका रूपमा देखा पर्छन् ।

ब्रह्मनन्द प्राप्तिको निमित्त सन्त आध्यात्मिक रहस्यलाई बुझाउन कवि ज्ञानदिल दासले आफ्ना रचनाहरूमा कहिले सामाजिक वृत्तिलाई त कहिले लौकिक उपमानहरूको सहयोग लिएका छन् । दृष्टान्तका निम्ति केही पंक्तिहरू टिपौं-

*1. धन जन भन्छन् देवीमाई भाक्छन्*

*पशुघात भयो भन्या धर्म कहाँ राष छन्*

*गरिपमारा पशुघात जो कोही गर्छन्*

*नर्क तलाउ भासमा सहजगै पर्छन् ।।11।।*

*देवीमाई पत्थर जो पुजि जान्छन्*

*सतलोक धाममा ती कहाँ जान्छन्*

*धाम चिन सतलोक जमुनाका तीर*

*लोभ पाप छोड़ी हरी तिर फीर ।।12।।*

*2। चिनन्या न ब्रह्म भन्या हुँ ब्रह्म.*

*वैलि बाख्री कता छन् बसि षोजि किन्या ।।*

*छेदन्ने धागड़को पकाइहालुँ रक्ती ।*

*तेस्तै कन भन्नू यमराजको भक्ति ।।*

ज्ञानदिलदास हिंसाका विरोधी र अहिंसाका पुजारी थिए । हिंसा गरी मांस भरण गर्ने मानिसहरूलाई अधर्मी होइन तर अज्ञानी ठान्थे । आजको मानव समाजमा छुवाछुत जस्तो घृणित प्रथा हटाउनु पर्छ । मानवमा जातको होइन तर कर्मको मात्र मूल्य र महत्व हुन्छ भन्ने कुरामा विश्वाजस राख्थे । यस काव्यमा अर्न्तचेतना कसिलो संयोजन भएको पाइन्छ । काव्यमा माधुर्य गुण, रस परिपाकका दृष्टिले पनि अब्बल अनि लयात्मक र रसात्मक गुणले ओजपूर्ण भएको पाइन्छ । काव्यमा प्रयुक्त भाषासरल शैली-,सरस र रसिलो हुनका साथसाथै आलङ्कारिक पनि भएको छ । भाषिक शिल्प उदयलहरीलाई विशेषताले काव्यगत एवम् शैली-गर्न प्रस्तुत सगर्व रूपमा रचनाको प्रतिनिधि र सर्वश्रेष्ठ साहित्यको सन्त जोसमनी प्रधा कुमार .डा साहित्येतिहासकार । सकिन्छनले उदयलहरीलाई नै भारतमा लेखिएको नेपाली काव्य। छन् स्वीकारेका (रचना)कृति प्रथम साहित्यको- उनको अर्को कृति झ्याउरे भजन झ्याउरे लयको आठ श्लोकमा संरचित छ । कविले यस कवितमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपि टिपोट गरेका छन् । यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे अवगत गराउँदै आध्यात्मिक प्रवृत्तिको विकास गरी पारलौकिक बन्न प्रेरणा दिने सन्त परम्पराको यो एउटा सफल दृष्टान्त हो ।

कवि ज्ञानदिल दासको समयमा समाजमा व्याप्त जातपात, छुवाछुत र पशु बली प्रथा विधामन थियो । यस्ता कुराहरूलाई आफ्नो कविताको माध्यम खुलेर विरोध गर्दै ती रचनाद्वारा समाजमा पररिवर्तन गर्न चाहेको कवि ज्ञानदिल दालको उदय लहरी काव्यमा प्रतीत हुन्छ । उदाहरणको निम्ति निम्न पङ्क्तिलाई लिन सकिन्छ।

*ब्राह्मण हुँ भन्या ब्रह्म न चिनन्या ।*

*वैलि बाख्री कता छन् बसि षोजि किन्या ।।*

*छेदन्ने धागड़को पकाइहालुँ रक्ती ।*

*तेस्तै कन भन्नू यमराजको भक्ति ।।*

उदय लहरीको मुख्य उद्देश्य ज्ञान, भक्ति र वैराग्यको प्रतिपादन गर्दै ब्रह्मानन्द प्राप्तिको उपाय बताउनु हो । यसमा कविले रजोगुण र तमोगुणमा विजय गरी सतवगुणको उद्‌घाटन गर्नुपर्ने मत व्यक्त गरेका छन् ।

*सत रज तमको महाँ युद्ध भयो*
*सतको अर्जिली तम गुण गयो*
*निसाफी विचारी निसाफ हेरिदेऊ*
*सतगुणी निर्धाको सरण अब लेऊ ।*

कवि ज्ञानदिल दासको झ्याउरे भजन 24 पद्यमा झ्याउरे लयमा लेखिएको छ । उक्त चर्चित भजन कवि दासले झ्याउरे लयमा रचेको पाइन्छ । सन्त कवि ज्ञानदिलदासले झ्याउरे भजनमा यसरी लेखेका छन् –

*यो रुम्जाटारको कोदाको पीठो निर्गुनको दाउन*
*धर्म र कर्म गुरुङ्ले ग-यो छक् परयो बाहुन ।*

तर यी भजनले भाव गहिरो बोकेका छन् । यी भजन अहिले पनि उत्तीकै महतवका साथ नेपाल र भारतका विभिन्न स्थानमा भजन टोलीहरुले गाउने गरेका छन् ।

*गौवाके सँगमे तीड विगारे- तीड दुध भै मिले मेरा भाइ*

*धातुके सँगमे पत्थर विगारे- पत्थर धातु भै मिले मेरा भाइ*

*गुरुके सँगमे चेलो विगारे- चेलो गुरु भै मिले मेरा भाइ*
*ज्योतिके सँगमे वर्तन विगारे- वर्तन ज्योति भै मिले मेरा भाइ ।*

उक्त हरफहरूमा रसायन विज्ञानको कुरा उठाइएको छ । जसमा एउटा बस्तुले अर्का वस्तुको निषेध गरेर गुणात्मक विकास सहित नयाँ वस्तुको उत्पादन गरेको बुझाईएको छ । गाईले घाँस खान्छ, घाँसको निषेध गर्दछ तर घाँस दुधमा परिणत हुन्छ , धातुले पत्थरको निषेध गर्दछ तर पत्थर धातुमा परिणत हुन्छ । गुरुले चेलालाई गुरुमा परिणत गर्दछ, आगोले दियोको वर्तन जलाउँछ, तर वर्तन ज्योतिमा परिणत हुन्छ भनिएको छ ।

कवि ज्ञानदिल दास सिक्किमेली नेपाली साहित्यका पृष्ठ पोषक थिए, मार्ग दर्शक थिए, प्रणेता थिए । यिनलाई सिक्किमेली नेपाली साहित्यका आदिकवि पनि भनेर विद्वानहरूले मानेका पाइन्छ । विलक्षण प्रतिभाका धनी कवि ज्ञानदिलदास नेपाली साहित्यका अमूल्य निधिका रूपमा परिचित छन् भने उनले सिक्किमेली नेपाली कविता साहित्यको पृष्ठभूमिलाई बलियो आधार प्रदान गरेका छन् । डा

केशवप्रसाद उपाध्यायले कवि ज्ञानदिल दासलाई नेपाली कवीर भनेका भेटिन्छ । उनको कवित्व प्रतिभा प्रभावशाली र तेजस्वी छ । उनी जोसमनी सन्त परम्पराका महान धर्मगुरू मात्र नभएर नेपाली कविता साहित्यका अमूल्य रत्न पनि हुन भन्न सकिन्छ ।

## 10.5 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, नेपाली साहित्यको इतिहासमा भक्तिधाराको निर्गुण भक्ति धाराका केन्द्रीय कवि हुन् ज्ञानदिलदास । यस धाराका कविहरूले निर्गुण, निराकार ब्रह्मको व्याख्या गरेर आध्यात्मिकता र ईश्वरभक्ति झल्काउँछन् । संसारलाई झूटो मान्ने, संसारिक राग, द्वेष, रोचक, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, पारमार्थिक चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो । बेद लगायत पौराणिक ग्रन्थहरूको गहन अध्ययन गरेका यिनले दार्जीलिङका पादरी ए। थिए गरेका पराजित शास्त्रार्थमा टर्नबुललाई . यिनले पूर्वी नेपाल तथा भारतको दार्जीलिङ, सिक्किम र भुटान सम्म जोसमनी धर्म सम्प्रदायको प्रचार गरेका थिए । नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणाले यिनलाई पक्राऊ गरेर 6 महिना जेलमा राखेका थिए। त्यसपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटानसम्म पुगेका थिए । अन्त्यमा कवि ज्ञानदिल दासको निधन पश्चिम सिक्किमको गेलिङ धाममा सन् 1940 मा भएको थियो । यिनको स्मृतिमा ज्ञानदिलदास साहित्य पुरस्कारको स्थापना भएको छ । अत: भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् । यसरी नै कवि ज्ञानदिलले नेपाली समादमा जोसमनी मतको प्रचार प्रसार- सम्प्रदाय यस तथाविकास गर्ने सिलशिलामा तत्कालिन नेपाली समाजमा देखा परेका सामाजिक विसङ्गति र विकृति, जातिगत छुवाछुतको भाव र विचारमा सङ्कीर्णता तथा धार्मिक आडम्बरप्रति विद्रोह समेत गरेका थिए । सिक्किम र दार्जिलिङका विभिन्न स्थानहरूमा जोसमनी मत प्रसारको क्रममा धेरैवटा सन्त मठ वा धामहरूको स्थापना गरेका थिए । दृष्टान्तको रूपमा गेलिङधाम, रमीधाम, रङबुलधाम आदि मठ वा धामहरूको सगर्व नामोल्लेख गर्न सकिन्छ । नेपालमा लखन थापा र अरू कतिपयले निरङ्कुश र अत्याचारी राणा शासनका अभनेता

जङ्गबहादुर राणाको विरुद्धमा गुप्त सङ्गठनहरू खोली जनचेतना फैलाउने प्रयास गरिरहेको समय कवि ज्ञानदिल भने आफ्ना जोसमनी सन्तहरूलाई एकजुट बनाइ धार्मिक अभियानलाई प्रसारको-प्रचार सन्तमतको अर्थात् चेतना आध्यात्मिक-राजनैतिक र सङ्गठन राजनैतिक विरोधी । थिए बढाइरहेका अघि तिब्ररूपमा प पनि उनलाई राणाले जङ्गबहादुर सम्झेर गतिविधिक्रेर 6 महिनासम्म जेलखानामा थुनेर राख्यो । तर उनको अभियान राजनैतिक सत्ता कब्जा गर्नु नभएर जनमानसमा सन्तमत फैलाउनु मात्र रहेको बुझेपछि धर्म प्रचारकै निम्ति उनलाई दार्जिलिङ र सिक्किम प्रवेश गराउने काम भएको जानकारी पाइन्छ । सन्त ज्ञानदिल दासले आफ्ना रचनाहरू र मत प्रचारको क्रममा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका छन् । अर्को घटना अझ यस्तो छ सिक्किममा ब्राह्माणले ब्राह्मणेत्तर साधुहरूको गोड़ा ढोगेमा त्यस ब्राह्माणलाई जातबाटै काड्ने, जातत्यूत गर्ने शासकीय धम्की दिँदा ज्ञानदिल दासले सिङ्गला बजारमा मध्येदिनमा हातमा बिशाल राँको लिएर जात खोज्दै हिँडेका घटनाहरू पनि साह्रै पुरानो भएको छैन । यसप्रकार आफ्नो प्रभावशाली व्यक्तित्व र अनुकरणीय कार्यले तत्कालिन शासक, जाति र समाजका सबै वर्गलाई प्रभाव पार्न सफल भएका हुनाले उनी चाँडै लोकप्रिय पनि भए । अतः जोसमनी सम्प्रदायलाई प्रभावशाली र प्रभावकारी ढ़ङ्गमा विस्तार गर्ने कार्य ज्ञानदिल दासबाटै भएको तथ्य कसैबाट लुक्ने कुरा होइन ।

सन्त कवि ज्ञानदिल दास नेपाली साहित्यका भक्तिधारा अन्तर्गत पर्ने निर्गुण भक्ति धाराका केन्द्रीय कवि हुन् । उनको जन्म वर्तमान इलाम जिल्लाको फिक्कल भन्ने ठाउँमा सन् 1821 मा उपाध्याय ब्राहमण परिवारमा भएको थियो । कवि दासको जन्मको नाम श्रीकृष्ण लामिछाने हो । श्रीकृष्णको प्रारम्भिक शिक्षा दीक्षा घरमा नै गुरुकुलिन पद्धतीबाट भएको थियो । ज्ञानदिल दास जोसमनी धार्मिक - आध्यात्मिक जागरण र अभियानका एक सशक्त सन्तकवि हुन् । नेपाली कविताको विकास प्रक्रियामा निर्गुण भक्तिधारा छुट्टै विशेषता रहेको छ । यो धाराको आरम्भ जोसमनी सन्तका रचनाबाट भएको हो । यो धाराका कविहरुले सामाजिक अन्धविश्वासको चर्को विरोध गरेको पाइन्छ । हिन्दू वर्णाश्रम व्यवस्थाप्रति तीक्ष्ण प्रहारमा यस धाराका कविहरुको कलम चलेको पाइन्छ । सन्त कविहरुको मुख्य उद्देश्य जातिगत विभेद, अत्याचार, दुराचारको विरोध र मानवतावादको समर्थन गरी मुक्तिको चाहना राख्नु हो । निर्गुण भक्तिधाराका कविहरुले अदृश्यमाथि विश्वास गर्दै 'ब्रह्म' वा मनलाई ईश्वरको

रुप मानेका छन् । यस धाराका केन्द्रीय प्रतिभा कवि ज्ञानदिलदास हुन् । उनी नेपालको फिक्कल नामक ठाउँबाट भारतको दार्जिलिङमा आइबसेका थिए ।

नेपाली प्राथमिककालीन भक्तधाराका निर्गुण भक्तिधाराकालीन कवि ज्ञानदिल दासले निर्गुण, निराकार ब्रह्मको साकार रूपलाई आफ्नो कृतिहरूमा व्याख्या गरेर आध्यात्मिकता र ईश्वरभक्ति झल्काएका छन् । उनी जोसमनी सन्त परम्पराका मूख्य , आध्यात्मिक व्यक्ति थिए । यिनले भानुभक्त आचार्य भन्दा अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए । यिनले नेपाली भाषामा व्यंग्य पनि लेखेका थिए । मूलत : संसारलाई झूटो मान्ने, संसारिक राग, द्वेष, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो । जब कवि ज्ञानदिल दास पाँचथर नांगीनस्थित जरिङ्गे गाउँमा जोसमनी सन्त गुरु श्यामदिल दासको आश्राममा पुगेर गुरुबाट दिक्षित भए तब उनको नाम ज्ञानदिलदास हुन पुगेको विद्वानहरूको भनाइ छ । यसर्थ कवि दासलाई यो नाम गुरु श्यामदिलदासले दिएका थिए । गुरु श्यामदिलदास जोसमनी सन्त साहित्यका प्रकाण्ड विद्धान थिए ।

ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण - महाभारत आदि जस्ता धर्म - अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन - अनुशिलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । बेद लगायत पौराणिक ग्रन्थहरूको गहन अध्ययन गरेका कवि दासले दार्जीलिङका पादरी ए टर्नबुललाई शास्त्रार्थमा पराजित गरेर बाइबल जलाएका थिए । आफ्नो जीवनकालमा नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जङ्गबहादुर राणाले ज्ञानदिल दासलाई पक्राऊ गरेर 6 महिना जेलमा राखेका थिए । पछि आरोपमुक्त भएपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटानसम्म पुगेका थिए। कवि ज्ञानदिल दासको रचनाहरूमा उदय लहरी (सन् 1877) सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ । यसका अतिरिक्त उनको झ्याउरे भजन (सन् 1878), टुङ्ना भजन (सन् 1879), निर्गुण भजन, राम भजन, रागवाणी आदि कृतिहरू पनि प्रकाशित छन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिल दासलाई भेट्छौं ।

## 10.6 सार

यस प्रखण्डमा **ज्ञानदिल दासका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

• उत्तर भारतमा सन्त कबीरदासले जसले समाजमा व्यास रुढ़िवाद, जातिगत सङ्कीर्णता, छुवाछुत र धार्मिक आडम्बरको खण्डन गरेर स्वस्थ्य समाजको निर्माणमा वाणीद्वारा सहयोग गरेका थिए , ठीक त्यस्तै सहयोग गरे जोसमनी सन्तहरूले ।

• ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण - महाभारत आदि जस्ता धर्म - अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन - अनुशिलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका  हुन् ।

• सन्त कविहरूमध्ये ज्ञानदिल दासले जनसाधारणलाई सचेत तुल्याउन आध्यात्मिक जागरणको अभियानमा साहित्यलाई प्रमुख माध्यम बनाए ।

• कवि ज्ञानदिल दासको रचनाहरूमा **उदय लहरी** (सन् 1877) सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ । यसका अतिरिक्त उनको **झ्याउरे भजन** (सन् 1878), **टुङ्ना भजन** (सन् 1879), **निर्गुण भजन, राम भजन, रागवाणी** आदि कृतिहरू पनि प्रकाशित छन् ।

• ज्ञानदिलदास प्राथमिककालका एक प्रमुख कवि मानिन्छन् । उदयलहरी उनको प्रतिनिधि रचना हो ।

• आफ्ना काव्यकृतिमा ज्ञानदिल दासले अध्यात्मदर्शनलाई अत्यन्त सरल भाषामा बुझाउने प्रयत्न गरेका छन् ।

• कविले आफ्ना सन्त कृतिहरूमार्फथ सत्तवगुणको आर्जन गर्ने र ब्रह्माज्ञान गर्ने आह्वान गरेका छन् । यस गुणको सृष्टिको निमित्त यसका विरोधी दुई गुण र रजस र तमसको निराकरण गर्ने पद्धतिको शिक्षा दिएका छन् ।

• उनका सबै कृतिहरूका भाषा सरल हुनुको साथै आलङ्करिक पनि छ । प्रतीकको प्रयोगले ती काव्य रचनाहरू आफैमा उत्कृष्ट बनेका पाइन्छ ।

## 10.7 अनुशीलनी

(क) भारतीय नेपाली सन्त कवि परम्परामा ज्ञानदिलदासको परिचय स्थान निर्धारण गर्नुहोस् ।

(ख) विद्वानहरूले कवि ज्ञानदिल दासका काव्यकृतिहरूबारे व्यक्त गरेका मतहरूका समीक्षा गर्नुहोस् ।

(ग) समाज सुधारको दृष्टिले कवि ज्ञानदिल दासका कृतिहरूको मूल्याङ्कन गर्नुहोस् ।

(घ) संरचनात्मक विशेषताको आधारमा ज्ञानदिल दासको कृतिहरूको विवेचना गर्नुहोस् ।

(ङ) शैलीगत विशेषताको आधारमा ज्ञानदिल दासको कृतिहरूको चर्चा गर्नुहोस्।

(च) प्राथमिककालीन भक्ति काव्य रचनाकारको रूपमा ज्ञानदिल दासको योगदानबारे विशद् चर्चा गर्नुहोस् ।

## 10.8 अतिरिक्त अध्ययन


घनश्याम नेपाल **नेपाली साहित्यको परिचयात्मक इतिहास**

डा. केशवप्रसाद उपाध्याय – **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति**

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – **नेपाली कविताको प्रवृत्ति**

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – **साझा समालोचना**

दयाराम श्रेष्ठ र मोहनराज शर्मा **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**

बलराज आचार्य **नेपालमा समाज र संस्कृति**

कुमार प्रधान **पहिलो पहर**

कुमार प्रधान **द गोर्खा कंक्वेस्ट**

जनकलाल शर्मा – **जोसमनी सन्तपरम्परा र साहित्य**

भानुभक्त ग्रन्थावली – **पारसमणि प्रधान**

यस अतिरिक्त **ज्ञानदिल दासका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता** - बारेमा अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 10.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

1. सन्त कवि ज्ञानदिल दासका रचनाहरू ।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. ज्ञानदिल दासका रचनाहरूको संरचनात्मक विशेषता ।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. ज्ञानदिल दासका रचनाहरूको शैलीगत विशेषता ।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 10.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 11, नेपाली साहित्यका अमर साहित्यकार मोतीराम भट्टका कृतिबारे विशेष अध्ययन ।

**संरचना**


11.0 उद्देश्य

11.1 परिचय

11.2 मोतीराम भट्टको साहित्यिक परिचय

11.3 मोतीराम भट्टका साहित्यिक कृतिहरू

11.3.1 कवि एवम् काव्यकारको रूपमा

11.3.2 नाटककारको रूपमा

11.3.3 समालोचकको रूपमा

11.3.4 गजलकारको रूपमा

11.3.5 अन्य विधाहरूका रचनाकारका रूपमा

11.4 उपसंहार

11.5 सार

11.6 अनुशीलनी

11.7 अतिरिक्त अध्ययन

11.8 मूल्यबृद्धिको निम्ति उत्तर


## 11.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- मोतीराम भट्टको साहित्यिक परिचय
- मोतीराम भट्टका साहित्यिक कृतिहरू

- काव्यकारको रूपमा
- कविको रूपमा
- नाटककारको रूपमा
- समालोचकको रूपमा
- गजलकारको रूपमा
- अन्य विधाहरूका रचनाकारका रूपमा

## 11.1 परिचय

कवि **मोतीराम भट्ट** नेपाली कविता साहित्यमा माध्यमिक कालमा उदाएका एक उज्ज्वल नक्षत्र हुन् । उनी नेपाली साहित्यका प्रथम गजलकार, जीवनीकार, समलोचक तथा माध्यमिक कालका प्रवर्तक थिए । थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुर्याउने कवि भट्टलाई नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा मानिन्छन् ।

वि. सं. 1940 देखि नेपाली कविताको माध्यमिक कालमा श्रृङ्गारिक प्रवृत्तिका कविता लेखनको प्रारम्भ भएको पाइन्छ । यस श्रृङ्गारिक धारा नेपाली साहित्यमा वि. सं. 1940 देखि वि. सं. 1976 सम्म चलेको छ । भनौं भने नेपाली कविता साहित्यमा यस श्रृङ्गारिक धाराको सुरुवातकर्ता कवि मोतिराम भट्ट नै थिए । नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी सन् 1914 मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ । नेपाली कविताको प्राथमिक काललाई 'लेखोट काल' भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ ।

मोतीराम भट्टले भानुभक्त आचार्य द्वारा लिखित रामायणको 'सुन्दरकाण्ड' छपाएपछि नेपाली कविताको मुद्रण युग आरम्भ भएको हो । यस कालका प्रतिनीधि कवि **मोतीराम भट्ट** (वि. सं. 1933 - वि. सं. 1953) हुन् । मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर बनारसमा मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र

समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन् । उनले तत्कालीन शासक वर्ग भोगविलासी भएकाले उनीहरुको मनोरञ्जन र सुखका लागि श्रृङ्गारिक कविताहरु लेखिए । यसैले मोतिराम भट्टलाई नेपाली साहित्यामा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् । उनलाई नेपाली भाषा साहित्यमा समालोचनाको सुरु गर्ने प्रथम स्रष्टा पनि मानिन्छ ।

## 11.2 कवि मोतीराम भट्टको साहित्यिक परिचय

मोतीराम भट्ट नेपाली साहित्यको एउटा युग अर्थात् माध्यमिक कालका प्रवर्तक हुन् । उनी नेपाली साहित्यको माध्यमिक कालका मेरुदण्ड, निर्माता र पथप्रर्दशक थिए । यिनै मोतीराम भट्टको योगदानका विषयमा बालकृष्ण समले लेखेका छन् - देशको मोतीरामप्रत्येक क्षेत्रमा राष्ट्रियता चाहन्थे, त्यसै बाट देशोन्नति हुन्छ भन्ने उनको धारणा थियो । उनी स्वदेशी खानु, स्वदेशी लाउनु, स्वदेशी व्यवहार गर्नु , स्वदेशी बोल्नु तथा स्वदेशी हेर्नु पर्दछ भन्ने सपना देख्तथे । वास्तवमा उनी एउटा होनहार, ओजस्वी र तपस्वी व्यक्तित्व थिए । उनी नेपाली भाषा, नेपाली साहित्य र नेपाली कलाप्रति गर्व मान्थे । उनको लागि यो नेपाली माटो विश्वसाहित्य थियो। थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुर्याउने उनी नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा थिए । साँच्चै उनी नेपालका एउटा कर्म वीर सपूत थिए ।

मोतीराम भट्ट नेपाली साहित्याकाशमा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् । यिनै महान् व्यक्तित्वले नेपाली भाषासाहित्यमा समालोचनाको श्रीगणेश गरे । भट्टले नै संवत् 1948 मा कवि भानुभक्त आचार्यको जीवनचरित्रलाई नेपाली साहित्यको मन्दिरमा सममर्पण गरेर पहिलो आधिकारिक समालोचकमा आफ्नो नाउँ लेखाए । कवि भानुभक्त आचार्य को जीवनचरित्रमा मोतीराम भट्टले प्रभाववादी ढङ्बाट व्याख्यात्मक रूपमा भानुभक्त प्रशंसाको थाक पनि लगाएका छन् । उनले भानुभक्तलाई स्थापित गर्न धेरै जुक्ति ख्याएका थिए । भानुभक्तलाई महान् कवि बनाउन उनले कैयौ फुटकर कविता रच्चै भानुभक्तका नाउँमा पनि समाविष्ट गराएका थिए भनिन्छ । यस कुराको प्रमाण तानासर्माबाट पनि व्यक्त गरिएको छ- आफूले खोजेका कविलाई प्रतिभासम्पन्न

तथा सहज कवि थिए भन्ने पार्नलाई नै उनले त्यस_जीवनचरित्रमा भानुभक्तले रचेका भनेर जताततै फुटकर सिलोकहरू देखाएका थिए । ती फुटकर सिलोकहरूमध्ये धेरै जसो मोतीराम भट्ट आफैँले रचेका थिए ।'' उदाहरणका लागि घाँसीसम्बन्धी दुई सिलोकहरूमध्ये पहिलोलाई लिन सकिन्छ :

*भर् जन्म घाँसतिर मन दिइ धन् कमायो*

*नाम क्यै रहोस् पछि भनेर कुवा खनायो*

*घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो*

*मो भानुभक्त धनि भै कन आज यस्तो ।*

मोतीराम भट्ट जोस''गै पनि खुलस्त हुन्थे । उनी साथीभाइ भनेपछि पनि मरिमेट्थे । दरबार हाई स्कूलमा उनका सहपाठी चन्द्रशमशेर ज.ब.रा. तथा देवशमशेर ज.ब.रा. थिए । देशको विकासका लागि मोतीराम भट्ट चिन्तित थिए । त्यस बेला मोतीराम भट्टको देशप्रतिको चाहनालाई भावी प्रधानमन्त्री देवशमशेर ज.ब.रा.ले राम्ररी हृदयङ्म गरेका थिए । देवशमशेर ज.ब.रा.ले पनि मोतीराम भट्टलाई मन पराउने गर्थे । त्यसबेला देवशमशेरको सुधारवादी दृष्टिकोणमा मोतीरामको प्रशस्तै भूमिका थियो । एकातिर देवशमशेर प्रधानमन्त्री हुनु र अर्का तिर त्यसै बेला मोतीरामको निधन हुनाले देवशमशेरले चाहिने जति सुधारमा मोतीराम भट्टको सहयोग पाउन सकेनन् ।

## 11.3 मोतिराम भट्टका साहित्यिक कृतिहरू

मोतीराम भट्टले नेपाली साहित्याकाशमा सक्रिय भई जम्मा पन्ध्र वर्षजति सेवा गरे । त्यस अवधिमा उनले झन्डै पच्चीसवटाजति साहित्यिक कृति लेखे, सम्पादन गरे । यिनले अरू लेखकका पनि कृति प्रकाशित गराएका थाहा पाइन्छ । यिनले लेखेका कृतिहरू हुन् : -

(1) **मनोद् वेगप्रवाह** (कविता सङ्ग्रह - 1942), (2) **प्रह्लाद भक्तिकथा** (काव्य - 1943), (3) **गजेन्द्रमोक्ष** (काव्य - 1944), (4) **पञ्चकप्रपञ्च** (काव्य - 1944), (5)

**शकुनौ ती** (शकुनविचार - 1944), (6) **स्वप्नाध्याय** (स्वप्नविचार - 1944), (7) **गफाष्टक** (केही अष्टक - 1944), (8) **शकुन्तला** (नाटक - 1944), (9) **सङ्गीत चन्द्रोदय** (केही गजल - 1944), (10) **उषाचरित्र** (काव्य - 1944), (11) **अनुप्रासमञ्जरी** (1944), (12) **चाणक्यनीति** (1945), (13) **पद्मावती** (नाटक अपूर्ण - 1945), (14) **पिकदूत** (काव्य - 1945), (15) **काशीराज चन्द्रसेन** (1945), (16) **गुलसनोवर** (आख्यान - 1946), (17) **उखानको बखान,** (18) **कालभ्रमरसंवाद** (काव्य), (19) **हुस्न अरोज आराम दिल** (उर्दू नाटक), (20) **बालाजीवर्णन** (कविता), (21) **भानुभक्तको जीवन-चरित्र** (जीवनी तथा समालोचना 1948), (22) **प्रियदर्शिका** (नाटक - 1949), (23) **तीजको कथा,** (24) केही फुटकर वार्णिक छन्दका कविता र गजलहरू । यिनले सम्पादन गरेका कृतिहरु यी हुन्- **रामायण बालकाण्ड** (वि.सं. 1941) र **सम्पूर्ण रामायण** (वि.सं. 1944) आदि ।

उनले गद्य र पद्य दुवै विधामा कलम चलाएर आफ्नो प्रतिभाको जादु देखाएर गएका छन्। ज्यादै सरल, शान्त र सहृदयी प्रवृत्तिका मोतीराम भट्टले वि 1948 .सं. थिए। गरेका सम्बोधन भनेर आदिकवि भानुभक्तलाई पहिले सबभन्दा मा जसको थियो उच्चस्तरीय र परिष्कृत राम्रो ज्यादै लेखन गद्य उनको नै उतिबेला एउटा उदाहरण -"गोर्खा भाषामा हुन त धेरै नामका कवि, भानुभक्तभन्दा पहिला भए तर कविताको मर्म जानी भाषा पद्य लेख्ने कविहरूमा आदिकवि भानुभक्त नै हुन्।" यसरी मोतीराम भट्टले सर्वप्रथम भानुभक्तको जीवनी लेखेर अन्धकारमा लुकेका भानुलाई सारा नेपाली जनसमक्ष उज्यालोमा ल्याएका थिए।

यस अतिरिक्त उनको परिचय निम्न अन्यतम उपलब्धिहरूका निम्ति पनि जान्न सकिन्छ –

**आधुनिक नेपाली गद्यका प्रतिष्ठापक ।**

**प्रथम नेपाली पत्रिका गोर्खा भारत जीवनका सम्पादक ।**

**प्रथम जीवनीकार र समालोचक ।**

**पहिलो नेपाली प्रेस पशुपति छापाखानाका स्थापक ।**

**प्रथम सामूहिक साहित्यिक संस्था मोतीमण्डलीका संस्थापक ।**

**प्रथम नेपाली गीत गजलका उन्नायक । साहित्यका विविध विधाका प्रथम प्रयोक्ता । (काव्य, नाटक, निबन्ध, आख्यान आदि)**

**विविध भाषा (संस्कृत, हिन्दी, उर्दू, अङ्ग्रेजी) का ज्ञाता ।**

**भानुभक्तीय रामायणको प्रथम प्रकाशक**

**नेपालीमा समस्यापूर्तीको प्रथम प्रयोक्ता आदि ।**

## 11.3.1 कवि एवम् काव्यकारको रूपमा –

वि सं 1940 को दशकदेखि काव्ययात्रा आरम्भ गर्ने कवि मोतीराम भट्टले आफ्नो अग्रज कविले आरम्भ गरेको वीरधारा र भक्तिधाराभन्दा भिन्दै श्रृङ्गारिक धाराको निर्माण गरी त्यही श्रृङ्गारिक धारालाई गोडमेल र मलजल प्रदान गर्दै नेपाली कविताको विकासमा काव्यलेखनको नयाँ मूल्य र मान्यतालाई स्थापित गरेका पाइन्छ ।

मोतीराम भट्टले श्रृङ्गार, भक्ति तथा राष्ट्रियताका विषयमा थुप्रै कविताहरू लेखे श्रृङ्गारिक कविताका चाहिँ उनी निर्माता नै बने । श्लोकसङ्ग्रह र मनोद्वेगप्रवाहमा मोतीराम भट्टका थुप्रै श्रृङ्गारिक कविता रहेका छन् । पिकदूत' मोतीराम भट्टको श्रृङ्गाररसको अर्को प्रमुख काव्य हो । उनका अन्य रचनाहरूमा कविताका सर्जाम, उषाचरित्र, गजेन्द्रमोक्ष, पञ्चक प्रपञ्चक, प्रहलाद भक्ति कथा, तीजको कथा, कमल भ्रमर संवाद, कवि सम्मोह वर्णन, भ्रमर गीत आदि प्रमुख रहेका देखिन्छन् भने यिनै काव्यिक कृतिहरू रचना गरेर मोतीराम भट्टले नेपाली साहित्यलाई समृद्ध तुल्याएका बुझिन्छ ।

## 'पिकदूत' खण्डकाव्यको विश्लेषण -

मोतीराम भट्टद्वारा लिखित **पिकदूत** कविता माध्यमिक कालको पहिलो कृति हो । 'पिक' को अर्थ चरा ( कोइली ) अनि दूत को अर्थ सन्देसवाहक हो भन्ने बुझिन्छ । यसमा ग्रीष्म ,बर्षा ,शरद ,हेमन्त ,शिशिर र वसन्त ऋतुको वर्णन पाइन्छ । यस कविताताई दूत काव्य पनि भनिन्छ । प्रस्तुत कविता कालिदास कृत मेधदूत सरह छ । यस कवितामा शार्दूलविक्रीढ़ित ,बसन्ततिलका र मालिनी छन्दको प्रयोग कृत मानिन्छ । यस कवितामा विप्रलम्भ श्रृंगारको अभिव्यक्त रहेता पनि यो काव्य सममोक श्रृंगारकृत हो ।

## 'पिकदूत' खण्डकाव्यको विश्लेषण वा बिषयवस्तु –

मोतीराम भट्ट लिखित पिकदूत काव्य आफ्नो पति परदेश गएका कारण कामवासनाले पिड़ित नारीको वियोग वेदनामा आधारित छ । नारीको विरह वेदनावाट प्रारम्भ भई संयोगमा गएर टुङ्गिएको प्रस्तुत खण्डकाव्यमा विप्रलम्भ श्रृंगारको राम्रो अभिव्यक्ति पाइन्छ । "पाकेको फल फाली जानु परदेश कुन धर्मको शास्र हो " भन्ने काव्यनायिकाको भनाईबाट नायिका यौवनले मस्त छ । उसको यौवन पाकेको छ भन्ने सिद्ध हुन्छ अर्थात बुझिन्छ । यही पाकेको यौवन खानका लागि आउनु भनी पिक वा कोइलीलाई पति भएको ठाउँमा समाचार पुरयाइदिन नायिका आग्रह गर्छे । कामले अत्यन्त सताइरहेकी नायिकाले कामधन्दाकै कारण पिक अर्थात कोइलीलाई सन्देश पठाउन लागेको स्पष्ट देखिन्छ ।

प्रस्तुत काव्यको नायिका सम्भोगका लागि अत्यन्त आतुर छे भन्ने कुराको प्रमाण जम्मा तीस श्लोकको काव्यमा आठपटक उसले पतिलाई खबर भनेस् र दुई पटक यो कुरा सोधेस् भनेकोवाट स्पष्ट हुन्छ । प्रेस्तुत काव्यमा ग्रीष्मदेखि बसन्त सम्मका छ वटा ऋतुका विशेषताहरु संक्षेपमा चित्रण गरीएका साथै यी सबै ऋतुले नायिकामा कामको मात्रा झन् बढ़ाएको कुर व्यक्त गरिएको पाइन्छ ।

ग्रीष्म ऋतुमा छारो धूलो उड़नगई दशै दिशा अँध्यारो भएकाले उसको मन थर्र थर भएको छ भने बर्षा ऋतुमा मेघ गर्जेर बिजुली चम्कन्दा मन ढुकढुक भएको छ । यस्तै शरद ऋतुमा हाँसहरु निस्किएको र चन्द्रले अमृतको बर्षा गराएको कारण चन्द्रर चकोरको प्रिती देखी उ झन् उतेजित हुन्छ भने हेमन्तको चिसो बतासको कारण पतिलाई भेट्न आतुर हुन्छन् । शिशिर ऋतुमा हिउँ परि अझ जाड़ो भएका हुनाले रूई फूई र दूई चाहिनेमा चाँहि नभएकोले उ झन् मर्माहत् हुन्छन् । बसन्तमा फूल र भमराको मेल देख्दा उसलाई पनि पतिसंगको समभोगको समझना हुन्छ । यसरी छ वटै ऋतुहरुमा मान्छे कामवासनाले उन्दीप्त हुन्छ भन्ने मानवीय सत्यलाई कविले पिकदूतमा प्रस्तुत गरेका छन् ।

प्रस्तुत काव्यमा विछोड़ हुन अघाड़िको छुट्टिनु अधाड़िको सम्भोग जननीय स्थितिको स्मरण पनि नायिकाले गरेकी छ । पति परदेस जानु अघि एक जीउ भएर बसेको तथा अन्तर चन्दन अनि केवार धसेर एकान्तमा बसेको प्रसंगको उल्लेख पनि नायिकाले पिकसंग गरेकी छे भने त्यही समागमको स्मरणका कारण पनि उसलाई कामले बढ़ी उत्तेजित गराएको ।

मनमा आनन्द नभए कुनै कुराले पनि उसलाई रमाइलो लाग्दैन भन्ने कुर यस काव्यमा देखाएको छ । कामवास्नाको तृप्तिको आभावमा छटपटिएको हुनाले पिकदूतकी नायिका मजुरले नाँचको ,चकारोले चन्द्रमा हेरेको, भमराले फूल चुसेका जस्ता रमाइला दृश्यहरु देख्दा पनि पीढ़ाको अनुभव गर्दै र चन्द्रमाले छर्केको अमृतलाई पनि बिष ठान्दछे । शिशिरमा हिउँ पनि पर्ने र ग्रीष्ममा प्रचण्ड गर्मी हुने ठाँउमा बसेकी यस काव्यकी नायिका आर्थिक दृष्टिले निकै सम्मान देखिन्छे । उसलाई रूई तथा फूई ( ओड़ने, ओछ्याउने र आगो ) को समस्था छैन भने लगाउनका लागि अत्तर चन्दन पनि छ र घरमा काम पनि गर्नु हुँदैन । पति सम्झेर नै उसको दिन बित्छ भने उसको वेदना र पीर भन्नु नै पतिको अँगलामा बाँधिन नपाउनु हो ।

प्रस्तुत काव्यकी नायिकाले जीवनको सबै भन्दा ठूलो महत्व वास्नाको तृप्तिलाई लिएको छ । वासनाको पूर्ति नभएकाले नै उ आफुलाई निर्धो अनुभव गर्छे भने बाच्न आधार पनि नभएको वताएको छ । यो सबै पापको कारण भएको हो भन्ने ठहर छ । आत्मिक भन्दा भौतिक प्रेम नै काव्यमा प्रस्तुत भएको पाइन्छ । यस काव्यमा घर छोड़ि विदेशीन वाध्यहुनु पर्ने कतिपय नेपाली परिवारको वाध्यता पवि व्यक्त भएको छ । पढ़ाइका लागि वा चाकरीको लागि नेपालीहरु आफ्नो स्त्रीलाई छाड़ेर विदेशीने प्रवृति त्यस बेलादेखि आजसम्म पनि कायम देखिन्छ ! पति परदेशीएका कारण पिढ़ित नारीको प्रतिनिधित्व यस साव्यकी नायिकाले गरेकी छे।

## पिकदूतको भाषा-शैली -

पिकदूत खण्डकाव्य मूलत : सरल र सरज स्वभाविक आफै आफ हुने बनाउनु नपर्ने अर्थात जन्मजात रुपमा भएको जस्तै हाँस्नु, रूनु भाषामा लेखिएको छ । काठमाण्डौ उपत्यकामा बोलिने नेपाली भाषिकाको प्रयोग पनि मोतीराम यस काव्यमा गरेका छन् ! श्लोक 14 मा ' उहाँ ' का लागि प्रयुक्त ' ह्याँ ' श्लोक 1 र 14 मा ' यहाँ ' का लागि प्रयुक्त ' ह्याँ ' श्लोक 25 मा ' भई ' का लागि प्रयुक्त ' हवै ' यस्तै शब्द हुन् भने श्लोक 11 र 21 मा ' म ' का लागि प्रयुक्त ' मो ' चाँहि व्यक्ति भाषा हो ।

प्रस्तुत काव्यकी नायिकाले जीवनको सबै भन्दा ठूलो महत्व वास्नाको तृप्तिलाई लिएको छ । वासनाको पूर्ति नभएकाले नै उ आफुलाई निर्धो अनुभव गर्छे भने बाच्न आधार पनि नभएको वताएको छ । यो सबै पापको कारण भएको हो भन्ने

ठहर छ । आत्मिक भन्दा भौतिक प्रेम नै काव्यमा प्रस्तुत भएको पाइन्छ । यस काव्यमा घर छोड़ि विदेशीन वाध्यहुनु पर्ने कतिपय नेपाली परिवारको वाध्यता पवि व्यक्त भएको छ । पढ़ाइका लागि वा चाकरीको लागि नेपालीहरु आफ्नो रत्नीलाई छाड़ेर विदेशीने प्रवृति त्यस बेलादेखि आजसम्म पनि कायम देखिन्छ । पति परदेशीएका कारण पिढ़ित नारीको प्रतिनिधित्व यस काव्यकी नायिकाले गरेकी छे ।

यस काव्यमा भन् -भन् खिस्रिक्क , दुङदुङ जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ भने ' माल पाईकन हुन्न चाल नभई के गर्नु यस्तै परी : जो होचो उसको परेछ मुखमा घोचो ' भने झै भयो । जस्ता उखान प्रयोग पनि पाइन्छ ।

नेपाली भाषामा त्यति प्रचलित नभईसकेका आगान्तुक शब्दको प्रयोग पनि यस काव्यमा पाइन्छ । अंग्रेजीको नम्बर अरबीका अवहाल ,फारसीको दगाह आदि यस्तै शब्दहरु हुन् । मोतीरामले यस काव्यमा छन्द मिलाउनका लागि कतिपय शब्दलाई बिगारेर समेत प्रयोग गरिएको पाइन्छ भने लयात्मकताका द्दष्टिले पनि यो काव्य उत्कृष्ट देखिन्छ । यसमा शार्दुलबिक्रीढ़ित छन्दका 27 श्लोक बसन्ततिलका छन्दका र श्लोक र मालिनी छन्दका 1 श्लोक गरी जन्म 30 श्लोकहरु पाइन्छन् । अंलकारको प्रयोग पनि कविले यस काव्यमा सफलता पूर्वक गरेका देखिन्छन् । यसमा अन्त्यानुप्रासको प्रयोग काव्य भरिनै पाइन्छ भने वृत्यानुप्रास तथा छेकानुप्रासको प्रयोग पनि पाइन्छ । काव्यमा उपमा,रूपक,प्रतीप,विषम तथा अप्रस्तुत प्रशंसा जस्ता अंलकारको सुन्दर प्रयोग पाइन्छ ।

संस्कृत दूत काव्यको प्रेरणा ग्रहण गरेर लेखिएको मोतीराम भट्टको ' पिकदूत ' विप्रलम्भ श्रृंगारको कोमल भाव तथा नारी ह्रदयको निश्छल मनोवृन्तिद्वारा सजिएको नेपाली साहित्यको पहिलो मौलिक काव्य हो । पति वियोगका कारण एउटी यौनमा उत्पन्न विरहजन्य कल्पना अविरल वगिरहेको महसुस हुने यस खण्डकाव्यमा काव्य सौन्दर्यको महक यत्रतत्र देख्न सकिन्छ । केवल 30 श्लोकको काव्यमा प्रकृतिको सिंगो चित्रण समेतिएको पाइन्छ । प्रकृतिसंग मान्छेको कोमल प्रण्य भावलाई नचुटिने गरी जोड़िएको पाइन्छ । वियोग नै साचो अर्थमा प्रेमको प्रतिबिम्ब हो भन्ने कुरा कविले पतिसंग बिछोड़िएको ' नायिकी ' मनको भावलाई प्रकट गरेर सिद्ध गरिदिएका छन् । विप्रलम्भ श्रृंगार रसको परिपाक हुनको साथै प्रकृतिलाई उद्धिपनका रुपमा प्रयोग गरिएको सरल र स्वभाविक भाषा शैलीमा अभिव्यक्त पिकदूत नेपाली साहित्यकै महत्वपूर्ण काव्य हो भन्न सकिन्छ ।

## 'कविताको सरजाम' कविताको विश्लेषण - शीर्षक सार्थकता -

प्रस्तुत **कविताको सरजाम** कविताको शीर्षकमा धेरै शार्थकता रहेको देखिन्छ । कुनै पनि असल र उत्कृष्ठ कविता बन्नुका निम्ति के कस्ता तत्त्व, घटक र उपकरणहरूको कवितामा आवश्यक्ता पर्दछ भन्ने कुरालाई इङ्गित गरेर प्रस्तुत कविता कवि मोतीरामले रचेको हुनाले यस कविताको शीर्षकमा सार्थकता रहेको पाइन्छ ।

कवि मोतीराम भट्टको प्रस्तुत **कविताको सरजाम** कविताको रचनाकाल वि. सं. 1957 तीर भएको मानिन्छ भने प्रकाशन चाहिँ वि. सं. 2030 को दशकमा भएको मानिन्छ ।

## विषयवस्तु वा भावविधान -

प्रस्तुत **कविताको सरजाम** कविताको विषयवस्तु साहित्य वा कविता नै रहेको पाइन्छ । यस कवितामा कवि भट्टले कविता सिर्जनाका निम्ति चाहिने गहना, उपकरण आदिको विषयलाई उल्लेख गरेका छन् ।

कविताको उपयुक्त सरजामाको लागि कोश, काव्य अर्थ, आख्यान, छन्द आदिका अध्ययनका साथै लेख्ने ठाउँ वा कोठाको लागि आवश्यक एकान्त स्थल देखि लिएर विभिन्न थरीका साज – समान, चीज – बीचहरूको तालिका नै प्रस्तुत कवितामा कवि भट्टले दिएका छन् । यी सबै भएपछि कविता बन्नलाई सबै मूड र प्रेरणा जगाउने आवश्यक वातावरणको सिर्जना पनि कविमा हुनुपर्छ भन्ने भाव यस कवितामा पाइन्छ ।

## उद्देश्य कथन -

कवि मोतीराम भट्टद्वारा लिखित प्रस्तुत **कविताको सरजाम** कविताको मुल उद्देश्य नै एउटा असल कवि र कविता बन्नलाई कुन – कुन कुराको आवश्यकता पर्छ भन्ने विषयको शास्त्रीय अध्ययन पाठक समक्ष प्रस्तुत गर्नु हो ।

सर्वप्रथम कविको उमेर बीस वर्षको भन्दा माथि हुनुपर्छ अनि उसले धेरै ग्रन्थ, कोष, काव्य मिमांशा, साहित्य, छन्द आदिको अध्ययन गरेको हुनुपर्छ भन्ने शिक्षाप्रदान यस कवितामा भएको पाइन्छ । कविलाई कुनै पनि गाँस र बासको

चिन्ता हुनुहुँदैन । कविताको साधनमा कविलाई कुनै पनि अनुचित प्रभाव पर्नु हुँदैन भन्ने कवि भट्टको उद्देश्य रहेको छ ।

## भाषा – शैली -

कवि मोतीराम भट्टको **कविताको सरजाम** कविताको भाषा – सैली पाठकको हृदयमा सहजै भिज्न सक्ने सरल र सहज छन् । कविताको भाषा – शैली सरल भए तापनि कतिपय शब्दमा भने ह्रस्व र दीर्धको नियम मिलेको देखिन्न ।

यसरी नै समस्यापूर्ति कविता लेख्ने जाँगर चलेपछि अरूलाई पनि यस विषयमा केन्द्रित गर्न मोतीराम भट्टले काठमाडौ तथा बनारस दुवै ठाउँमा **मित्रमण्डली** को स्थापना गरे । संस्कृत वाङ्मयको पुरानो चलनलाई नेपाली भाषामा कायम गराउन उनी खुबै जुटे र समस्यापूर्तिको कविता सर्वप्रथम भट्टले नै आफै लेखे । बनारसमा बसेको बेला यिनले आफ्ना हितैषी साथीहरू तेजबहादुर, काशीनाथ, रङ्गनाथ, चेत सिंह र पद्मविलासलाई पनि समस्यापूर्तिका कविता लेख्न निपुर्ण बनाए । यिनले काठमाडौमा राजीवलोचन जोशी, भोजराज पाण्डे, डोलेश्वर, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, कालीप्रसाद, देवराज र गोपीनाथ लोहनी आदिलाई पनि सङ्गठनात्मक रूपमा समस्यापूर्तिको कविता लेख्न वातावरण जुटाए । वास्तवमा उनीहरू पनि क्रमशः क्रमशः समस्यापूर्ति ' कविता लेख्न निपुर्ण भएका थिए ।

## 11.3.2 नाटककारको रूपमा –

नाटककारको रूपमा पनि **मोतिराम भट्ट** नेपाली साहित्यप्रदेशका एउटा अलौकिक व्यक्तित्व थिए । उनी नेपाली भाषासाहित्यको सृजना, सङ्गठन प्रेरक, श्रद्धेय र आधिकारिक पुरुष थिए । पढ्दै , पुस्तक लेख्तै, सम्पादन गर्दै, पत्रिका चलाउँदै , पुस्तकालय खोल्दै , छापाखानाको स्थापना गर्दै, अरूलाई लेख्न प्रेरणा दिँदै यिनले नेपाली धर्ती लाई बिर्सि नसक्नुको गुन लगाएका छन् । नेपालका लागि मरिमेट्ने उनी ठूला सपूत थिए । आफ्नो जीवनको अथक मिहिनेत, बौद्धिक कसरत र हिम्मतका कारणले उनी नेपाली माटोमा चिरस्मरणीय छन् । उनका प्रमुख नाट्यकृतिहरूमा **शकुन्तला, प्रियदर्शिका, पद्मावती काशीनाथ चन्द्र सेन, सकुन्तला** तथा उर्दूमा **हुस्न अफरोज आराम दिल** आदि रहेको पाइन्छ ।

मोतीराम भट्टले हुन त उर्दू मा पनि नाटक लेखेका थिए । शकुन्तला नाटक उनले आफ्ना साथी देवशमशेर ज.ब.रा.को. अनुरोधमा लेखन र निर्देशन गरेका थिए ।

यिनले निर्देशन गरेको यो नाटक प्रधानमन्त्री वीरशमशेर ज.ब.रा.ले पनि हेरे । यो नाटक दरबारबाट पुनः बाहिर निस्केन । भनिन्छ देवशमशेरबाट नै यस नाटकलाई दबाइएको हुन सक्छ । जे होस् , मोतीराम भट्ट नाटकलेखनमा जति कुशल थिए निर्देशनकलामा पनि त्यति नै पोख्त थिए ।

## 11.3.3 समालोचकको रूपमा –

नेपाली साहित्यजगत्मा पहिलो समालोचक तथा जीवनीलेखक मोतीराम भट्ट हुन् । 1948 सालमा भट्टले भानुभक्त आचार्य को जीवनीको पुस्तक लेखेका थिए । नेपाली साहित्यका आदि समालोचक नै मोतीराम भट्ट थिए । यिनले र्सवप्रथम भानुभक्तको रचनाको समालोचना गरी नेपाली साहित्यमा समालोचनाको आरम्भ गरेका थिए । भानुभक्तको जीवन-चरित्रमा खालि भानुभक्त आचार्य को जीवनीमात्र प्रस्तुत नगरी आचार्य का कवित्वशक्तिको मोतीरामले समालोचना गरेका छन् । त्यसै कृतिमा मोतीरामले भानुभक्तलाई आदरस्वरूप आदिकविको नामाङ्कन गरेका छन् । तर भानुभक्तभन्दा अघि पनि नेपाली भाषामा कविता लेख्ने कविहरू भएको हुँदा भानुभक्तलाई जातीय कवि भने न्याय होला । हुन त यसमा मोतीराम भट्टले लेखेका पनि छन्- गोर्खाभाषामा हुन त धेरै नामका कवि भानुभक्तभन्दा पहिले भये तर कविताको मर्म जानी भाषापद्य लेखने कविहरूमा आदिकवि भानुभक्त नै हुन् ।

मोतीराम भट्ट नेपाली साहित्यका प्रथम अन्वेषक पनि हुन् । उनले नै भानुभक्तको बालकाण्ड रामायण फेला पारे । 17 वर्षको उमेर पार गरिसकेपछि उनी प्रायः भानुभक्तीय निष्ठामा एकोहोरो भएर लागे । त्यसै बेलादेखि उनले भानुभक्तसम्बन्धी जीवनी लेखे, पाण्डुलिपि खोजे । मोतीरामले नै भानुभक्तका वधूशिक्षा,भक्तमाला',प्रश्नोत्तर' र रामगीतालाई प्रकाशनमा ल्याएका थिए । यिनले भानुभक्तको अत्यन्तै गहिरिएर खोजिनीति गरे । भानुभक्तका अतिरिक्त यिनले बिहारीलाल, छविलाल, पतञ्जलि आदि व्यक्तिहरू पनि कवि भएको सूचना जनसमक्ष पुर्याएका थिए ।

साहित्य-सृजनामा यी आफ्ना दौँतरीहरूलाई नै अगि सारिरहन्थे । आफ्ना पूर्वज, समकालीन र पछाडिका मान्छेको उनी खुवै प्रशंसा गर्थे । यिनले भानुभक्तलाई कहीँ आदिकवि भनेका छन्, कहीँ कविकुलमुकुट भनेका छन् भने कहीँ चाहिँ चक्रचूडामणि पनि भनेका छन् । त्यसैगरी यिनले राजीवलोचन जोशीलाई

कविशिरोमणि र पद्मविलास पन्तलाई कवि भनेर सम्बोधन गरेका छन् । मोतीराम भट्टले आफूले मनले खाएको व्यक्तिको स्तुति गरेर कविता पनि लेखिदिन्थे । उनले भानुभक्त, राजीवलोचन र पद्मविलासको काव्यात्मक महिमा निकै राम्ररी गाएका छन् ।

## 11.3.4 गजलकारको रूपमा –

गजल वास्तवमा 10 औं शताब्दीतिर पर्सियाबाट उत्पत्ति भएको मानिन्छ। यसमा अल्प-यो किनकि भनिन्न। कविता यसलाई पनि भए अभिव्यञ्जना भावात्मक र शैली कवितात्क मिल्दैमिल्दैन। कवितासँगकवितालेखनका कतिपय नियमहरू यसमा लागू हुँदैनन् र यसमा लाग्ने कतिपय ढाँचागत नियमहरू कवितामा लाग्दैनन्। यसमा लाग्ने कतिपय नियमलाई पनि फारसी र उर्दूकै पदावलीमा बुझिन्छ जस्तै-‘रदिफ’,‘काफिया’, ‘बहर’, ‘मिसरा’, ‘तखल्लूस’, ‘मकता’, ‘मतला’ आदि। गजलीय अभिव्यक्ति मध्ययुगीन फारसी सभ्यताबाट क्रमशः मध्यपूर्तिर लम्किँदै इस्लामिक जमातमा पसेको र करिब 12 औं शताब्दीतिर दक्षिण एसियाली भूमिमा प्रवेश गरेको इतिहासिक दाबीहरु पाइएको छ। मुगलकालीन भारतमा यसले प्रश्रय पाएर उर्दूबाट हिन्दीको प्रारूप ग्रहण गऱ्यो र पछि काशी पढ्न गएका रवाफिला, जोशिला र रोमाञ्चक प्रवृत्तिका मोतिरामले यसलाई नेपालीमा भित्र्याए।

मोतिराम भट्टले पनि नेपाली गजलमा भित्र्याएका थिए भन्ने निम्न उदाहरणले प्रष्ट पार्नसक्छः-

“*म तिम्रा अघी पर्न लायक् कहाँ छू,*
*त्यसैले अघी सर्न लायक् कहाँ छू।*

*हुकुम हुन्छ तिम्रो त हाजिर छँदैछू,*
*बिना मर्जि आँट गर्न लायक् कहाँ छू।*

*अरूका ऊपर आँखिभौं तानि हाने,*
*म जावो हरेछू। कहाँ लायक् मर्न!*

*जहाँसम्म मन चल्छ लौ हुन्छ घुर्कुन्,*
*तिनै झैं नजर् तर्न लायक् कहाँ छू।*

*सडकमै छ मन् हर्न सक्नू हरीले,*
*सुनीस् मोति त्यो गर्न लायक् कहाँ छू।*”

वास्तवमा नेपाली साहित्यको माध्यमिक कालभन्दा अघि गजलको कुनै अस्तित्व नै थिएन । गजल भन्ने वस्तु नै थिएनन् । कवि, साहित्यकार सायद यससित अनभिज्ञ नै थिए । गजललाई नेपाली साहित्यमा स्थान दिलाउने नेपाली भाषामा गजलको आविष्कार गर्ने काम काम  मोतीराम भट्टले नै गरे । यिनले नेपाली भाषामा थुप्रै गजल लेखेर लोकप्रिय बनाएका छन् । त्यस बेला यिनको गजललेखनबाट लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, नरदेव पाण्डे पनि आकर्षित भए र उनीहरूले पनि गजल लेख्न थाले । भट्टकै प्रेरणाबाट शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र मवीवि शाहले पनि नेपाली काव्यविधामा गजललाई महत्त्वपूर्ण किसिमले प्राथमिकता दिए । भट्ट गजलकार मात्र नभएर गायक पनि थिए । त्यसबेला दरबारमा उर्दूका गीतगजल गाएको देखेर यिनले नेपाली गजलगीत लेखे र गाएर पनि प्रस्तुत गर्न थाले । दरबारमा पनि क्रमशः मोतीराम भट्टले लेखेका गजल चल्न थाले :

यता हेर्यो यतै मेरा नजर् मा राम प्यारा छन्

उता हेर्यो उतै मेरा नजर् मा राम प्यारा छन् ।

"मोतीराम भट्ट, नेपाली साहित्यमा जन्मजयन्ती मै सिमित राखिने नाम होइन ।"

गजल 1

दुइ आँखिभौँ त तयार छन्, तरबार पो किन
चाहियो, तिमी आफु मालिक भैगयौ, सरकार पो किन
चाहियो ।।

पहरा कडा छ कटाक्षको, हरदम तयार मुहारमा,
घर भन्नु भारि महल न हो, दरबार पो किन
चाहियो ।।

कति चम्किलो छ हँसाइको हिसिमा किरन
पनि दाँतको
मणि, मोती, नीर जुहार न हो, अरु हार पो
किन चाहियो ।।

उनका तेत्तीस गजलमध्ये बत्तीस गजलमा श्रृङ्गारिक चेतना व्यक्त भएको पाइन्छ । उनका गजलमा सम्भोग श्रृङ्गार र विप्रलभ श्रृङ्गारको सफल प्रयोग भएको पाइन्छ।

'यहाँ मलाई यती गर्नुहोला,

कटारी घसी मन पछी हेर्नु होला ।'

प्रस्तुत गजलमा श्रृङ्गार र प्रेमको कठोर अभिव्यक्ति प्रस्तुत भए झैं उनका गजलमा श्रृङ्गार र प्रेमको कठोर अभिव्यक्ति भएको पाइन्छ । जस्तै –

'उनी फेरी कुन नाक लाएर आयो ।'

मोतीरामका केही गजलहरूको अन्तिम पङ्क्तिको शुरूमा हरि र अन्तिममा मोती शब्दको प्रयोग भएका पाइन्छन् । हरिवदन नाम गरेकी युवतीसँग उनको उठवास थियो भन्ने थाहा लाग्दछ । यसकारण उही हरिवदनसँगको उठवासलाई उनले हरि र मोती शब्दको प्रयोग गरेर प्रस्तुत गरेका हुन् भन्ने भनाइ पनि रहेको पाइन्छ –

'म भन्दै थिँए, हे ही होस् राखे

हेर ! हेर ! मोती हराएर आये ।'

यसैगरी उनको गजलमा अन्त्यानुप्रासको सफल भएको पाइन्छ । यसको सफल प्रयोगले गर्दा उनका गजल गेयात्मक बन्न सकेका बुझिन्छ । उनका गजलमा सहज र सरल शब्दावलीको प्रयोग भएको देखिन्छ । उनलाई हिन्दी, उर्दू, अङ्ग्रेजी भाषाको राम्रो ज्ञान थियो । यी विविध भाषागत ज्ञानको प्रभाव उनका गजलमा पनि प्रष्ट देखा परेका छन् ।

जस्तै – 'हरवखत पर्खी रहन्छु लुक टु मी ओ माइ डियर' । उनले गजलमा नायिकाको सौन्दर्य चेतनलाई सुन्दर ढङ्गमा प्रस्तुत गरेका छन् । यसैको प्रभावले गर्दा उनका गजल मार्मिक बनेका पाइनछन् । जस्तै –

'मणि हो भन् त नझल्कने, बिजुली भनू त नचम्कने

अइना भनू त नटल्कने, उपमा कसोरी जूराउनु ।'

उनी गजलमा कतै प्रेमिकासँग प्रेमालाप गर्छन् भने कतै वियोगमय भाव व्यक्त गर्छन् । उनका केही गजलमा नारी पात्र म पात्रको रूपमा उपस्थित भएका छन् । यही नारी पात्रको माध्यमद्वारा उनले अवसरवादी प्रेमीहरूको चरित्रलाई उदाङ्गो

पार्ने काम गरेका छन् । उनका गजलमा बिम्बविधानको सफल भएको पाइन्छ । यही बिम्बविधानको सफलताले गर्दा उनका गजलमा कवितात्मक राग र भावगत उच्चता व्यक्त भएको देखिन्छ । यस क्रममा उनले नायकलाई जीवात्मा र नायिकालाई परमात्मा हो भन्ने सिद्धान्तलाई अँगाल्ने चेष्टा गरेका बुझिन्छ । जसले गर्दा नै उनका गजलमा नायक – नायिकाका प्रेम र पीडामय अभिव्यक्ति व्यक्तिएका पाइन्छन् ।

## 11.3.5 अन्य विधाहरूका रचनाकारका रूपमा

सम्पादक, छापाखाना र पत्रिकाका प्रबन्धक तथा पुस्तकालयका निर्माता मोतीराम भट्टले प्रायः भानुभक्त आचार्य का कृतिहरूको मात्र सम्पादन गरेको पाइन्छ । भानुभक्तको बालकाण्ड रामायण यिनै को सक्रियता, सौजन्य र भूमिगत सम्पादनमा प्रकाशित भएको थियो । भानुभक्तकृत भाषा रामायणको यिनै ले सम्पादन गरेका थिए । त्यसैगरी मोतीरामले भानुभक्तका भक्तमाला, रामगीता, प्रश्नोत्तरा र वधूशिक्षाको पनि सम्पादन गरेका थिए ।

मोतीराम भट्टले नै पहिलो नेपाली मासिक पत्रिकाको प्रकाशनको प्रबन्ध गरे । यिनले निकालेको पत्रिकाको नाउँ थियो- गोरखा भारतजीवन र यो पत्रिका बनारसबाट प्रकाशित भएको थियो । यिनले बनारसका आफ्ना हितैषी मित्र रामकृष्ण बर्माको सहयोग लिएर भारतजीवननामक छापाखाना स्थापना गराए । त्यस छापाखानालाई यिनैले जिम्मा लिई यिनी आफू त्यसको प्रबन्धकका रूपमा बसे । भट्टले त्यही छापाखानाबाट भानुभक्तका कृतिहरू पनि छपाए । भट्टले यस छापाखानाबाट यसका स्वामी रामकृष्ण बर्मा लाई पनि निक्कै आर्थि क लाभ पुर्याएका थिए ।

मोतीरामले नेपालमा आफ्ना मामा कृष्णदेव पाण्डे र आफ्ना अभिन्न मित्र धीरेन्द्रसँग मिली ठहिटीमा पाशुपत छापाखानाको स्थापना गरे । 1950 सालमा खोलिएको यो छापाखाना त्यति बेलाको नेपालको प्रसिद्ध छापाखाना मानिएको छ । पाशुपत छापाखानाको स्थापनापश्चात् त्यहाँबाट नेपाली भाषासाहित्यका थुप्रै पुस्तक र पत्रिकाहरू छापिन थाले । आफ्ना मामा कृष्णदेव पाण्डेसँग मिलेर आफ्नो नाउँसमेत जोडी काठमाडौको ठहिटीमा यिनले एउटा पुस्तकालयको स्थापना गरे- मोतीकृष्ण कम्पनी । यिनले त्यस पुस्तकालयमा नेपाली भाषाका

यथेष्ट पुस्तकहरू जोड्न थाले । मोतीकृष्ण कम्पनीबाट पुस्तकहरू पनि बेचिने कार्य हुन्थ्यो । उनले नेपाली भाषाको पहिलो पुस्तकालयको निर्माण गरेर नेपाली भाषासाहित्यको सेवा गरेका थिए ।

मोतीराम भट्ट नेपाली साहित्यप्रदेशका एउटा अलौकिक व्यक्तित्व थिए । उनी नेपाली भाषासाहित्यको सृजना, सङ्गठनका प्रेरक, श्रद्धेय र आधिकारिक पुरुष थिए । पढ्दै , पुस्तक लेख्तै, सम्पादन गर्दै, पत्रिका चलाउँदै , पुस्तकालय खोल्दै , छापाखानाको स्थापना गर्दै, अरूलाई लेख्न प्रेरणा दिँदै यिनले नेपाली धर्ती लाई बिर्सि नसक्नुको गुन लगाएका छन् । नेपालका लागि मरिमेट्ने उनी ठूला सपूत थिए । आफ्नो जीवनको अथक मिहिनेत, बौद्धिक कसरत र हिम्मतका कारणले उनी नेपाली माटोमा चिरस्मरणीय छन् । उनको योगदानका कारणले उनी यस देशका राष्ट्रिय विभूति बनेका छन् । उनका नाउँमा कैयौँ सङ्घसंस्था, बाटाघाटाको निर्माण भएका छन् । उनका नाउँमा हुलाक टिकट निकालिएको छ । उनै को नाउमा युवावर्ष मोती पुरस्कारसमेत स्थापना भएको छ जुन पुरस्कार नेपाली साहित्यका युवा पिँडीको सर्वोच्च पुरस्कारका रूपमा रहेको छ ।

बहुमुखी प्रतिभाका धनी मोतीराम भट्ट राष्ट्रभाषा नेपालीका पहिलो उत्थापक थिए । मोतीरामको सृजना, गोडमेल र जलमलका कारणले नेपाली भाषाले आजको स्थिति ओगटेको हो । उनको यो मुलुकप्रति अत्यन्तै ठूलो सद्भावना थियो । उनी कट्टर राष्ट्रवादी थिए :

अचल् झन्डा फर्कोस् फरफर गरी कान्तिपुरिमा

रिपूको मन् थर्कोस् थरथर गरी छीन घरिमा

यवन्ले राज गर्दा कति पतित हिन्दूस्थल भयो

फगत् यो नेपाल् को मुलुक बचि कंचन् रहिगयो।

## 11.4 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, मोतीरामको योगदानका कारणले उनी यस देशका राष्ट्रिय विभूति बनेका छन् । उनका नाउँमा कैयौँ सङ्घसंस्था, बाटाघाटाको निर्माण भएका छन् । उनका नाउँमा हुलाक टिकट निकालिएको छ। उनैको नाउमा युवावर्ष मोती पुरस्कारसमेत स्थापना भएको छ जुन पुरस्कार नेपाली साहित्यका युवा पिँडीको सर्वोच्च पुरस्कारका रूपमा रहेको छ । उनले ती पुरस्कारले असाएहरु लाई सहयोग पनी गरे । बहुमुखी प्रतिभाका धनी मोतिराम भट्ट राष्ट्रभाषा नेपालीका पहिलो उत्थापक थिए । मोतिरामको सृजना, गोडमेल र जलमलका कारणले नेपाली भाषाले आजको स्थिति ओगटेको हो । उनको यो मुलुकप्रति अत्यन्तै ठूलो सद्भावना थियो ।

वि. सं. 1940 देखि नेपाली कविताको माध्यमिक कालमा श्रृङ्गारिक प्रवृत्तिका कविता लेखनको प्रारम्भ भएको पाइन्छ । यस श्रृङ्गारिक धारा नेपाली साहित्यमा वि. सं. 1940 देखि वि. सं. 1976 सम्म चलेको छ । भनौं भने नेपाली कविता साहित्यमा यस श्रृङ्गारिक धाराको सुरुवातकर्ता कवि मोतिराम भट्ट नै थिए । नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी सन् 1914 मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ । नेपाली कविताको प्राथमिक काललाई 'लेखोट काल' भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ ।

मोतीराम भट्टले भानुभक्त आचार्य द्धारा लिखित रामायणको 'सुन्दरकाण्ड' छपाएपछि नेपाली कविताको मुद्रण युग आरम्भ भएको हो । यस कालका प्रतिनीधि कवि **मोतीराम भट्ट** (वि. सं. 1933 - वि. सं. 1953) हुन् । मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर बनारसमा मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन् । उनले तत्कालीन शासक वर्ग भोगविलासी भएकाले उनीहरुको मनोरञ्जन र सुखका लागि श्रृङ्गारिक कविताहरु लेखिए । यसैले मोतिराम भट्टलाई नेपाली साहित्यामा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् । उनलाई नेपाली भाषा साहित्यमा समालोचनाको सुरु गर्ने प्रथम स्रष्टा पनि मानिन्छ ।

नेपाली साहित्यामा आदिकवि भानुभक्त आचार्य पछि उदय हुने सशक्त व्यक्तित्व कवि **मोतिराम भट्ट** प्रथम गजलकार, जीवनीकार, समलोचक तथा माध्यमिक कालका प्रवर्तक हुन् ।

## 11.5 सार

यस प्रखण्डमा **नेपाली साहित्यका अमर साहित्यकार मोतिराम भट्टका कृतिबारे विशेष अध्ययन** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

● **मोतिराम** भट्ट जोसँगै पनि खुलस्त हुन्थे । उनी साथीभाइ भनेपछि पनि मरि मेट्थे । दरबार हाई स्कूलमा उनका सहपाठी चन्द्रशमशेर ज.ब.रा. तथा देवशमशेर ज.ब.रा. थिए । त्यस बेला मोतिराम भट्टको देशप्रतिको चाहनालाई भावी प्रधानमन्त्री देवशमशेर ज.ब.रा.ले राम्ररी हृदयङ्म गरेका थिए ।

● देवशमशेरको सुधारवादी दृष्टिकोणमा मोतिरामको प्रशस्तै भूमिका थियो । देवशमशेर प्रधानमन्त्री हुनु र अर्का तिर उक्त समय मोतिरामको निधन हुनाले देवशमशेरले चाहिने जति सुधारमा मोतिराम भट्टको सहयोग पाउन नसकेको बताइन्छ ।

● समस्या - पूर्ति, जीवनी लेखन, पत्रपत्रिका सञ्चालन गरी गीत र गजल लेखनक्रमको थालनीका साथै अरुलाई प्रोत्साहित गर्ने कवि **मोतीराम भट्ट**को योगदान नेपाली कवितामा उल्लेखनीय रहेको छ । उनको प्रमुख कृतिहरूमा **पिकदूत**, **कमल - भ्रमर सम्वाद** , **भ्रमर गीत** आदि छन् । यसकालमा अनुवादभन्दा बढी मौलिक कविताहरु रचनातर्फ कविहरु प्रेरित भएको पाइन्छ ।

●**मोतिराम भट्ट** विशेषतः श्रृङारवादी साहित्यकार थिए । उनी जोसँग पनि भुतुक्कै हुन्थे । अति मिलनसार भएकाले उनीसँग पनि धेरैले घनिष्टता जोडेका थिए । यिनमा केटीहरूसँगको घनिष्टता औधि थियो । वास्तवमा मोतिराम भट्टले लेखेका अधिकांश गजलहरू पनि श्रृङ्गाररसले भरिएका नै पाइन्छन ।

●**मोतिराम भट्ट** आधुनिक नेपाली गद्यका प्रतिष्ठापक, प्रथम नेपाली पत्रिका गोर्खा भारत जीवनका सम्पादक, प्रथम जीवनीकार र समालोचक, पहिलो नेपाली प्रेस पशुपति छापाखानाका स्थापक, प्रथम सामूहिक साहित्यिक संस्था मोतीमण्डलीका संस्थापक, प्रथम नेपाली गीत गजलका उन्नायक, साहित्यका विविध विधाका प्रथम प्रयोक्ता । (काव्य, नाटक, निबन्ध, आख्यान आदि), विविध

भाषा (संस्कृत, हिन्दी, उर्दू, अङ्ग्रेजी) का ज्ञाता, भानुभक्तीय रामायणको प्रथम प्रकाशक, नेपालीमा समस्यापूर्तीको प्रथम प्रयोक्ता आदि हुन् ।

●वि सं 1940 को दशकदेखि काव्ययात्रा आरम्भ गर्ने कवि मोतीराम भट्टले आफ्नो अग्रज कविले आरम्भ गरेको वीरधारा र भक्तिधाराभन्दा भिन्दै श्रृङ्गारिक धाराको निर्माण गरी त्यही श्रृङ्गारिक धारालाई गोडमेल र मलजल प्रदान गर्दै नेपाली कविताको विकासमा काव्यलेखनको नयाँ मूल्य र मान्यतालाई स्थापित गरेका पाइन्छ ।

●मोतीराम भट्टद्वारा लिखित **पिकदूत** कविता माध्यमिक कालको पहिलो कृति हो । 'पिक' को अर्थ चरा सन्देसवाहक अर्थ को दूत अनि ( कोइली ) हो भन्ने बुझिन्छ । यसमा ग्रीष्म ,बर्षा ,शरद ,हेमन्त ,शिशिर र वसन्त ऋतुको वर्णन पाइन्छ । यस कविताताई दूत काव्य पनि भनिन्छ ।

●**कविताको सरजाम** कविताको रचनाकाल वि. सं. 1957 तीर भएको मानिन्छ भने प्रकाशन चाहिँ वि. सं. 2030 को दशकमा भएको मानिन्छ ।

●**कविताको सरजाम** कविताको विषयवस्तु साहित्य वा कविता नै रहेको पाइन्छ । यस कवितामा कवि भट्टले कविता सिर्जनाका निम्ति चाहिने गहना, उपकरण आदिको विषयलाई उल्लेख गरेका छन् ।

## 11.6 अनुशीलनी

(1) नेपाली कविताको विकास परम्परामा श्रृङ्गारकालीन नेपाली कविताको अध्ययन प्रस्तुत गर्नुहोस् ।

(2) मोतीराम भट्टका कविताका प्रमुख विशेषताहरूबारे चर्चा गर्नुहोस् ।

(3) नेपाली कवितामा कवि मोतीराम भट्टको महत्त्व र मूल्य के कस्तो छ ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

(4) नेपाली कविताका पहिलो गजलकार, जीवनीकार, समालोचकको रूपमा कवि मोतीराम भट्टको साहित्यिक जीवनी लेख्नुहोस् ।

(5) मोतीराम भट्टको मोती – मणडलीबारे सविस्तार चर्चा गर्नुहोस् ।

(6) कवि मोतीराम भट्टले साहित्यका अन्य विधाहरूको विकासमा पुर्याएका योगदानबारे चर्चा गर्नुहोस् ।

(7) नेपाली गजलहरूमा मोतिराम भट्टद्वारा लिखित गजलहरूको कति प्रभाव रहेको ठान्नुहुन्छ ? व्याख्या गर्नुहोस् ।

(8) मोतीराम भट्टको पिकदूत कृतिको विविध वैशिष्ठबारे एउटा लेख तयार पार्नुहोस् ।

(9) मोतीरामले नेपाली साहित्य आकाशमा भानुभक्तलाई चिनाउने कार्य गरेका हुन भन्ने विषयमा आफ्नो तर्कसम्मत उत्तर प्रस्तुत गर्नुहोस् ।

(10) नेपाली साहित्य लेखनको विकास परम्परामा मोतीराम भट्टको योगदानको चर्चा गर्दै उनको स्थान निर्धारण गर्नुहोस् ।

## 11.7 अतिरिक्त अध्ययन

बासुदेव त्रिपाठी **नेपाली कविताको सिँहावलोकन**

चूडामणि बन्धु साझा कविता

खगेन्द्रप्रसाद लुइँटेल कविता सिद्धान्त र नेपाली कविताको इतिहास

लक्ष्मणप्रसाद गौतम कविताको सैद्धान्तिक विमर्श

रमेश श्रेष्ठ नेपाली कविताको प्रवृत्ति

घनश्याम नेपाल नेपाली साहित्यको परिचयात्मक इतिहास

मोहनराज शर्मा र

दयाराम श्रेष्ठ नेपाली साहित्यको संक्षिप्त इतिहास

केशवप्रसाद उपाध्याय प्राथमिककालीन नेपाली कविता

मोती ग्रन्थवाली

यस अतिरिक्त मोतीराम भट्टबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाहरूको पनि अध्ययन ।

# 11.8 मूल्यबृद्धिको निम्ति उत्तर

१. मोतीराम भट्टको साहित्यिक जीवनी ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. मोतीराम भट्टको साहित्यिक कृतिहरू ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. कवि एवम् काव्यकारको रूपमा मोतीराम भट्ट ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. मोतीराम भट्टको **पिकदूत** खण्डकाव्यको विश्लेषण ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3.1 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

५. **कविताको सरजाम** कविताको रचनाकाल र भावविधान।

..........................................................................................................

..........................................................................................................

..............................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3.1 कै खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

६. **कविताको सरजाम** कविताको उद्देश्य कथन र भाषा - शैली ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 6 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3.1 को खण्डमा नै उत्तर खोज्न सक्नेछन् )**

७. नाटककारको रूपमा मोतीराम भट्टको परिचय ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 7 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

८. समालोचकको रूपमा मोतीराम भट्टको परिचय ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 8 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

९. गजलकारको रूपमा मोतीराम भट्टको परिचय ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 9 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१०. मोतीरामभट्टले अन्यान्य क्षेत्रमा पुर्याएको योगदान ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 10 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 12, मोतीराम भट्टको जीवन र दर्शन।

**संरचना**


12.0 उद्देश्य

12.1 परिचय

12.2 मोतीराम भट्टको जीवन

12.2.1 जन्म तथा मृत्यु

12.2.2 परिवार

12.2.3 शिक्षा – दिक्षा

12.2.4 पेशा, सेवा तथा संलग्नता

12.2.5 सम्मान तथा पुरस्कार

12.3 मोतीराम भट्टको कृतिगत दर्शन

12.4 उपसंहार

12.5 सार

12.6 अनुशीलनी

12.7 अतिरिक्त अध्ययन

12.8 मूल्यबृद्धिको निम्ति उत्तर


## 12.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- मोतीराम भट्टको जीवन
- जन्म तथा मृत्यु
- परिवार

- शिक्षा – दिक्षा
- पेशा, सेवा तथा संलग्नता
- सम्मान तथा पुरस्कार
- मोतीराम भट्टको कृतिगत दर्शन

## 12.1 परिचय

वि. सं. 1940 देखि नेपाली कविताको माध्यमिक कालमा श्रृङ्गारिक प्रवृत्तिका कविता लेखनको प्रारम्भ भएको पाइन्छ । यस श्रृङ्गारिक धारा नेपाली साहित्यमा वि. सं. 1940 देखि वि. सं. 1976 सम्म चलेको छ । भनौं भने नेपाली कविता साहित्यमा यस श्रृङ्गारिक धाराको सुरुवातकर्ता कवि मोतिराम भट्ट नै थिए । नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी सन् 1914 मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ । नेपाली कविताको प्राथमिक काललाई 'लेखोट काल' भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ ।

कवि **मोतीराम भट्ट** नेपाली कविता साहित्यमा माध्यमिक कालमा उदाएका एक उज्ज्वल नक्षत्र हुन् । उनी नेपाली साहित्यका प्रथम गजलकार, जीवनीकार, समलोचक तथा माध्यमिक कालका प्रवर्तक थिए । थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुर्याउने कवि भट्टलाई नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा मानिन्छन् । उनलाई नेपाली भाषा साहित्यमा समालोचनाको सुरु गर्ने प्रथम स्रष्ट्रा पनि मानिन्छ । मोतीराम भट्टले भानुभक्त आचार्य द्धारा लिखित रामायणको 'सुन्दरकाण्ड' छपाएपछि नेपाली कविताको मुद्रण युग आरम्भ भएको हो । यस कालका प्रतिनीधि कवि **मोतीराम भट्ट** (वि. सं. 1933 - वि. सं. 1953) हुन् । मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर बनारसमा मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन् ।

## 12.2 मोतीराम भट्टको जीवन

उनी नेपाली भाषा, नेपाली साहित्य र नेपाली कलाप्रति गर्व मान्थे । उनको लागि यो नेपाली माटो विश्वसाहित्य थियो। थौरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुर्याउने उनी नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा थिए । साँच्चै उनी नेपालका एउटा कर्म वीर सपूत थिए । मोतीराम भट्ट नेपाली साहित्याकाशमा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् । यिनै महान् व्यक्तित्वले नेपाली भाषासाहित्यमा समालोचनाको श्रीगणेश गरे । उनी साथीभाइ भनेपछि पनि मरिमेट्थे । दरबार हाई स्कूलमा उनका सहपाठी चन्द्रशमशेर ज तथा .रा.ब. मो लागि विकासका देशको । थिए .रा.ब.ज देवशमशेरतीराम भट्ट चिन्तित थिए । त्यस बेला मोतीराम भट्टको देशप्रतिको चाहनालाई भावी प्रधानमन्त्री देवशमशेर ज ले.रा.ब. पराउने मन भट्टलाई मोतीराम पनि ले.रा.ब.ज देवशमशेर । थिए गरेका हृदयङ्म राम्ररी भूम प्रशस्तै मोतीरामको दृष्टिकोणमा सुधारवादी देवशमशेरको त्यसबेला । गर्थेिका थियो । एकातिर देवशमशेर प्रधानमन्त्री हुनु र अर्का तिर त्यसै बेला मोतीरामको निधन हुनाले देवशमशेरले चाहिने जति सुधारमा मोतीराम भट्टको सहयोग पाउन सकेनन् । भट्टले नै संवत् 1948 मा कवि भानुभक्त आचार्यको जीवनचरित्रलाई नेपाली साहित्यको मन्दिरमा सममर्पण गरेर पहिलो आधिकारिक समालोचकमा आफ्नो नाउँ लेखाए । कवि भानुभक्त आचार्य को जीवनचरित्रमा मोतीराम भट्टले प्रभाववादी ढङ्बाट व्याख्यात्मक रूपमा भानुभक्त प्रशंसाको थाक पनि लगाएका छन् । उनले भानुभक्तलाई स्थापित गर्न धेरै जुक्ति ख्याएका थिए । भानुभक्तलाई महान् कवि बनाउन उनले कैयौ फुटकर कविता रच्तै भानुभक्तका नाउँमा पनि समाविष्ट गराएका थिए भनिन्छ । मोतीराम भट्ट जोस“गै पनि खुलस्त हुन्थे ।

## 12.2.1 जन्म तथा मृत्यु –

मोतिराम भट्टको जन्म वि. सं. 1923 साल कुशे औंसीका दिन भदौ 25 गते शनिबार काठमाडौंको भोसिको टोलमा भएको थियो । उनको वंश चाहिँ कुमाउगढबाट आएको मानिन्छ । कवि मोतीराम आफ्नो जीवनका अन्तिम दिनहरूमा तथा वि. सं. 1952 सालमा पुनः भारतको कलकत्ता गएका थिए । त्यसबखत उनी त्यहीँ थला परे । केही समयपछि उनी अशक्त शरीर लिएर काठमाडौ आए । सात महिना ओछयानमा थला परेर कुशे औसीमा एकतीस वर्ष लागेकै दिन उनी वि. सं. 1953 सालमा काठमाडौ पशुपति आर्यघाटमा स्वर्गीय भएका हुन् ।

मोतिराम आर्यघाटमा मरणासन्न अवस्थामा पुगेको क्षणमा आफ्नी आमा र बहिनीसमक्ष भनेको कुरा पं. नरदेव पाण्डेले यसरी लेखेका छन् - “अब मेरो बाह्र

घण्टादेखि बर्ता यस कलेवरमा वास छैन । हजुरले पैदा गरी बक्सिएको यस शरीरबाट केही पुरुषार्थ गरी हजूरलाई देखाउँला भन्ने इच्छा थियो, सो मनको लड्डु मनैमा मात्र रह्यो । मेरा सन्तान भएनन् भन्ने हजूरलाई ठूलो अपशोच थियो । यसमा पनि गजेन्द्रमोक्ष, प्रह्लादभक्ति आदि मदेखि पैदा भएका जति ग्रन्थ छन्, तिनै मेरा अमर सन्तान हुन् भनी सम्झिबक्सेला ।" मोतिराम भट्ट स्वर्गीय भएको 2 वर्षपछि अर्थात् संवत् 1955 मा उनका बुबा 57 वर्षीय दयाराम भट्टले भट्टकुलमा पुत्ररसन्तानको निम्ति भरखरकी कल्कलाउँदी कन्या दयाकुमारीसँग दयाराम भट्टको बिहे गरेका थिए । बिहे गरेपछि दयाराम भट्ट आफ्नी कान्छी श्रीमतीसहित काशी नै पुगे। यी दम्पतिले संवत् 1959को मार्ग कृष्ण सप्तमीमा छोरा जन्माए, जसको नाउँ राखियो - रामेश्वर भट्ट।

## 12.2.2 परिवार

मोतिराम भट्टको परिवारमा पिता पण्डित दयाराम भट्ट र माता रिपुमर्दिनी देवी थिइन् । उनी भट्ट परिवारमा माइला सुपुत्रका रूपमा जन्मेका थिए । भट्ट दम्पतिका प्रथम पुत्रचाहि जन्मनासाथ दिवङ्त भएका थिए । मोतिराम भट्टलाई दीर्धजीवी राख्न उनका मातापिताले यिनका नाकको दाहिने पोरा छेडिदिएका थिए । नाक छेडेपछि यिनलाई उनका साथीहरूले केटी भनेर गिज्याउँथे भन्ने कुरा पं. नरदेव पाण्डे अनुसार जान्न पाइन्छ ।

## 12.2.3 शिक्षा – दिक्षा

मोतिराम भट्टले 5 वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । 6 वर्ष भएपछि कविका पिता पं. दयाराम भट्ट र आमा रिपुमर्दिनीदेवी विशेष कामले काशी बसेका कारण मोतीरामलाई पनि काशी मै लगेका थिए । त्यसपछि मोतिराम भट्टको शिक्षाको प्रारम्भिक जग काशीमा नै बस्न थाल्यो ।

काशीको फारसी स्कूलमा भर्ना भएपछि त्यहीँ बस्ता - बस्तै मोतीराम भट्टले फारसी र उर्दू माध्यममा शिक्षा हासिल गर्न प्रारम्भ गरे । पछि शिक्षार्जनका समय काशीमा यिनको भेट भारतेन्दु हरिश्चन्द्रसँग भएको थियो । भारतेन्दु मोतिराम झैँ पढ्नमा पोख्त र ज्ञानी थिए । भारतेन्दुसँग गहकिलो सङगत गर्दै उनले नेपाली साहित्यको सेवा गरे र यी पढाइमा पनि समर्पित भइरहे । हुँदा - हुँदै मोतिराम पछि फारसी, उर्दूका अतिरिक्त संस्कृत, हिन्दी, अङ्ग्रेजी भाषामा पनि दक्ष हुन थाले । बनारसमा यिनले हरिश्चन्द्र स्कूलमा अङ्ग्रेजी भाषासाहित्यको अध्ययन

गरेका थिए । पढ्दा - पढ्दै आठ वर्षको उमेरमा बनारसमा नै यिनको व्रतबन्ध गरिएको थियो ।

बनारस बस्दा कवि मोतीरामले बनारसका प्रसिद्ध सितारवादक पन्ना लालबाट सितार बजाउन, गीत गाउन र गजल गाउन सिकेका थिए । करिब आठ वर्षसम्म बनारस बसेर वि. सं. 1937 सालमा मोतीराम पुनः काठमाडौं फर्किएका थिए । काठमाडौं फर्किएपछि त्यसै साल उनले आफु 15 वर्षको उमेरमा बिहे गरे । बिबाह गरेर काठमाडौंमा नै बसेको मातीरामले यगाणका दरबार हाई स्कूलमा अध्ययन पनि गरेका थिए ।

### 12.2.4 पेशा, सेवा तथा संलग्नता –

कवि मोतीराम भट्टको कवि, गजलकार, जीवनी लेखकका सट्टा विभिन्न साहित्यिक मण्डली र समस्यापूर्ती लेखनमा संलग्नता रहेको थियो । उनले वि. सं. 1937 मा मोती मण्डलीको स्थापना. वि. सं. 1937 मै समस्यापूर्तिको आरम्भ गरेका थिए । यस अतिरिक्त कवि मोतीरामले वि. सं. 1944 मा भारत जीवन प्रेसको स्थापना गरेका थिए । उनले वि. सं. 1950 मा पशुपति छापाखानाको स्थापना पनि गरेको पाइन्छ ।

### 12.2.5 सम्मान तथा पुरस्कार –

आफ्नो बाल्यकाल तथा विद्यार्थी जीवनदेखि नै साहित्यको सेवामा लागेका कवि मोतीराम भट्टले युवाकवि को सम्मान नेपाली साहित्यमा पाएका छन् । यस अतिरिक्त उनले भारतेन्दु हरिश्चन्द्रबाट नगद पुरस्कार पनि पाएका थिए ।

## 12.3 मोतिराम भट्टको कृतिगत दर्शन –

दरबार हाई स्कूलमा मोतिराम भट्ट दशम कक्षामा अध्ययन गरिरहेको बेला अर्थात् वि. सं. 1948 सालमा प्रधानमन्त्री चन्द्रशमशेरसँग दरबार हाइस्कूलको निरीक्षणमा बेलायतबाट नेपाल - भ्रमणमा आएका लर्ड राबर्टले पुरस्कारस्वरूप भट्टलाई पन्ध्रवटा ग्रन्थ उपहार दिएका थिए । त्यसताका साहित्यकारहरूलाई एउटै चौतारामा उभ्याएर सङ्गठन गर्न पनि उनी सिपालु थिए । प्रथम जीवनी लेखक, समालोचक, अन्वेषक, पत्रकार, मुद्रणालयका संस्थापक, सङ्गठनकर्ता,

पुस्तकालय स्थापक पनि मोतिराम भट्ट नै थिए । उनी कवि, गजलकार र गीतकार, नाटककार तथा नाटक निर्देशन पनि गर्थे ।

मोतीराम भट्टको साहित्यिक यात्रा यसरी विद्यार्थी जावनदेखि नै सुरू भएको पाइन्छ । बनारसमा बस्ता यिनले चार सयजति शायरीहरू लेखिसकेका थिए तर त्यस बेलासम्म यिनले नेपाली गीत, कविता र गजल कोरेकै थिएनन् । त्यसै बखत यिनले नर - नारीका युगल र दोहरी जुहारी गीत सुन्न पाएका थिए । वास्तवमा त्यस बेला सुनेको रसिया मीठा गीतहरूलाई हृदयमा रोप्न थाले, मस्तिष्कमा खेलाउन थाले र स्वरद्वारा प्रस्तुत गर्न थाले । एक समय छिमेकी खड्गदत्त पाण्डेको बिहेमा जन्ती जाँदा त्यहाँ पनि भट्टले रातभरि श्लोकमा जुहारी खेलेको सुने अनि नेपाली भाषामा पनि यति मीठा कविता लेखिँदा रहेछन् भन्ने कुराको उनीमा झन् सारो ज्ञान पलायो । ती सबै जुहारी सिलोकहरू भानुभक्तले लेखेका हुन् भन्ने चाल पाएपछि उनी एक्कासि भानुभक्त आचार्यका गुनगान गाउन थालेको मानिन्छ । लाग्न थाले । त्यसपछि उनी भानुभक्त आचार्यका कृतिहरू खोजी र प्रकाशन कार्यमा लागे भने वि. सं. 1938 को पुसमा काशी पुगेर यिनले **भारत जीवन** भन्ने हिन्दी पत्रिकाको नेपाली संस्करण ल्याई । यसको प्रकाशकीय र सम्पादकीय लेखेर भारतजीवन छापाखानासँग सम्बन्धित पनि बने । छापाखानाबाट यिनले नेपाली भाषाका पुस्तकहरू छापे । त्यसै बेला यिनले बनारसमा केही साथीहरूको सक्रियतामा एउटा मित्र मण्डलीको गठन गरे । यसलाई नेपाली साहित्यमा **मोती मण्डली** नामले चिनिन्छ ।

बनारसमा रहँदा कवि मोतीराम भट्टले समस्यापूर्तिका कवितालगायत अन्य फुटकर कविता र गजल आदि लेखनको अभियान पनि चलाएका हुन् । बनारसमा यस कार्य क्रममा उनलाई सघाउने व्यक्तिहरू पद्मविलास पन्त, काशीनाथ, रनाथ, तेजसिंह र तेजबहादुर राना थिए । काशीमा बसेकै बेला मोतिराम भट्टले भानुभक्त आचार्यको **बालकाण्ड रामायण** र पछि **सम्पूर्ण रामायण** पनि प्रकाशित गराए । त्यसै बेला उनले अन्य थुप्रै नेपाली भाषाका पुस्तकहरू प्रकाशित गराएका थिए । त्यसै ताका यिनले साथीभाइहरूलाई भेला पारी समस्यापूर्ति कविता लेख्ने जागरण ल्याएका थिए । बनारसमा नेपाली भाषा साहित्यका थुप्रै कृतिहरूको प्रकाशन गरी भट्ट संवत् 1944 फागुनमा फेरि काठमाडौ आए । राजगुरु लोकराज पण्डितबाट झिकाइएर उनी काठमाडौं आएका थिए । त्यसपछि मोतिराम भट्टले आफ्ना मामा नरदेव पाण्डे र कृष्णदेव पाण्डेको सहयोग लिएर वि. सं. 1945 सालमा

काठमाडौंको ठहिटीमा मोतीकृष्ण कम्पनी खोलेका हुन् । त्यसै बेला उनले पुस्तकालय पनि खोलेका थिए ।

मोतीराम भट्टले काठमाडौमा आफ्ना मामा नरदेव पाण्डे, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, भोजराज पाण्डे आदिसँग मिलेर **मित्र मण्डली** गठन गरेका थिए । त्यही मञ्चबाट श्रृङाररसमा समस्यापूर्ति कविताहरूको निर्माण, परिचालन र कार्यान्वयन हुन थाल्यो । त्यस बेला यिनीहरू सबैलाई मोतिराम भट्टले समस्यापूर्ति कविताको शीर्षक दिएका थिए - ल्यौ ल्यौ औँठी म दिन्छु राख तिमीले मेरो निशाना भनी । त्यही शीर्षकबाट मोतिराम लगायत यिनीहरूले औपचारिक रूपमा पहिलोपल्ट समस्यापूर्ति कविता रचना गरेका थिए । मोतिराम भट्टलाई यी समस्यापूर्ति कवितालाई सङ्ग्रह गरेर समस्याशतक भन्ने ग्रन्थनिर्माण गर्ने धोको थियो तर उनले निर्माण गर्न थालेको समस्याशतक भन्ने ग्रन्थका लागि पाँच जना कविहरू मिलेर लेख्ता जम्मा चौबीस श्लोक मात्र तयार भए सङ्ग्रह भने निस्कन सकेन । समस्यापूर्ति कविताहरूको अभ्यासमा भट्टलाई महत्त्वपूर्ण रूपमा सघाउने अन्य स्रष्टाहरू- राजीवलोचन जोशी, डोलेश्वर, कालीप्रसाद, देवराज थिए । कवि मोतीराम भट्टको कवि, गजलकार, जीवनी लेखकका सट्टा विभिन्न साहित्यिक मण्डली र समस्यापूर्ती लेखनमा संलग्नता रहेको थियो । उनले वि. सं. 1937 मा मोती मण्डलीको स्थापना. वि. सं. 1937 मै समस्यापूर्तिको आरम्भ गरेका थिए । यस अतिरिक्त कवि मोतीरामले वि. सं. 1944 मा भारत जीवन प्रेसको स्थापना गरेका थिए । उनले वि. सं. 1950 मा पशुपति छापाखानाको स्थापना पनि गरेको पाइन्छ ।

समस्या - पूर्ति, जीवनी लेखन, पत्रपत्रिका सञ्चालन गरी गीत र गजल लेखनक्रमको थालनीका साथै अरुलाई प्रोत्साहित गर्ने मोतीरामको योगदान नेपाली कवितामा उल्लेखनीय रहेको छ । उनको प्रमुख कृतिहरूमा **पिकदूत**, **कमल - भ्रमर सम्वाद** , **भ्रमर गीत** आदि छन् । यसकालमा अनुवादभन्दा बढी मौलिक कविताहरु रचनातर्फ कविहरु प्रेरित भएको पाइन्छ ।

मोतिराम भट्ट विशेषतः श्रृङारवादी साहित्यकार थिए । उनी जोससँग पनि भुतुक्कै हुन्थे । अति मिलनसार भएकाले उनीसँग पनि धेरैले घनिष्टता जोडेका थिए । यिनमा केटीहरूसँगको घनिष्टता औधि थियो । वास्तवमा मोतिराम भट्टले लेखेका अधिकांश गजलहरू पनि श्रृङ्गाररसले भरिएका नै पाइन्छन् । यिनका

श्रृङाररसका धैरै कविताहरू केटीहरूसँगकै भेटघाटका अवसरमा तयार भएका मानिन्छन् :

*यि सानै उमेऱ् देखि मन् हर्न लागे*

*यिनै सुन्दरीले जुलुम् गर्न लागे।।*

मोतीराम भट्टले नेपाली साहित्याकाशमा सक्रिय भई जम्मा पन्ध्र वर्षजति सेवा गरे। त्यस अवधिमा उनले झन्डै पच्चीसवटाजति साहित्यिक कृति लेखे, सम्पादन गरे। यिनले अरू लेखकका पनि कृति प्रकाशित गराए। यिनले लेखेका कृतिहरू हुन् –

1. **काव्य** – प्रहलाद भक्तिकथा (वि. सं. 1943), पञ्चकप्रपञ्च (वि. सं. 1944), उषाचरित्र (वि. सं. 1944), पिकदूत (वि. सं. 1944), कालभ्रमरसंवाद आदि ।

2. **कविता सङ्ग्रह – श्लोकसङ्ग्रह, मनोद् वेगप्रवाह** (वि. सं. 1942) ।

३. **नाटक** – **शकुन्तला** (वि. सं. 1944), **पद्मावती** (वि. सं. 1945), **प्रियदर्शिका** (वि. सं. 1949) आदि

४. **समालोचना** - **भानुभक्तको जीवन चरित्र** (वि. सं. 1948) ।

५. **गजल** - **सङ्गीत चन्द्रोदय** (वि. सं. 1944) ।

6. **अन्य विधाहरू** - **शकुनौ ती** (शकुनविचार, वि. सं. 1944), **स्वप्नाध्याय** (स्वप्नविचार, वि. सं. 1944), **गफाष्टक** (वि. सं. 1944 तिर) आदि ।

नेपाली साहित्यजगत्मा पहिलो जीवनीलेखक मोतीराम भट्ट हुन् । 1948 सालमा भट्टले भानुभक्त आचार्यको जीवनीको पुस्तक लेखेका थिए । नेपाली साहित्यका आदि समालोचक नै मोतीराम भट्ट थिए । यिनले र्सवप्रथम भानुभक्तको रचनाको समालोचना गरी नेपाली साहित्यमा समालोचनाको आरम्भ गरेका थिए । **भानुभक्तको जीवन-चरित्रमा** कृति केवल भानुभक्त आचार्यको जीवनी मात्र प्रस्तुत नगरी आचार्यका कवित्व - शक्तिको मोतिरामले समालोचना गरेका छन् । त्यसै कृतिमा मोतीरामले भानुभक्तलाई आदरस्वरूप आदिकविको नामाङ्कन गरेका छन् ।

मोतीराम भट्ट नेपाली साहित्यका प्रथम अन्वेषक पनि हुन् । उनले नै भानुभक्तको **बालकाण्ड रामायण** फेला पारे । 17 वर्षको उमेर पार गरिसकेपछि उनी प्रायः भानुभक्तीय निष्ठामा एकोहोरो भएर लागे । त्यसै बेलादेखि उनले

भानुभक्तसम्बन्धी जीवनी लेखे, पाण्डुलिपि खोजे । मोतीरामले नै भानुभक्तका **वधूशिक्षा,भक्तमाला',प्रश्नोत्तर'** र **रामगीता**लाई प्रकाशनमा ल्याएका थिए । यिनले भानुभक्तको अत्यन्तै गहिरिएर खोजिनीति गरे । भानुभक्तका अतिरिक्त यिनले बिहारीलाल, छविलाल, पतञ्जलि आदि व्यक्तिहरू पनि कवि भएको सूचना जनसमक्ष पुऱ्याएका थिए ।

मोतीराम भट्टले श्रृङ्गर, भक्ति तथा राष्ट्रियताका विषयमा थुप्रै कविताहरू लेखे श्रृङ्गारिक कविताका चाहिँ उनी निर्माता नै हुन् । **श्लोकसङ्ग्रह** र **मनोद्वेग प्रवाह**मा मोतिराम भट्टका थुप्रै श्रृङ्गारिक कविता रहेका छन् । **पिकदूत** भट्टको श्रृङ्गाररसको अर्को काव्य हो ।

मोतीराम भट्टले नै नेपाली भाषामा गजलको आविष्कार गरे । यिनले नेपाली भाषामा थुप्रै गजल लेखेर लोकप्रिय बनाएका छन् । त्यस बेला यिनको गजललेखनबाट लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, नरदेव पाण्डे पनि आकर्षित भए र उनीहरूले पनि गजल लेख्न थाले । भट्टकै प्रेरणाबाट शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र मवीवि शाहले पनि नेपाली काव्यविधामा गजललाई महत्त्वपूर्ण किसिमले प्राथमिकता दिए । भट्ट गजलकार मात्र नभएर गायक पनि थिए । त्यसबेला दरबारमा उर्दूका गीतगजल गाएको देखेर यिनले नेपाली गजलगीत लेखे र गाएर पनि प्रस्तुत गर्न थाले । दरबारमा पनि क्रमशः मोतीराम भट्टले लेखेका गजल प्रचलनमा आएको मानिन्छ ।

समस्यापूर्ति कविता लेख्ने जाँगर चलेपछि अरूलाई पनि यस विषयमा केन्द्रित गर्न उनले काठमाडौ तथा बनारस दुवै ठाउँमा **मित्र - मण्डली**को स्थापना गरे । संस्कृत वाङ्मयको पुरानो चलनलाई नेपाली भाषामा कायम गराउन उनी खुबै जुटे र समस्यापूर्तिको कविता सर्वप्रथम भट्टले नै आफै लेखे ।

बनारसमा बसेको बेला यिनले आफ्ना हितैषी साथीहरू तेजबहादुर, काशीनाथ, रङ्गनाथ, चेत सिंह र पद्मविलासलाई पनि समस्यापूर्तिका कविता लेख्न निपूर्ण बनाए । यिनले काठमाडौमा राजीवलोचन जोशी, भोजराज पाण्डे, डोलेश्वर, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, कालीप्रसाद, देवराज र गोपीनाथ लोहनी आदिलाई पनि सङ्गठनात्मक रूपमा समस्यापूर्तिको कविता लेख्न वातावरण जुटाए । वास्तवमा उनीहरू पनि क्रमशः क्रमशः समस्यापूर्ति ' कविता लेख्न निपुण भएका थिए ।

मोतिराम भट्टले नेपाली भाषामा **शकुन्तला, प्रियदर्शिका** र **पद्मावती** गरी तीनवटा नाटक लेखेका थिए । हुन त यिनले उर्दूमा पनि नाटक लेखेका थिए । शकुन्तला नाटक यिनले आफ्ना साथी देवशमशेर ज.ब.रा. को. अनुरोधमा लेखन र निर्देशन गरेका थिए । यिनले निर्देशन गरेको यो नाटक प्रधानमन्त्री वीरशमशेर ज.ब.रा.ले पनि हेरे । यो नाटक दरबारबाट पुनः बाहिर निस्केन । भनिन्छ देवशमशेरबाट नै यस नाटकलाई दबाइएको हुन सक्छ। जे होस् , मोतिराम भट्ट नाटकलेखनमा जति कुशल थिए निर्देशनकलामा पनि त्यति नै पोख्त थिए ।

मोतिराम भट्टले प्रायः भानुभक्त आचार्यका कृतिहरूको मात्र सम्पादन गरेको पाइन्छ । भानुभक्तको **बालकाण्ड रामायण** यिनैको सक्रियता, सौजन्य र भूमिगत सम्पादनमा प्रकाशित भएको थियो । भानुभक्तकृत भाषा रामायणको यिनैले सम्पादन गरेका थिए । त्यसैगरी मोतिरामले भानुभक्तका भक्तमाला, रामगीता, प्रश्नोत्तरा र वधूशिक्षाको पनि सम्पादन गरेका थिए । मोतिराम भट्टले नै पहिलो नेपाली मासिक पत्रिकाको प्रकाशनको प्रबन्ध गरे । यिनले निकालेको पत्रिकाको नाउँ थियो – **गोरखा, भारतजीवन** र यो पत्रिका बनारसबाट प्रकाशित भएको थियो । यिनले बनारसका आफ्ना हितैषी मित्र रामकृष्ण बर्माको सहयोग लिएर भारतजीवन नामक छापाखाना स्थापना गराए । त्यस छापाखानालाई यिनैले जिम्मा लिई यिनी आफू त्यसको प्रबन्धकका रूपमा बसे । भट्टले त्यही छापाखानाबाट भानुभक्तका कृतिहरू पनि छपाए । भट्टले यस छापाखानाबाट यसका स्वामी रामकृष्ण बर्मा लाई पनि निक्कै आर्थिक लाभ पुर्याएका थिए ।

मोतिरामले नेपालमा आफ्ना मामा कृष्णदेव पाण्डे र आफ्ना अभिन्न मित्र धीरेन्द्रसँग मिली ठहिटीमा **पाशुपत छापाखाना**को स्थापना गरे । वि. सं. 1950 सालमा खोलिएको यो छापाखाना त्यति बेलाको नेपालको प्रसिद्ध छापाखाना मानिएको छ । पाशुपत छापाखानाको स्थापनापश्चात् त्यहाँबाट नेपाली भाषासाहित्यका थुप्रै पुस्तक र पत्रिकाहरू छापिन थाले। आफ्ना मामा कृष्णदेव पाण्डेसँग मिलेर आफ्नो नाउँसमेत जोडी काठमाडौको ठहिटीमा यिनले एउटा पुस्तकालयको स्थापना गरे- मोतीकृष्ण कम्पनी । यिनले त्यस पुस्तकालयमा नेपाली भाषाका यथेष्ट पुस्तकहरू जोड्न थाले । मोतीकृष्ण कम्पनीबाट पुस्तकहरू पनि बेचिने कार्य हुन्थ्यो । उनले नेपाली भाषाको पहिलो पुस्तकालयको निर्माण गरेर नेपाली भाषासाहित्यको सेवा गरेका थिए । नेपाली साहित्यजगत्मा पहिलो समालोचक तथा जीवनीलेखक मोतीराम भट्ट हुन् । 1948

सालमा भट्टले भानुभक्त आचार्य को जीवनीको पुस्तक लेखेका थिए । नेपाली साहित्यका आदि समालोचक नै मोतीराम भट्ट थिए । यिनले र्सवप्रथम भानुभक्तको रचनाको समालोचना गरी नेपाली साहित्यमा समालोचनाको आरम्भ गरेका थिए । भानुभक्तको जीवन-चरित्रमा खालि भानुभक्त आचार्य को जीवनीमात्र प्रस्तुत नगरी आचार्य का कवित्वशक्तिको मोतीरामले समालोचना गरेका छन् । त्यसै कृतिमा मोतीरामले भानुभक्तलाई आदरस्वरूप आदिकविको नामाङ्कन गरेका छन् । तर भानुभक्तभन्दा अघि पनि नेपाली भाषामा कविता लेख्ने कविहरू भएको हुँदा भानुभक्तलाई जातीय कवि भने न्याय होला । हुन त यसमा मोतीराम भट्टले लेखेका पनि छन्- गोर्खाभाषामा हुन त धेरै नामका कवि भानुभक्तभन्दा पहिले भये तर कविताको मर्म जानी भाषापद्य लेखने कविहरूमा आदिकवि भानुभक्त नै हुन् ।

मोतीराम भट्ट नेपाली साहित्यका प्रथम अन्वेषक पनि हुन् । उनले नै भानुभक्तको बालकाण्ड रामायण फेला पारे । 17 वर्षको उमेर पार गरिसकेपछि उनी प्रायः भानुभक्तीय निष्ठामा एकोहोरो भएर लागे । त्यसै बेलादेखि उनले भानुभक्तसम्बन्धी जीवनी लेखे, पाण्डुलिपि  खोजे । मोतीरामले नै भानुभक्तका वधूशिक्षा,भक्तमाला',प्रश्नोत्तर' र रामगीतालाई प्रकाशनमा ल्याएका थिए । यिनले भानुभक्तको अत्यन्तै गहिरिएर खोजिनीति गरे । भानुभक्तका अतिरिक्त यिनले बिहारीलाल, छविलाल, पतञ्जलि आदि व्यक्तिहरू पनि कवि भएको सूचना जनसमक्ष पुर्याएका थिए । यसरी नै गजल वास्तवमा 10 औं शताब्दीतिर पर्सियाबाट उत्पत्ति भएको मानिन्छ। मिल्दैमिल्दैन गजलीय अभिव्यक्ति मध्ययुगीन फारसी सभ्यताबाट क्रमशः मध्यपूर्तिर लम्किँदै इस्लामिक जमातमा पसेको र करिब 12 औं शताब्दीतिर दक्षिण एसियाली भूमिमा प्रवेश गरेको इतिहासिक दाबीहरु पाइएको छ। मुगलकालीन भारतमा यसले प्रश्रय पाएर उर्दूबाट हिन्दीको प्रारूप ग्रहण गर्‍यो र पछि काशी पढ्न गएका रवाफिला, जोशिला र रोमाञ्चक प्रवृत्तिका मोतिरामले यसलाई नेपालीमा भित्र्याए ।

## 12.4 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, वि .सं .1940 देखि नेपाली कविताको माध्यमिक कालमा श्रृङ्गारिक प्रवृत्तिका कविता लेखनको प्रारम्भ भएको पाइन्छ । यस श्रृङ्गारिक धारा

नेपाली साहित्यमा वि .सं .1940 देखि विभनौ । छ चलेको सम्म 1976 .सं .ं भने नेपाली कविता साहित्यमा यस श्रृङ्गारिक धाराको सुरुवातकर्ता कवि मोतिराम भट्ट नै थिए । नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी सन् 1914 मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ । नेपाली कविताको प्राथमिक काललाई 'लेखोट काल' भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ । मोतीराम भट्टले भानुभक्त आचार्य द्धारा लिखित रामायणको 'सुन्दरकाण्ड' छपाएपछि नेपाली कविताको मुद्रण युग आरम्भ भएको हो । यस कालका प्रतिनीधि कवि **मोतीराम भट्ट** (वि .सं .1933 - वि .सं .1953 । हुन् (मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर बनारसमा मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन् । उनले तत्कालीन शासक वर्ग भोगविलासी भएकाले उनीहरुको मनोरञ्जन र सुखका लागि श्रृङ्गारिक कविताहरु लेखिए । मोतिराम भट्टलाई नेपाली साहित्यामा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् भनी विद्वानहरूले बताएका पाइन्छ । उनलाई नेपाली भाषा साहित्यमा समालोचनाको सुरु गर्ने प्रथम स्रष्टा पनि मानिन्छ । मोतीरामको योगदानका कारणले सम्पूर्ण देशका राष्ट्रिय विभूति तथा नायक बनेका पाइन्छन् । उनका नाउँमा कैयौँ सङ्घसंस्था, बाटाघाटाको निर्माण भएका छन् । उनका नाउँमा हुलाक टिकट निकालिएको छ। उनैको नाउमा युवावर्ष मोती पुरस्कारसमेत स्थापना भएको छ जुन पुरस्कार नेपाली साहित्यका युवा पिँडीको सर्वोच्च पुरस्कारका रूपमा रहेको छ । उनले ती पुरस्कारले असाएहरु लाई सहयोग पनी गरे । बहुमुखी प्रतिभाका धनी मोतिराम भट्ट राष्ट्रभाषा नेपालीका पहिलो उत्थापक थिए । मोतिरामको सृजना, गोडमेल र जलमलका कारणले नेपाली भाषाले आजको स्थिति ओगटेको हो । उनको यो मुलुकप्रति अत्यन्तै ठूलो सद्भावना थियो ।

## 12.5 सार

यस प्रखण्डमा **मोतिराम भट्टको जीवन र दर्शन** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

- नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी सन् 1914 मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ । नेपाली कविताको प्राथमिक काललाई 'लेखोट काल' भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ ।

● कवि **मोतीराम भट्ट** नेपाली साहित्यका प्रथम गजलकार, जीवनीकार, समलोचक तथा माध्यमिक कालका प्रवर्तक थिए ।

● मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर बनारसमा मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन् ।

●उनी नेपाली भाषा, नेपाली साहित्य र नेपाली कलाप्रति गर्व मान्थे । उनको लागि यो नेपाली माटो विश्वसाहित्य थियो। थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुर्याउने उनी नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा थिए ।

●दरबार हाई स्कूलमा उनका सहपाठी चन्द्रशमशेर ज .रा.ब.ज देवशमशेर तथा .रा.ब. विकासक देशको । थिएा लागि मोतीराम भट्ट चिन्तित थिए ।

●कवि भानुभक्त आचार्य को जीवनचरित्रमा मोतीराम भट्टले प्रभाववादी ढङ्बाट व्याख्यात्मक रूपमा भानुभक्त प्रशंसाको थाक पनि लगाएका छन् । उनले भानुभक्तलाई स्थापित गर्न धेरै जुक्ति ख्याएका थिए । भानुभक्तलाई महान् कवि बनाउन उनले कैयौ फुटकर कविता रच्तै भानुभक्तका नाउँमा पनि समाविष्ट गराएका थिए भनिन्छ ।

● मोतिराम भट्टको जन्म वि. सं. 1923 साल कुशे औंसीका दिन भदौ 25 गते शनिबार काठमाडौंको भोसिको टोलमा भएको थियो ।

● उनको वंश चाहिँ कुमाउगढबाट आएको मानिन्छ । कवि मोतीराम आफ्नो जीवनका अन्तिम दिनहरूमा तथा वि. सं. 1952 सालमा पुनः भारतको कलकत्ता गएका थिए । त्यसबखत उनी त्यहीँ थला परे । केही समयपछि उनी अशक्त शरीर लिएर काठमाडौ आए । सात महिना ओछयानमा थला परेर कुशे औसीमा एकतीस वर्ष लागेकै दिन उनी वि. सं. 1953 सालमा काठमाडौ पशुपति आर्यघाटमा स्वर्गीय भएका हुन् ।

● मोतिराम भट्टको परिवारमा पिता पण्डित दयाराम भट्ट र माता रिपुमर्दिनी देवी थिइन् । उनी भट्ट परिवारमा माइला सुपुत्रका रूपमा जन्मेका थिए । भट्ट दम्पतिका प्रथम पुत्रचाहि जन्मनासाथ दिवङ्त भएका थिए ।

● मोतिराम भट्टलाई दीर्धजीवी राख्न उनका मातापिताले यिनका नाकको दाहिने पोरा छेडिदिएका थिए । नाक छेडेपछि यिनलाई उनका साथीहरूले केटी भनेर गिज्याउँथे भन्ने कुरा पं. नरदेव पाण्डे अनुसार जान्न पाइन्छ ।

● मोतिराम भट्टले 5 वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । 6 वर्ष भएपछि कविका पिता पं. दयाराम भट्ट र आमा रिपुमर्दिनीदेवी विशेष कामले काशी बसेका कारण मोतीरामलाई पनि काशी मै लगेका थिए । त्यसपछि मोतिराम भट्टको शिक्षाको प्रारम्भिक जग काशीमा नै बस्न थाल्यो ।

● बनारस बस्दा कवि मोतीरामले बनारसका प्रसिद्ध सितारवादक पन्ना लालबाट सितार बजाउन, गीत गाउन र गजल गाउन सिकेका थिए । करिब आठ वर्षसम्म बनारस बसेर वि. सं. 1937 सालमा मोतीराम पुनः काठमाडौं फर्किएका थिए ।

● उनले वि. सं. 1937 मा मोती मण्डलीको स्थापना. वि. सं. 1937 मै समस्यापूर्तिको आरम्भ गरेका थिए । यस अतिरिक्त कवि मोतीरामले वि. सं. 1944 मा भारत जीवन प्रेसको स्थापना गरेका थिए । उनले वि. सं. 1950 मा पशुपति छापाखानाको स्थापना पनि गरेको पाइन्छ ।

● आफ्नो बाल्यकाल तथा विद्यार्थी जीवनदेखि नै साहित्यको सेवामा लागेका कवि मोतीराम भट्टले युवाकवि को सम्मान नेपाली साहित्यमा पाएका छन् । यस अतिरिक्त उनले भारतेन्दु हरिश्चन्द्रबाट नगद पुरस्कार पनि पाएका थिए ।

●वि सं 1940 को दशकदेखि काव्ययात्रा आरम्भ गर्ने कवि मोतीराम भट्टले आफ्नो अग्रज कविले आरम्भ गरेको वीरधारा र भक्तिधाराभन्दा भिन्दै श्रृङ्गारिक धाराको निर्माण गरी त्यही श्रृङ्गारिक धारालाई गोडमेल र मलजल प्रदान गर्दै नेपाली कविताको विकासमा काव्यलेखनको नयाँ मूल्य र मान्यतालाई स्थापित गरेका पाइन्छ ।

● **मोतिराम** भट्ट जोसँगै पनि खुलस्त हुन्थे । उनी साथीभाइ भनेपछि पनि मरि मेट्थे । दरबार हाई स्कूलमा उनका सहपाठी चन्द्रशमशेर ज.ब.रा. तथा देवशमशेर ज.ब.रा. थिए । त्यस बेला मोतिराम भट्टको देशप्रतिको चाहनालाई भावी प्रधानमन्त्री देवशमशेर ज.ब.रा.ले राम्ररी हृदयङ्गम गरेका थिए ।

● देवशमशेरको सुधारवादी दृष्टिकोणमा मोतिरामको प्रशस्तै भूमिका थियो । देवशमशेर प्रधानमन्त्री हुनु र अर्का तिर उक्त समय मोतिरामको निधन हुनाले

Notes

देवशमशेरले चाहिने जति सुधारमा मोतिराम भट्टको सहयोग पाउन नसकेको बताइन्छ ।

● समस्या - पूर्ति, जीवनी लेखन, पत्रपत्रिका सञ्चालन गरी गीत र गजल लेखनक्रमको थालनीका साथै अरुलाई प्रोत्साहित गर्ने कवि **मोतीराम भट्ट**को योगदान नेपाली कवितामा उल्लेखनीय रहेको छ ।

●**मोतिराम भट्ट** विशेषतः श्रृङारवादी साहित्यकार थिए । वास्तवमा मोतिराम भट्टले लेखेका अधिकांश गजलहरू पनि श्रृङ्गाररसले भरिएका नै पाइन्छन ।

## 12.6 अनुशीलनी

(1) मोतीराम भट्टको परिवार तथा शिक्षा-दिक्षाबारे प्रकाश पार्नुहोस् ।

(2) नेपाली साहित्यको श्रीवृद्धिमा उनले पुर्याएको योगदानबारे चर्चा गर्नुहोस् ।

(3) नेपाली कवितामा कवि मोतीराम भट्टको महत्त्व र मूल्य के कस्तो छ ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

(3) नेपाली कविताको विकास परम्परामा श्रृङ्गारकालीन नेपाली कविताको अध्ययन प्रस्तुत गर्नुहोस् ।

(4) नेपाली कविताका पहिलो गजलकार, जीवनीकार, समालोचकको रूपमा कवि मोतीराम भट्टको साहित्यिक जीवनी लेख्नुहोस् ।

(5) नेपाली नाटक लेखन र निर्देशनको क्षेत्रमा मोतीराम भट्टले पुर्याएको योगदान बारे खुलस्त पार्नुहोस् ।

(6) आदिकवि भानुभक्तलाई नेपाली साहित्याकाशमा चिनाउन मोतीरामले के कस्ता कार्य गरे सोबारे विवेचना गर्नुहोस् ।

(7) मोतीराम भट्टको मोती – मणडलीबारे सविस्तार चर्चा गर्नुहोस् ।

(8) कवि मोतीराम भट्टलाई प्रकाशक तथा छापाकारको रूपमा चिनाउँदै उनले नेपाली साहित्यको विकासको निम्ति पुर्याएका योगदानको विस्तृत चर्चा गर्नुहोस् ।

(9) मोतीराम भट्टका कृतिगत दर्शनबारे समीक्षा गर्नुहोस् ।

(10) गजलकारको रूपमा मोतीराम भट्टलाई चिनाउँदै उनलाई प्राप्त सम्मान र पुरस्कारबारे उल्लेख गर्नुहोस् ।

## 12.7 अतिरिक्त अध्ययन

केशवप्रसाद उपाध्याय प्राथमिककालीन नेपाली कविता

मोती ग्रन्थवाली

बासुदेव त्रिपाठी नेपाली कविताको सिँहावलोकन

चूडामणि बन्धु साझा कविता

खगेन्द्रप्रसाद लुइँटेल कविता सिद्धान्त र नेपाली कविताको इतिहास

लक्ष्मणप्रसाद गौतम कविताको सैद्धान्तिक विमर्श

रमेश श्रेष्ठ नेपाली कविताको प्रवृत्ति

घनश्याम नेपाल नेपाली साहित्यको परिचयात्मक इतिहास

मोहनराज शर्मा र दयाराम श्रेष्ठ नेपाली साहित्यको संक्षिप्त इतिहास

डा. केशवप्रसाद उपाध्याय – प्राथमिककालीन कवि र काव्य प्रवृत्ति

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – नेपाली कविताको प्रवृत्ति

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – साझा समालोचना

बलराज आचार्य नेपालमा समाज र संस्कृति

यस अतिरिक्त मोतीराम भट्ट र नेपाली साहित्यको श्रीवृद्धिबारे मोतीराम भट्टले पुर्याएको योगदानबारे चर्चा गरिएको अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र –पत्रिकाहरूको पनि अध्ययन ।

## 12.8 मूल्यबृद्धिको निम्ति उत्तर

१. मोतीराम भट्टको जीवनी ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन्)**

२. जन्म तथा मृत्यु ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.2.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन्)**

३. परिवार ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.2.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन्)**

४. शिक्षा – दिक्षा ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.2.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन्)**

५. पेशा, सेवा तथा संलग्नता ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.2.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन्)**

६. सम्मान तथा पुरस्कार ।

..........................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 6 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.2.5 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

७. मोतिराम भट्टको कृतिगत दर्शन ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 6 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 13, मोतीराम भट्टको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ।

**संरचना**

13.0 उद्देश्य

13.1 परिचय

13.2 मोतीराम भट्टको सामान्य परिचय

13.3 मोतीराम भट्टको कृतिहरू

13.4 मोतीराम भट्टको कृतिमा निहित सामाजिक मूल्य

13.5 मोतीराम भट्टको कृतिमा निहित सांस्कृतिक मूल्य

13.6 मोतीराम भट्टको कृतिमा निहित मानवीय मूल्य

13.7 मोतीराम भट्टको कृतिमा निहित सार्वजनीनता

13.8 उपसंहार

13.9 सार

13.10 अनुशीलनी

13.11 अतिरिक्त अध्ययन

13.12 मूल्यबृद्धिको निम्ति उत्तर

## 13.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- मोतीराम भट्टको सामन्य परिचय
- मोतीराम भट्टको कृतिहरू
- मोतीराम भट्टको कृतिमा निहित सामाजिक मूल्य
- मोतीराम भट्टको कृतिमा निहित सांस्कृतिक मूल्य

- मोतीराम भट्टको कृतिमा निहित मानवीय मूल्य
- मोतीराम भट्टको कृतिमा निहित सार्वजनीनता

## 13.1 परिचय

वि. सं. 1940 देखि नेपाली कविताको माध्यमिक कालमा श्रृङ्गारिक प्रवृत्तिका कविता लेखनको प्रारम्भ भएको पाइन्छ । यस श्रृङ्गारिक धारा नेपाली साहित्यमा वि. सं. 1940 देखि वि. सं. 1976 सम्म चलेको छ । भनौं भने नेपाली कविता साहित्यमा यस श्रृङ्गारिक धाराको सुरुवातकर्ता कवि मोतिराम भट्ट नै थिए । नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी सन् 1914 मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ । नेपाली कविताको प्राथमिक काललाई 'लेखोट काल' भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ । कवि **मोतीराम भट्ट** नेपाली कविता साहित्यमा माध्यमिक कालमा उदाएका एक उज्ज्वल नक्षत्र हुन् ।

## 13.2 मोतिराम भट्टको सामान्य परिचय

उनी नेपाली साहित्यका प्रथम गजलकार, जीवनीकार, समलोचक तथा माध्यमिक कालका प्रवर्तक थिए । थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुर्याउने कवि भट्टलाई नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा मानिन्छन् । मोतिराम भट्टको जन्म वि. सं. 1923 साल कुशे औंसीका दिन भदौ 25 गते शनिबार काठमाडौंको भोसिको टोलमा भएको थियो । उनको वंश चाहिँ कुमाउगढबाट आएको मानिन्छ । कवि मोतीराम आफ्नो जीवनका अन्तिम दिनहरूमा तथा वि. सं. 1952 सालमा पुनः भारतको कलकत्ता गएका थिए । त्यसबखत उनी त्यहीँ थला परे । केही समयपछि उनी अशक्त शरीर लिएर काठमाडौ आए । सात महिना ओछयानमा थला परेर कुशे औसीमा एकतीस वर्ष लागेकै दिन उनी वि. सं. 1953 सालमा काठमाडौ पशुपति आर्यघाटमा स्वर्गीय भएका हुन् । मोतिराम आर्यघाटमा मरणासन्न अवस्थामा पुगेको क्षणमा आफ्नी आमा र बहिनीसमक्ष भनेको कुरा पं. नरदेव पाण्डेले यसरी लेखेका छन् - "अब मेरो बाह्र घण्टादेखि बर्ता यस कलेवरमा वास छैन । हजुरले पैदा गरी बक्सिएको

यस शरीरबाट केही पुरुषार्थ गरी हजूरलाई देखाउँला भन्ने इच्छा थियो, सो मनको लड्डु मनैमा मात्र रह्यो । मेरा सन्तान भएनन् भन्ने हजूरलाई ठूलो अपशोच थियो । यसमा पनि गजेन्द्रमोक्ष, प्रह्लादभक्ति आदि मदेखि पैदा भएका जति ग्रन्थ छन्, तिनै मेरा अमर सन्तान हुन् भनी सम्झिबक्सेला ।" मोतिराम भट्ट स्वर्गीय भएको 2 वर्षपछि अर्थात् संवत् 1955 मा उनका बुबा 57 वर्षीय दयाराम भट्टले भट्टकुलमा पुत्ररसन्तानको निम्ति भरखरकी कल्कलाउँदी कन्या दयाकुमारीसँग दयाराम भट्टको बिहे गरेका थिए । बिहे गरेपछि दयाराम भट्ट आफ्नी कान्छी श्रीमतीसहित काशी नै पुगे। यी दम्पतिले संवत् 1959को मार्ग कृष्ण सप्तमीमा छोरा जन्माए, जसको नाउँ राखियो - रामेश्वर भट्ट। मोतिराम भट्टको परिवारमा पिता पण्डित दयाराम भट्ट र माता रिपुमर्दिनी देवी थिइन् । उनी भट्ट परिवारमा माइला सुपुत्रका रूपमा जन्मेका थिए । भट्ट दम्पतिका प्रथम पुत्रचाहि जन्मनासाथ दिवङ्त भएका थिए । मोतिराम भट्टलाई दीर्धजीवी राख्न उनका मातापिताले यिनका नाकको दाहिने पोरा छेडिदिएका थिए । नाक छेडेपछि यिनलाई उनका साथीहरूले केटी भनेर गिज्याउँथे भन्ने कुरा पं. नरदेव पाण्डे अनुसार जान्न पाइन्छ ।

मोतिराम भट्टले 5 वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । 6 वर्ष भएपछि कविका पिता पं. दयाराम भट्ट र आमा रिपुमर्दिनीदेवी विशेष कामले काशी बसेका कारण मोतीरामलाई पनि काशी मै लगेका थिए । त्यसपछि मोतिराम भट्टको शिक्षाको प्रारम्भिक जग काशीमा नै बस्न थाल्यो । काशीको फारसी स्कूलमा भर्ना भएपछि त्यहीँ बस्ता - बस्तै मोतीराम भट्टले फारसी र उर्दू माध्यममा शिक्षा हासिल गर्न प्रारम्भ गरे । पछि शिक्षार्जनका समय काशीमा यिनको भेट भारतेन्दु हरिश्चन्द्रसँग भएको थियो । भारतेन्दु मोतिराम झैँ पढ्नमा पोख्त र ज्ञानी थिए । भारतेन्दुसँग गहकिलो सङगत गर्दै उनले नेपाली साहित्यको सेवा गरे र यी पढाइमा पनि समर्पित भइरहे । हुँदा - हुँदै मोतिराम पछि फारसी, उर्दूका अतिरिक्त संस्कृत, हिन्दी, अङ्ग्रेजी भाषामा पनि दक्ष हुन थाले । बनारसमा यिनले हरिश्चन्द्र स्कूलमा अङ्ग्रेजी भाषासाहित्यको अध्ययन गरेका थिए । पढ्दा - पढ्दै आठ वर्षको उमेरमा बनारसमा नै यिनको व्रतबन्ध गरिएको थियो ।

बनारस बस्दा कवि मोतीरामले बनारसका प्रसिद्ध सितारवादक पन्ना लालबाट सितार बजाउन, गीत गाउन र गजल गाउन सिकेका थिए । करिब आठ वर्षसम्म बनारस बसेर वि. सं. 1937 सालमा मोतीराम पुनः काठमाडौं फर्किएका थिए । काठमाडौं फर्किएपछि त्यसै साल उनले आफु 15 वर्षको उमेरमा बिहे गरे ।

बिबाह गरेर काठमाडौंमा नै बसेको मातीरामले यगाणका दरबार हाई स्कूलमा अध्ययन पनि गरेका थिए । उनले वि. सं. 1937 मा मोती मण्डलीको स्थापना. वि. सं. 1937 मै समस्यापूर्तिको आरम्भ गरेका थिए ।

आफ्नो बाल्यकाल तथा विद्यार्थी जीवनदेखि नै साहित्यको सेवामा लागेका कवि मोतीराम भट्टले युवाकवि को सम्मान लगायत भारतेन्दु हरिश्चन्द्रबाट नगद पुरस्कार पनि पाएका थिए जान्न पाइन्छ ।

## 13.3 मोतिराम भट्टको कृतिहरू

उनका प्रमुख कृतिहरूमा - (1) मनोद् वेगप्रवाह (कविता सङ्ग्रह - 1942), (2) प्रह्लाद भक्तिकथा (काव्य - 1943), (3) गजेन्द्रमोक्ष (काव्य - 1944), (4) पञ्चकप्रपञ्च (काव्य - 1944), (5) शकुनौ ती (शकुनविचार - 1944), (6) स्वप्नाध्याय (स्वप्नविचार - 1944), (7) गफाष्टक (केही अष्टक - 1944), (8) शकुन्तला (नाटक - 1944), (9) सङ्गीत चन्द्रोदय (केही गजल - 1944), (10) उषाचरित्र (काव्य - 1944), (11) अनुप्रासमञ्जरी (1944), (12) चाणक्यनीति (1945), (13) पद्मावती (नाटक अपूर्ण - 1945), (14) पिकदूत (काव्य - 1945), (15) काशीराज चन्द्रसेन (1945), (16) गुलसनोवर (आख्यान - 1946), (17) उखानको बखान, (18) कालभ्रमरसंवाद (काव्य), (19) हुस्न अरोज आराम दिल (उर्दू नाटक), (20) बालाजीवर्णन (कविता), (21) भानुभक्तको जीवन-चरित्र (जीवनी तथा समालोचना 1948), (22) प्रियदर्शिका (नाटक - 1949), (23) तीजको कथा, (24) केही फुटकर वाणिर्क छन्दका कविता र गजलहरू । यिनले सम्पादन गरेका कृतिहरु यी हुन्- रामायण बालकाण्ड (वि.सं. 1941) र सम्पूर्ण रामायण (वि.सं. 1944) आदि रहेका पाइन्छन् ।

## 13.4 मोतिराम भट्टको कृतिमा निहित सामाजिक मूल्य

मोतीराम भट्टले भानुभक्त आचार्य द्वारा लिखित रामायणको ‘सुन्दरकाण्ड’ छपाएपछि नेपाली कविताको मुद्रण युग आरम्भ भएको हो । यस कालका प्रतिनीधि कवि मोतीराम भट्ट (वि. सं. 1933 - वि. सं. 1953) हुन् । मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर

बनारसमा मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन् । उनले तत्कालीन शासक वर्ग भोगविलासी भएकाले उनीहरुको मनोरञ्जन र सुखका लागि श्रृङ्गारिक कविताहरु लेखिए । यसैले मोतिराम भट्टलाई नेपाली साहित्यामा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् । उनलाई नेपाली भाषा साहित्यमा समालोचनाको सुरु गर्ने प्रथम स्रष्टा पनि मानिन्छ ।

मोतीराम भट्टले आफ्ना कवितामा तत्कालीन नेपाली जनजिब्रोमा प्रचलित भाषाको प्रयोग गरेका छन् । श्रृंगार रसका कविता लेख्ने कवि भएर पनि उनको श्रृंगार उश्लीलता भेटिंदैन । उनले शलील मर्यादित शिष्ट एवं कलात्मक श्रृंगारको प्रयोग गरेका छन् । विशुद्ध साहित्यिक सैवामा समर्पित मोतीराम भट्टले जीवनको छोटो अवधिमा प्रस्त कविताको रचना गरेका छन् । उनको कवितामा नेपाली भाषा र नेपाली जातिप्रतिको प्रेमभाव व्यक्त भएको पाइन्छ । शैलीगत दृष्टिले हेर्दा उनी छन्द ,रस ,र अंलकारको प्रयोगमा निकै सफल देखिन्छ । उनले नेपाली साहित्यमा गजललाई समेत भित्राउने कार्य गरेका छन् । कतै मिश्रित भाषिक प्रयोगका माध्यमबाट कवितामा हास्य र व्यङ्गको सिर्जना गरिएको छ भने कतै तत्सम तदभाव र ठेट शब्दको प्रयोगले उनका कविता उत्कृष्ट बन्न पुगेको छ । तसर्थ मोतीराम भट्ट नेपाली साहित्यको माध्यमिक कालका उत्कृष्ट श्रृंगारिक कवि हुन् ।

## 13.5 मोतिराम भट्टको कृतिमा निहित सांस्कृतिक मूल्य

मोतीराम भट्ट नेपाली साहित्यको एउटा युग अर्थात् माध्यमिक कालका प्रवर्तक हुन् । उनी नेपाली साहित्यको माध्यमिक कालका मेरुदण्ड, निर्माता र पथप्रर्दशक थिए । यिनै मोतीराम भट्टको योगदानका विषयमा बालकृष्ण समले लेखेका छन् - देशको मोतीरामप्रत्येक क्षेत्रमा राष्ट्रियता चाहन्थे, त्यसै बाट देशोन्नति हुन्छ भन्ने उनको धारणा थियो । उनी स्वदेशी खानु, स्वदेशी लाउनु, स्वदेशी व्यवहार गर्नु , स्वदेशी बोल्नु तथा स्वदेशी हेर्नु पर्दछ भन्ने सपना देख्तथे । वास्तवमा उनी एउटा होनहार, ओजस्वी र तपस्वी व्यक्तित्व थिए । उनी नेपाली भाषा, नेपाली साहित्य र नेपाली कलाप्रति गर्व मान्थे । उनको लागि यो नेपाली माटो विश्वसाहित्य थियो। थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुर्याउने उनी नेपाली

साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा थिए । साँच्चै उनी नेपालका एउटा कर्म वीर सपूत थिए ।

मोतीराम भट्ट नेपाली साहित्याकाशमा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् । यिनै महान् व्यक्तित्वले नेपाली भाषासाहित्यमा समालोचनाको श्रीगणेश गरे । भट्टले नै संवत् 1948 मा कवि भानुभक्त आचार्यको जीवनचरित्रलाई नेपाली साहित्यको मन्दिरमा सममर्पण गरेर पहिलो आधिकारिक समालोचकमा आफ्नो नाउँ लेखाए । कवि भानुभक्त आचार्य को जीवनचरित्रमा मोतीराम भट्टले प्रभाववादी ढङ्बाट व्याख्यात्मक रूपमा भानुभक्त प्रशंसाको थाक पनि लगाएका छन् । उनले भानुभक्तलाई स्थापित गर्न धेरै जुक्ति ख्याएका थिए । भानुभक्तलाई महान् कवि बनाउन उनले कैयौ फुटकर कविता रच्तै भानुभक्तका नाउँमा पनि समाविष्ट गराएका थिए भनिन्छ । यस कुराको प्रमाण तानासर्माबाट पनि व्यक्त गरिएको छ- आफूले खोजेका कविलाई प्रतिभासम्पन्न तथा सहज कवि थिए भन्ने पार्नलाई नै उनले त्यस_जीवनचरित्रमा भानुभक्तले रचेका भनेर जतातते फुटकर सिलोकहरू देखाएका थिए । ती फुटकर सिलोकहरूमध्ये धेरै जसो मोतीराम भट्ट आफैँले रचेका थिए ।'' उदाहरणका लागि घाँसीसम्बन्धी दुई सिलोकहरूमध्ये पहिलोलाई लिन सकिन्छ :

*भर् जन्म घाँसतिर मन दिइ धन् कमायो*

*नाम क्यै रहोस् पछि भनेर कुवा खनायो*

*घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो*

*मो भानुभक्त धनि भै कन आज यस्तो ।*

मोतीराम भट्ट जोस''गै पनि खुलस्त हुन्थे । उनी साथीभाइ भनेपछि पनि मरिमेट्थे । दरबार हाई स्कूलमा उनका सहपाठी चन्द्रशमशेर ज.ब.रा. तथा देवशमशेर ज.ब.रा. थिए । देशको विकासका लागि मोतीराम भट्ट चिन्तित थिए । त्यस बेला मोतीराम भट्टको देशप्रतिको चाहनालाई भावी प्रधानमन्त्री देवशमशेर ज.ब.रा.ले राम्ररी हृदयङम गरेका थिए । देवशमशेर ज.ब.रा.ले पनि मोतीराम भट्टलाई मन पराउने गर्थे । त्यसबेला देवशमशेरको सुधारवादी दृष्टिकोणमा मोतीरामको प्रशस्तै भूमिका थियो । एकातिर देवशमशेर प्रधानमन्त्री हुनु र अर्का तिर त्यसै बेला

मोतीरामको निधन हुनाले देवशमशेरले चाहिने जति सुधारमा मोतीराम भट्टको सहयोग पाउन सकेनन् ।

## 13.6 मोतिराम भट्टको कृतिमा निहित मानवीय मूल्य

मोतीराम भट्टले नेपाली साहित्याकाशमा सक्रिय भई जम्मा पन्ध्र वर्षजति सेवा गरे । त्यस अवधिमा उनले झन्डै पच्चीसवटाजति साहित्यिक कृति लेखे, सम्पादन गरे । यिनले अरू लेखकका पनि कृति प्रकाशित गराएका थाहा पाइन्छ । उनले गद्य र पद्य दुवै विधामा कलम चलाएर आफ्नो प्रतिभाको जादु देखाएर गएका छन्। मोतीराम भट्टले सर्वप्रथम भानुभक्तको जीवनी लेखेर अन्धकारमा लुकेका भानुलाई सारा नेपाली जनसमक्ष उज्यालोमा ल्याएका थिए। वि सं 1940 को दशकदेखि काव्ययात्रा आरम्भ गर्ने कवि मोतीराम भट्टले आफ्नो अग्रज कविले आरम्भ गरेको वीरधारा र भक्तिधाराभन्दा भिन्दै श्रृङ्गारिक धाराको निर्माण गरी त्यही श्रृङ्गारिक धारालाई गोडमेल र मलजल प्रदान गर्दै नेपाली कविताको विकासमा काव्यलेखनको नयाँ मूल्य र मान्यतालाई स्थापित गरेका पाइन्छ ।

मोतीराम भट्टले श्रृङ्गार, भक्ति तथा राष्ट्रियताका विषयमा थुप्रै कविताहरू लेखे श्रृङ्गारिक कविताका चाहिँ उनी निर्माता नै बने । श्लोकसङ्ग्रह र मनोद्वेगप्रवाहमा मोतीराम भट्टका थुप्रै श्रृङ्गारिक कविता रहेका छन् । पिकदूत' मोतीराम भट्टको श्रृङ्गाररसको अर्को प्रमुख काव्य हो । उनका अन्य रचनाहरूमा कविताका सर्जाम, उषाचरित्र, गजेन्द्रमोक्ष, पञ्चक प्रपञ्चक, प्रहलाद भक्ति कथा, तीजको कथा, कमल भ्रमर संवाद, कवि सम्मोह वर्णन, भ्रमर गीत आदि प्रमुख रहेका देखिन्छन् भने यिनै काव्यिक कृतिहरू रचना गरेर मोतीराम भट्टले नेपाली साहित्यलाई समृद्ध तुल्याएका बुझिन्छ ।

मोतीराम भट्ट माध्यमिक कालको प्रमुख धाराका रुपमा रहेको श्रृंगारिक धाराका उन्नायक प्रतिष्ठापक एवं उत्कर्षप्रदाता हुन् । उनले समभोग र विप्रलम्भ दुवै प्रकारका श्रृंगारलाई बिषयवस्तुको रुपमा छनोट गरी सफलताका साथ श्रृंगार भावको अभिव्यक्ति दिएका छन् । उनको पिकदूत काव्य विप्रलम्भ श्रृंगारको

उत्कृष्ट नमुना हो भने उनले अन्य थुप्रै गीत ,कविता गजलका माध्यमवाट पनि श्रृंगरिक भावना व्यक्त गरेका छन् ! ग्रामीन परिवेशमा हुर्केर वढ़ेका भए पनि उनले आफ्ना कवितामा शहरी जीवन र शहरी परिवेशको वर्णन गरेका छन् ।

## 13.7 मोतिराम भट्टको कृतिमा निहित सार्वजनीनता

मोतीराम भट्ट नेपाली साहित्यको बहुआयमिक व्यक्तित्व हुन् । नेपाली साहित्यको माध्यमिक कालको सिंगो नेतित्व गर्ने काम उनीवाट भएको हो । उनले कविताका अतिरिक्त नाटक,जीवनी,समालोचना,आदि विदामा पनि कलम चलाएका छन् । केवल तीस वर्षको जीवन प्राप्तगरेको भट्टले ' पिकदूत ' जस्तो खण्डकाव्य लगायत केही काव्य थुप्रै फुटकर कविता र केही गजलहरु लेखेर नेपाली साहित्यलाई समृद्धशील वनाएका छन् ।

हास्यव्याङ्ग्यात्मकता मोतीराम भट्टको अर्को काव्य प्रवृति हो । फुटकर कविता ,गजल एवं खण्डकाव्यमा उनी विनोदप्रिय कविका रूपमा देखापरेका छन् । उनले कवितामा कतै हास्य भाव व्यक्त गरेका छन् भने कतै व्याङ्गको अभिल्यक्ति दिएका छन् । विविध भाषिक उपकरणको प्रयोग गरी हास्यव्यङ्ग्यात्मक अभिव्यक्त दिनु उनको उल्लेखनीय काव्यप्रवृति हो यसको अतिरिक्त मोतीराम भट्ट सौन्दर्य चेतनाका कवि हुन् ! प्राथमिक कालीन कविहरुमा सौन्दर्य चेतना थिएन । उनीहरुमा कवितालाई कसरी राम्रो वनाउने भन्ने कलात्मक चेतना थिएन । केवल विषय प्रतिपादनमा मात्र केन्द्रिय थिए ! मोतीराम भट्टमा आइपुग्दा कविताले कलात्मकता प्राप्त गर्न सकेकाले उनी सौन्दर्य चेतनाका कविका रुपमा देखापर्दछन् । यस अतिरिक्त मोतीराम भट्टले नेपाली साहित्यको सेवा गरेवापत उनलाई प्राप्त उपलब्धिहरूले पनि उनको कृतिगत सार्वजनीनतालाई पुष्टि गरेको पाइन्छ – उनी आधुनिक नेपाली गद्यका प्रतिष्ठापक । प्रथम नेपाली पत्रिका गोर्खा भारत जीवनका सम्पादक । प्रथम जीवनीकार र समालोचक । पहिलो नेपाली प्रेस पशुपति छापाखानाका स्थापक । प्रथम सामूहिक साहित्यिक संस्था मोतीमण्डलीका संस्थापक । प्रथम नेपाली गीत गजलका उन्नायक । साहित्यका विविध विधाका प्रथम प्रयोक्ता । (काव्य, नाटक, निबन्ध, आख्यान आदि), विविध

भाषा (संस्कृत, हिन्दी, उर्दू, अङ्ग्रेजी) का ज्ञाता । भानुभक्तीय रामायणको प्रथम प्रकाशक र नेपालीमा समस्यापूर्तीको प्रथम प्रयोक्ता आदि हुन् ।

## 13.8 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, मोतिराम भट्टलाई दीर्धजीवी राख्न उनका मातापिताले यिनका नाकको दाहिने पोरा छेडिदिएका थिए । नाक छेडेपछि यिनलाई उनका साथीहरूले केटी भनेर गिज्याउँथे भन्ने कुरा पं. नरदेव पाण्डे अनुसार जान्न पाइन्छ ।

मोतिराम भट्टले 5 वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । 6 वर्ष भएपछि कविका पिता पं. दयाराम भट्ट र आमा रिपुमर्दिनीदेवी विशेष कामले काशी बसेका कारण मोतीरामलाई पनि काशी मै लगेका थिए  । त्यसपछि मोतिराम भट्टको शिक्षाको प्रारम्भिक जग काशीमा नै बस्न थाल्यो । काशीको फारसी स्कूलमा भर्ना भएपछि त्यहीँ बस्ता - बस्तै मोतीराम भट्टले फारसी र उर्दू माध्यममा शिक्षा हासिल गर्न प्रारम्भ गरे । पछि शिक्षार्जनका समय काशीमा यिनको भेट भारतेन्दु हरिश्चन्द्रसँग भएको थियो । भारतेन्दु मोतिराम झैँ पढ्नमा पोख्त र ज्ञानी थिए । भारतेन्दुसँग गहकिलो सङगत गर्दै उनले नेपाली साहित्यको सेवा गरे र यी पढाइमा पनि समर्पित भइरहे । हुँदा - हुँदै मोतिराम पछि फारसी, उर्दूका अतिरिक्त संस्कृत, हिन्दी, अङ्ग्रेजी भाषामा पनि दक्ष हुन थाले । बनारसमा यिनले हरिश्चन्द्र स्कूलमा अङ्ग्रेजी भाषासाहित्यको अध्ययन गरेका थिए । पढ्दा - पढ्दै आठ वर्षको उमेरमा बनारसमा नै यिनको व्रतबन्ध  गरिएको थियो । मोतीराम भट्टले भानुभक्त आचार्य द्धारा लिखित रामायणको  ‘सुन्दरकाण्ड’  छपाएपछि नेपाली कविताको मुद्रण युग आरम्भ भएको हो । उनले तत्कालीन शासक वर्ग भोगविलासी भएकाले उनीहरुको मनोरञ्जन र सुखका लागि श्रृङ्गारिक कविताहरु लेखिए । मोतिराम भट्टलाई नेपाली साहित्यामा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् भनी विद्वानहरूले बताएका पाइन्छ । उनलाई नेपाली भाषा साहित्यमा समालोचनाको सुरु गर्ने प्रथम स्रष्ट्रा पनि मानिन्छ ।  मोतीरामको योगदानका कारणले सम्पूर्ण देशका राष्ट्रिय विभूति तथा नायक बनेका पाइन्छन् । उनका नाउँमा कैयौँ सङ्घसंस्था, बाटाघाटाको निर्माण भएका छन् । उनका नाउँमा हुलाक टिकट निकालिएको छ। उनैको नाउमा युवावर्ष मोती पुरस्कारसमेत

स्थापना भएको छ जुन पुरस्कार नेपाली साहित्यका युवा पिँडीको सर्वोच्च पुरस्कारका रूपमा रहेको छ । उनले ती पुरस्कारले असाएहरु लाई सहयोग पनी गरे । बहुमुखी प्रतिभाका धनी मोतिराम भट्ट राष्ट्रभाषा नेपालीका पहिलो उत्थापक थिए । मोतिरामको सृजना, गोडमेल र जलमलका कारणले नेपाली भाषाले आजको स्थिति ओगटेको  हो । उनको यो मुलुकप्रति अत्यन्तै ठूलो सद्भावना थियो ।

## 13.9 सार

यस प्रखण्डमा **मोतिराम भट्टको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

- मोतिराम भट्टको जन्म वि. सं. 1923 साल कुशे औंसीका दिन भदौ 25 गते शनिबार काठमाडौंको भोसिको टोलमा भएको थियो ।

- उनको वंश चाहिँ कुमाउगढबाट आएको मानिन्छ । कवि मोतीराम आफ्नो जीवनका अन्तिम दिनहरूमा तथा वि. सं. 1952 सालमा पुनः भारतको कलकत्ता गएका थिए ।

- नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी सन् 1914 मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ । नेपाली कविताको प्राथमिक काललाई ‘लेखोट काल’ भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ ।

- कवि **मोतीराम भट्ट** नेपाली साहित्यका प्रथम गजलकार, जीवनीकार, समलोचक तथा माध्यमिक कालका प्रवर्तक थिए ।

- मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर बनारसमा मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन् ।

● मोतिराम भट्टको परिवारमा पिता पण्डित दयाराम भट्ट र माता रिपुमर्दिनी देवी थिइन् । उनी भट्ट परिवारमा माइला सुपुत्रका रूपमा जन्मेका थिए । भट्ट दम्पतिका प्रथम पुत्रचाहि जन्मनासाथ दिवङ्त भएका थिए ।

● मोतिराम भट्टलाई दीर्धजीवी राख्न उनका मातापिताले यिनका नाकको दाहिने पोरा छेडिदिएका थिए । नाक छेडेपछि यिनलाई उनका साथीहरूले केटी भनेर गिज्याउँथे भन्ने कुरा पं. नरदेव पाण्डे अनुसार जान्न पाइन्छ ।

● मोतिराम भट्टले 5 वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । 6 वर्ष भएपछि कविका पिता पं. दयाराम भट्ट र आमा रिपुमर्दिनीदेवी विशेष कामले काशी बसेका कारण मोतीरामलाई पनि काशी मै लगेका थिए । त्यसपछि मोतिराम भट्टको शिक्षाको प्रारम्भिक जग काशीमा नै बस्न थाल्यो ।

● बनारस बस्दा कवि मोतीरामले बनारसका प्रसिद्ध सितारवादक पन्ना लालबाट सितार बजाउन, गीत गाउन र गजल गाउन सिकेका थिए । करिब आठ वर्षसम्म बनारस बसेर वि. सं. 1937 सालमा मोतीराम पुनः काठमाडौं फर्किएका थिए ।

● उनले वि. सं. 1937 मा मोती मण्डलीको स्थापना. वि. सं. 1937 मै समस्यापूर्तिको आरम्भ गरेका थिए । यस अतिरिक्त कवि मोतीरामले वि. सं. 1944 मा भारत जीवन प्रेसको स्थापना गरेका थिए । उनले वि. सं. 1950 मा पशुपति छापाखानाको स्थापना पनि गरेको पाइन्छ ।

● आफ्नो बाल्यकाल तथा विद्यार्थी जीवनदेखि नै साहित्यको सेवामा लागेका कवि मोतीराम भट्टले युवाकवि को सम्मान नेपाली साहित्यमा पाएका छन् । यस अतिरिक्त उनले भारतेन्दु हरिश्चन्द्रबाट नगद पुरस्कार पनि पाएका थिए ।

●वि सं 1940 को दशकदेखि काव्ययात्रा आरम्भ गर्ने कवि मोतीराम भट्टले आफ्नो अग्रज कविले आरम्भ गरेको वीरधारा र भक्तिधाराभन्दा भिन्दै श्रृङ्गारिक धाराको निर्माण गरी त्यही श्रृङ्गारिक धारालाई गोडमेल र मलजल प्रदान गर्दै नेपाली कविताको विकासमा काव्यलेखनको नयाँ मूल्य र मान्यतालाई स्थापित गरेका पाइन्छ ।

● **मोतिराम** भट्ट जोसँगै पनि खुलस्त हुन्थे । उनी साथीभाइ भनेपछि पनि मरि मेट्थे । दरबार हाई स्कूलमा उनका सहपाठी चन्द्रशमशेर ज.ब.रा. तथा

देवशमशेर ज.ब.रा. थिए । त्यस बेला मोतिराम भट्टको देशप्रतिको चाहनालाई भावी प्रधानमन्त्री देवशमशेर ज.ब.रा.ले राम्ररी हृदयङ्गम गरेका थिए ।

● देवशमशेरको सुधारवादी दृष्टिकोणमा मोतिरामको प्रशस्तै भूमिका थियो । देवशमशेर प्रधानमन्त्री हुनु र अर्का तिर उक्त समय मोतिरामको निधन हुनाले देवशमशेरले चाहिने जति सुधारमा मोतिराम भट्टको सहयोग पाउन नसकेको बताइन्छ ।

● समस्या - पूर्ति, जीवनी लेखन, पत्रपत्रिका सञ्चालन गरी गीत र गजल लेखनक्रमको थालनीका साथै अरुलाई प्रोत्साहित गर्ने कवि **मोतीराम भट्ट**को योगदान नेपाली कवितामा उल्लेखनीय रहेको छ ।

●हास्यव्याङ्ग्यात्मकता मोतीराम भट्टको अर्को काव्य प्रवृति हो । फुटकर कविता ,गजल एवं खण्डकाव्यमा उनी विनोदप्रिय कविका रूपमा देखापरेका छन् ।

●विविध भाषिक उपकरणको प्रयोग गरी हास्यव्यङ्ग्यात्मक अभिव्यक्त दिनु उनको उल्लेखनीय काव्यप्रवृति हो यसको अतिरिक्त मोतीराम भट्ट सौन्दर्य चेतनाका कवि हुन् ।

●उनी भानुभक्तीय रामायणको प्रथम प्रकाशक र नेपालीमा समस्यापूर्तीको प्रथम प्रयोक्ता आदि पनि हुन् ।

## 13.10 अनुशीलनी

(1) नेपाली कविताको विकास परम्परामा श्रृङ्गारकालीन नेपाली कविताको अध्ययन प्रस्तुत गर्नुहोस् ।

(2) नेपाली कविताका पहिलो गजलकार, जीवनीकार, समालोचकको रूपमा कवि मोतीराम भट्टको साहित्यिक जीवनी लेख्नुहोस् ।

(3) नेपाली नाटक लेखन र निर्देशनको क्षेत्रमा मोतीराम भट्टले पुर्याएको योगदान बारे खुलस्त पार्नुहोस् ।

(4) मोतीराम भट्टद्वारा लिखित कृतिभित्र निहित सामाजिक मूल्यलाई विस्तारपूर्वक केलाउनुहोस् ।

(5) मोतीराम भट्टका कृतिहरूमा सांस्कृतिक मूल्यका आधारहरू चिनाउनुहोस् ।

(6) मानवीय मूल्यका दृष्टिकोणले मोतीराम भट्टका कृतिहरूको सम्यक मूल्याङ्कन गर्नुहोस् ।

(7) मोतीराम भट्टका काव्य कृतिहरूका सार्वजनीनताबारे उल्लेख गर्नुहोस् ।

## 13.11 अतिरिक्त अध्ययन

| | |
|---|---|
| डा. केशवप्रसाद उपाध्याय – | **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति** |
| कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – | **नेपाली कविताको प्रवृत्ति** |
| कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – | **साझा समालोचना** |
| बलराज आचार्य | **नेपालमा समाज र संस्कृति** |
| केशवप्रसाद उपाध्याय | प्राथमिककालीन नेपाली कविता |
| मोती ग्रन्थवाली | |
| बासुदेव त्रिपाठी | नेपाली कविताको सिँहावलोकन |
| चूडामणि बन्धु | साझा कविता |
| खगेन्द्रप्रसाद लुइँटेल | कविता सिद्धान्त र नेपाली कविताको इतिहास |
| लक्ष्मणप्रसाद गौतम | कविताको सैद्धान्तिक विमर्श |
| रमेश श्रेष्ठ | नेपाली कविताको प्रवृत्ति |
| घनश्याम नेपाल | नेपाली साहित्यको परिचयात्मक इतिहास |
| मोहनराज शर्मा र दयाराम श्रेष्ठ | नेपाली साहित्यको संक्षिप्त इतिहास |

यस अतिरिक्त मोतिराम भट्टको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनताबारे चर्चा गरिएको अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाहरूको पनि अध्ययन ।

## 13.12 मूल्यबृद्धिको निम्ति उत्तर

१. मोतीराम भट्टको संक्षिप्त परिचय ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. मोतीराम भट्टको कृतिहरूका परिचय ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. मोतीराम भट्टको कृतिमा निहित सामाजिक मूल्य ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. मोतीराम भट्टको कृतिमा निहित सांस्कृतिक मूल्य ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.5 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

५. मानवीय मूल्यका आधारमा मोतीराम भट्टका कृतिहरू ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.6 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

६. मोतीराम भट्टका कृतिमा निहित सार्वजनीनता ।

.................................................................................................

.................................................................................................

.................................................................................................

**(प्रश्न 6 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.7 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 14, मोतीराम भट्टको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।

**संरचना**

14.0 उद्देश्य

14.1 परिचय

14.2 मोतीराम भट्टको साहित्यिक यात्रा

14.3 मोतीराम भट्टको साहित्यिक योगदान

14.4 मोतीराम भट्टका रचनाहरू

14.5 मोतीराम भट्टका रचनाहरूको संरचनात्मक विशेषता

14.6 मोतीराम भट्टका रचनाहरूको शैलीगत विशेषता

14.7 उपसंहार

14.8 सार

14.9 अनुशीलनी

14.10 अतिरिक्त अध्ययन

14.11 मूल्यबृद्धिको निम्ति उत्तर

## 14.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- मोतीराम भट्टको साहित्यिक यात्रा
- मोतीराम भट्टको साहित्यिक योगदान
- मोतीराम भट्टका रचनाहरू
- मोतीराम भट्टका रचनाहरूको संरचना पाइने विशेषता

● मोतीराम भट्टका रचनाहरूको शैलीमा पाइने विशेषता

## 14.1 परिचय

नेपाली कविताको प्राथमिक काललाई 'लेखोट काल' भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ ।

वि. सं. 1940 देखि नेपाली कविताको माध्यमिक कालमा श्रृङ्गारिक प्रवृत्तिका कविता लेखनको प्रारम्भ भएको पाइन्छ । यस श्रृङ्गारिक धारा नेपाली साहित्यमा वि. सं. 1940 देखि वि. सं. 1976 सम्म चलेको छ । भनौं भने नेपाली कविता साहित्यमा यस श्रृङ्गारिक धाराको सुरुवातकर्ता कवि मोतिराम भट्ट नै थिए । नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी सन् 1914 मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ । कवि मोतीराम भट्ट नेपाली कविता साहित्यमा माध्यमिक कालमा उदाएका एक उज्ज्वल नक्षत्र हुन् । उनी नेपाली साहित्यका प्रथम गजलकार, जीवनीकार, समलोचक तथा माध्यमिक कालका प्रवर्तक थिए । उनलाई नेपाली भाषा साहित्यमा समालोचनाको सुरु गर्ने प्रथम स्रष्ट्रा पनि मानिन्छ । मोतीराम भट्टले भानुभक्त आचार्य द्वारा लिखित रामायणको 'सुन्दरकाण्ड' छपाएपछि नेपाली कविताको मुद्रण युग आरम्भ भएको हो । यस कालका प्रतिनीधि कवि मोतीराम भट्ट (वि. सं. 1933 - वि. सं. 1953) हुन् । मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर बनारसमा मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन् । थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुर्याउने कवि भट्टलाई नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा मानिन्छन् ।

## 14.2 मोतिराम भट्टको साहित्यिक यात्रा –

दरबार हाई स्कूलमा मोतिराम भट्ट दशम कक्षामा अध्ययन गरिरहेको बेला अर्थात् वि. सं. 1948 सालमा प्रधानमन्त्री चन्द्रशमशेरसँग दरबार हाइस्कूलको निरीक्षणमा बेलायतबाट नेपाल - भ्रमणमा आएका लर्ड राबर्टले पुरस्कारस्वरूप भट्टलाई पन्ध्रवटा ग्रन्थ उपहार दिएका थिए । त्यसताका साहित्यकारहरूलाई

एउटै चौतारामा उभ्याएर सङ्गठन गर्न पनि उनी सिपालु थिए । प्रथम जीवनी लेखक, समालोचक, अन्वेषक, पत्रकार, मुद्रणालयका संस्थापक, सङ्गठनकर्ता, पुस्तकालय स्थापक पनि मोतिराम भट्ट नै थिए । उनी कवि, गजलकार र गीतकार, नाटककार तथा नाटक निर्देशन पनि गर्थे ।

मोतीराम भट्टको साहित्यिक यात्रा यसरी विद्यार्थी जावनदेखि नै सुरू भएको पाइन्छ । बनारसमा बस्ता यिनले चार सयजति शायरीहरू लेखिसकेका थिए तर त्यस बेलासम्म यिनले नेपाली गीत, कविता र गजल कोरेकै थिएनन् । त्यसै बखत यिनले नर - नारीका युगल र दोहरी जुहारी गीत सुन्न पाएका थिए । वास्तवमा त्यस बेला सुनेको रसिया मीठा गीतहरूलाई हृदयमा रोप्न थाले, मस्तिष्कमा खेलाउन थाले र स्वरद्वारा प्रस्तुत गर्न थाले । एक समय छिमेकी खड्गदत्त पाण्डेको बिहेमा जन्ती जाँदा त्यहाँ पनि भट्टले रातभरि श्लोकमा जुहारी खेलेको सुने अनि नेपाली भाषामा पनि यति मीठा कविता लेखिँदा रहेछन् भन्ने कुराको उनीमा झन् सारो ज्ञान पलायो । ती सबै जुहारी सिलोकहरू भानुभक्तले लेखेका हुन् भन्ने चाल पाएपछि उनी एक्कासि भानुभक्त आचार्यका गुनगान गाउन थालेको मानिन्छ । लाग्न थाले । त्यसपछि उनी भानुभक्त आचार्यका कृतिहरू खोजी र प्रकाशन कार्यमा लागे भने वि. सं. 1938 को पुसमा काशी पुगेर यिनले भारत जीवन भन्ने हिन्दी पत्रिकाको नेपाली संस्करण ल्याई । यसको प्रकाशकीय र सम्पादकीय लेखेर भारतजीवन छापाखानासँग सम्बन्धित पनि बने । छापाखानाबाट यिनले नेपाली भाषाका पुस्तकहरू छापे । त्यसै बेला यिनले बनारसमा केही साथीहरूको सक्रियतामा एउटा मित्र मण्डलीको गठन गरे । यसलाई नेपाली साहित्यमा मोती मण्डली नामले चिनिन्छ ।

बनारसमा रहँदा कवि मोतीराम भट्टले समस्यापूर्तिका कवितालगायत अन्य फुटकर कविता र गजल आदि लेखनको अभियान पनि चलाएका हुन् । बनारसमा यस कार्य क्रममा उनलाई सघाउने व्यक्तिहरू पद्मविलास पन्त, काशीनाथ, रनाथ, तेजसिंह र तेजबहादुर राना थिए । काशीमा बसेकै बेला मोतिराम भट्टले भानुभक्त आचार्यको बालकाण्ड रामायण र पछि सम्पूर्ण रामायण पनि प्रकाशित गराए । त्यसै बेला उनले अन्य थुप्रै नेपाली भाषाका पुस्तकहरू प्रकाशित गराएका थिए । त्यसै ताका यिनले साथीभाइहरूलाई भेला पारी समस्यापूर्ति कविता लेख्ने जागरण ल्याएका थिए । बनारसमा नेपाली भाषा साहित्यका थुप्रै कृतिहरूको प्रकाशन गरी भट्ट संवत् 1944 फागुनमा फेरि काठमाडौ आए । राजगुरु लोकराज पण्डितबाट

झिकाइएर उनी काठमाडौं आएका थिए । त्यसपछि मोतिराम भट्टले आफ्ना मामा नरदेव पाण्डे र कृष्णदेव पाण्डेको सहयोग लिएर वि. सं. 1945 सालमा काठमाडौंको ठहिटीमा मोतीकृष्ण कम्पनी खोलेका हुन् । त्यसै बेला उनले पुस्तकालय पनि खोलेका थिए ।

मोतीराम भट्टले काठमाडौमा आफ्ना मामा नरदेव पाण्डे, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, भोजराज पाण्डे आदिसँग मिलेर मित्र मण्डली गठन गरेका थिए । त्यही मञ्चबाट श्रृङाररसमा समस्यापूर्ति कविताहरूको निर्माण, परिचालन र कार्या न्वयन हुन थाल्यो । त्यस बेला यिनीहरू सबैलाई मोतिराम भट्टले समस्यापूर्ति कविताको शीर्षक दिएका थिए - ल्यौ ल्यौ औँठी म दिन्छु राख तिमीले मेरो निशाना भनी । त्यही शीर्षकबाट मोतिराम लगायत यिनीहरूले औपचारिक रूपमा पहिलोपल्ट समस्यापूर्ति कविता रचना गरेका थिए । मोतिराम भट्टलाई यी समस्यापूर्ति कवितालाई सङ्ग्रह गरेर समस्याशतक भन्ने ग्रन्थनिर्माण गर्ने धोको थियो तर उनले निर्माण गर्न थालेको समस्याशतक भन्ने ग्रन्थका लागि पाँच जना कविहरू मिलेर लेख्ता जम्मा चौबीस श्लोक मात्र तयार भए सङ्ग्रह भने निस्कन सकेन । समस्यापूर्ति कविताहरूको अभ्यासमा भट्टलाई महत्त्वपूर्ण रूपमा सघाउने अन्य स्रष्टाहरू- राजीवलोचन जोशी, डोलेश्वर, कालीप्रसाद, देवराज थिए । कवि मोतीराम भट्टको कवि, गजलकार, जीवनी लेखकका सट्टा विभिन्न साहित्यिक मण्डली र समस्यापूर्ती लेखनमा संलग्नता रहेको थियो । उनले वि. सं. 1937 मा मोती मण्डलीको स्थापना. वि. सं. 1937 मै समस्यापूर्तिको आरम्भ गरेका थिए । यस अतिरिक्त कवि मोतीरामले वि. सं. 1944 मा भारत जीवन प्रेसको स्थापना गरेका थिए । उनले वि. सं. 1950 मा पशुपति छापाखानाको स्थापना पनि गरेको पाइन्छ ।

समस्या - पूर्ति, जीवनी लेखन, पत्रपत्रिका सञ्चालन गरी गीत र गजल लेखनक्रमको थालनीका साथै अरुलाई प्रोत्साहित गर्ने मोतीरामको योगदान नेपाली कवितामा उल्लेखनीय रहेको छ । उनको प्रमुख कृतिहरूमा पिकदूत, कमल - भ्रमर सम्वाद , भ्रमर गीत आदि छन् । यसकालमा अनुवादभन्दा बढी मौलिक कविताहरु रचनातर्फ कविहरु प्रेरित भएको पाइन्छ ।

मोतिराम भट्ट विशेषतः श्रृङारवादी साहित्यकार थिए । उनी जोसँग पनि भुतुक्कै हुन्थे । अति मिलनसार भएकाले उनीसँग पनि धैरैले घनिष्टता जोडेका थिए । यिनमा केटीहरूसँगको घनिष्टता औधि थियो । वास्तवमा मोतिराम भट्टले लेखेका

अधिकांश गजलहरू पनि श्रृङ्गाररसले भरिएका नै पाइन्छन् । यिनका श्रृङारारसका धेरै कविताहरू केटीहरूसँगकै भेटघाटका अवसरमा तयार भएका मानिन्छन् । मोतीराम भट्टले नेपाली साहित्याकाशमा सक्रिय भई जम्मा पन्ध्र वर्षजति सेवा गरे। त्यस अवधिमा उनले झन्डै पच्चीसवटाजति साहित्यिक कृति लेखे, सम्पादन गरे। यिनले अरू लेखकका पनि कृति प्रकाशित गराए। यिनले लेखेका कृतिहरू हुन् –

(क) काव्य – प्रहलाद भक्तिकथा (वि. सं. 1943), पञ्चकप्रपञ्च (वि. सं. 1944), उषाचरित्र (वि. सं. 1944), पिकदूत (वि. सं. 1944), कालभ्रमरसंवाद आदि ।

(ख) कविता सङ्ग्रह – श्लोकसङ्ग्रह, मनोद् वेगप्रवाह (वि. सं. 1942) ।

नाटक – शकुन्तला (वि. सं. 1944), पद्मावती (वि. सं. 1945), प्रियदर्शिका (वि. सं. 1949) आदि

(ग) समालोचना -  भानुभक्तको जीवन चरित्र (वि. सं. 1948) ।

(घ) गजल  - सङ्गीत चन्द्रोदय (वि. सं. 1944) ।

(ङ) अन्य विधाहरू - शकुनौ ती (शकुनविचार, वि. सं. 1944), स्वप्नाध्याय (स्वप्नविचार,   वि. सं. 1944), गफाष्टक (वि. सं. 1944 तिर) ।

मोतीराम भट्टले श्रृङ्गर, भक्ति तथा राष्ट्रियताका विषयमा थुप्रै कविताहरू लेखे श्रृङ्गारिक कविताका चाहिँ उनी निर्माता नै हुन् । श्लोकसङ्ग्रह र मनोद्वेग प्रवाहमा मोतिराम भट्टका थुप्रै श्रृङ्गारिक कविता रहेका छन् । पिकदूत भट्टको श्रृङ्गाररसको अर्को काव्य हो ।

मोतीराम भट्टले नै नेपाली भाषामा गजलको आविष्कार गरे । यिनले नेपाली भाषामा थुप्रै गजल लेखेर लोकप्रिय बनाएका छन् । त्यस बेला यिनको गजललेखनबाट लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, नरदेव पाण्डे पनि आकर्षित भए र उनीहरूले पनि गजल लेख्न थाले । भट्टकै प्रेरणाबाट शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र मवीवि शाहले पनि नेपाली काव्यविधामा गजललाई महत्त्वपूर्ण किसिमले प्राथमिकता दिए । भट्ट गजलकार मात्र नभएर गायक पनि थिए । त्यसबेला दरबारमा उर्दूका गीतगजल गाएको देखेर यिनले नेपाली गजलगीत लेखे र गाएर पनि प्रस्तुत गर्न थाले । दरबारमा पनि क्रमशः मोतीराम भट्टले लेखेका गजल प्रचलनमा आएको मानिन्छ ।

समस्यापूर्ति कविता लेख्ने जाँगर चलेपछि अरूलाई पनि यस विषयमा केन्द्रित गर्न उनले काठमाडौ तथा बनारस दुवै ठाउँमा मित्र - मण्डलीको स्थापना गरे ।

संस्कृत वाङ्मयको पुरानो चलनलाई नेपाली भाषामा कायम गराउन उनी खुबै जुटे र समस्यापूर्तिको कविता सर्वप्रथम भट्टले नै आफै लेखे ।

बनारसमा बसेको बेला यिनले आफ्ना हितैषी साथीहरू तेजबहादुर, काशीनाथ, रङ्गनाथ, चेत सिंह र पद्मविलासलाई पनि समस्यापूर्तिका कविता लेख्न निपूर्ण बनाए । यिनले काठमाडौमा राजीवलोचन जोशी, भोजराज पाण्डे, डोलेश्वर, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, कालीप्रसाद, देवराज र गोपीनाथ लोहनी आदिलाई पनि सङ्गठनात्मक रूपमा समस्यापूर्तिको कविता लेख्न वातावरण जुटाए । वास्तवमा उनीहरू पनि क्रमशः क्रमशः समस्यापूर्ति ' कविता लेख्न निपुण भएका थिए ।

मोतिराम भट्टले नेपाली भाषामा शकुन्तला, प्रियदर्शिका र पद्मावती गरी तीनवटा नाटक लेखेका थिए । हुन त यिनले उर्दूमा पनि नाटक लेखेका थिए । शकुन्तला नाटक यिनले आफ्ना साथी देवशमशेर ज.ब.रा. को. अनुरोधमा लेखन र निर्देशन गरेका थिए । यिनले निर्देशन गरेको यो नाटक प्रधानमन्त्री वीरशमशेर ज.ब.रा.ले पनि हेरे । यो नाटक दरबारबाट पुनः बाहिर निस्केन । भनिन्छ देवशमशेरबाट नै यस नाटकलाई दबाइएको हुन सक्छ। जे होस् , मोतिराम भट्ट नाटकलेखनमा जति कुशल थिए निर्देशनकलामा पनि त्यति नै पोख्त थिए ।

मोतिराम भट्टले प्रायः भानुभक्त आचार्यका कृतिहरूको मात्र सम्पादन गरेको पाइन्छ । भानुभक्तको बालकाण्ड रामायण यिनैको सक्रियता, सौजन्य र भूमिगत सम्पादनमा प्रकाशित भएको थियो । भानुभक्तकृत भाषा रामायणको यिनैले सम्पादन गरेका थिए । त्यसैगरी मोतिरामले भानुभक्तका भक्तमाला, रामगीता, प्रश्नोत्तरा र वधूशिक्षाको पनि सम्पादन गरेका थिए ।

मोतिराम भट्टले नै पहिलो नेपाली मासिक पत्रिकाको प्रकाशनको प्रबन्ध गरे । यिनले निकालेको पत्रिकाको नाउँ थियो – गोरखा, भारतजीवन र यो पत्रिका बनारसबाट प्रकाशित भएको थियो । यिनले बनारसका आफ्ना हितैषी मित्र रामकृष्ण बर्माको सहयोग लिएर भारतजीवन नामक छापाखाना स्थापना गराए । त्यस छापाखानालाई यिनैले जिम्मा लिई यिनी आफू त्यसको प्रबन्धकका रूपमा बसे । भट्टले त्यही छापाखानाबाट भानुभक्तका कृतिहरू पनि छपाए । भट्टले यस छापाखानाबाट यसका स्वामी रामकृष्ण बर्मा लाई पनि निक्कै आर्थिक लाभ पुर्याएका थिए ।

मोतिरामले नेपालमा आफ्ना मामा कृष्णदेव पाण्डे र आफ्ना अभिन्न मित्र धीरेन्द्रसँग मिली ठहिटीमा पाशुपत छापाखानाको स्थापना गरे । वि. सं. 1950 सालमा खोलिएको यो छापाखाना त्यति बेलाको नेपालको प्रसिद्ध छापाखाना मानिएको छ । पाशुपत छापाखानाको स्थापनापश्चात् त्यहाँबाट नेपाली भाषासाहित्यका थुप्रै पुस्तक र पत्रिकाहरू छापिन थाले। आफ्ना मामा कृष्णदेव पाण्डेसँग मिलेर आफ्नो नाउँसमेत जोडी काठमाडौको ठहिटीमा यिनले एउटा पुस्तकालयको स्थापना गरे- मोतीकृष्ण कम्पनी । यिनले त्यस पुस्तकालयमा नेपाली भाषाका यथेष्ट पुस्तकहरू जोड्न थाले । मोतीकृष्ण कम्पनीबाट पुस्तकहरू पनि बेचिने कार्य हुन्थ्यो । उनले नेपाली भाषाको पहिलो पुस्तकालयको निर्माण गरेर नेपाली भाषासाहित्यको सेवा गरेका थिए ।

नेपाली साहित्यजगत्मा पहिलो जीवनीलेखक मोतीराम भट्ट हुन् । 1948 सालमा भट्टले भानुभक्त आचार्यको जीवनीको पुस्तक लेखेका थिए । नेपाली साहित्यका आदि समालोचक नै मोतीराम भट्ट थिए । यिनले र्सवप्रथम भानुभक्तको रचनाको समालोचना गरी नेपाली साहित्यमा समालोचनाको आरम्भ गरेका थिए । भानुभक्तको जीवन-चरित्रमा कृति केवल भानुभक्त आचार्यको जीवनी मात्र प्रस्तुत नगरी आचार्यका कवित्व - शक्तिको मोतिरामले समालोचना गरेका छन् । त्यसै कृतिमा मोतीरामले भानुभक्तलाई आदरस्वरूप आदिकविको नामाङ्कन गरेका छन् ।

मोतीराम भट्ट नेपाली साहित्यका प्रथम अन्वेषक पनि हुन् । उनले नै भानुभक्तको बालकाण्ड रामायण फेला पारे । 17 वर्षको उमेर पार गरिसकेपछि उनी प्रायः भानुभक्तीय निष्ठामा एकोहोरो भएर लागे । त्यसै बेलादेखि उनले भानुभक्तसम्बन्धी जीवनी लेखे, पाण्डुलिपि  खोजे । मोतीरामले नै भानुभक्तका वधूशिक्षा,भक्तमाला',प्रश्नोत्तर' र रामगीतालाई प्रकाशनमा ल्याएका थिए । यिनले भानुभक्तको अत्यन्तै गहिरिएर खोजिनीति गरे । भानुभक्तका अतिरिक्त यिनले बिहारीलाल, छविलाल, पतञ्जलि आदि व्यक्तिहरू पनि कवि भएको सूचना जनसमक्ष पुऱ्याएका थिए ।

## 14.3 मोतिराम भट्टको साहित्यिक योगदान

Notes

मोतिराम भट्ट नेपाली साहित्यप्रदेशका एउटा अलौकिक व्यक्तित्व थिए । उनी नेपाली भाषासाहित्यको सृजना, स•ठनका प्रेरक, श्रद्धेय र आधिकारिक पुरुष थिए । पढ्दै , पुस्तक लेख्तै, सम्पादन गर्दै, पत्रिका चलाउँदै , पुस्तकालय खोल्दै , छापाखानाको स्थापना गर्दै, अरूलाई लेख्न प्रेरणा दिँदै यिनले नेपाली धर्ती लाई बिर्सि नसक्नुको गुन लगाएका छन् । नेपालका लागि मरिमेट्ने उनी ठूला सपूत थिए । आफ्नो जीवनको अथक मिहिनेत, बौद्धिक कसरत र हिम्मतका कारणले उनी नेपाली माटोमा चिरस्मरणीय छन् ।

कवि मोतीरामको योगदानका कारणले उनी यस देशका राष्ट्रिय विभूति बनेका छन् । उनका नाउँमा कैयौँ सङ्घसंस्था, बाटाघाटाको निर्माण भएका छन् । उनका नाउँमा हुलाक टिकट निकालिएको छ। उनैको नाउमा युवावर्ष मोती पुरस्कारसमेत स्थापना भएको छ जुन पुरस्कार नेपाली साहित्यका युवा पिँडीको सर्वोच्च पुरस्कारका रूपमा रहेको छ । उनले ती पुरस्कारले असाएहरु लाई सहयोग पनी गरे । बहुमुखी प्रतिभाका धनी मोतिराम भट्ट राष्ट्रभाषा नेपालीका पहिलो उत्थापक थिए । मोतिरामको सृजना, गोडमेल र जलमलका कारणले नेपाली भाषाले आजको स्थिति ओगटेको हो । उनको यो मुलुकप्रति अत्यन्तै ठूलो सद्भावना थियो ।

नेपाली साहित्यामा आदिकवि भानुभक्त आचार्य पछि उदय हुने सशक्त व्यक्तित्व  कवि मोतिराम भट्ट प्रथम गजलकार, जीवनीकार, समलोचक तथा माध्यमिक कालका प्रवर्तक हुन् ।

उनले तत्कालीन शासक वर्ग भोगविलासी भएकाले उनीहरुको मनोरञ्जन र सुखका लागि श्रृङ्गारिक कविताहरु लेखे । मोतिराम भट्टलाई नेपाली साहित्यामा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् भनी विद्वानहरूले बताएका पाइन्छ । उनलाई नेपाली भाषा साहित्यमा समालोचनाको सुरु गर्ने प्रथम स्रष्ट्रा पनि मानिन्छ ।  मोतीरामको योगदानका कारणले सम्पूर्ण देशका राष्ट्रिय विभूति तथा नायक बनेका पाइन्छन् । उनका नाउँमा कैयौँ सङ्घसंस्था, बाटाघाटाको निर्माण भएका छन् । उनका नाउँमा हुलाक टिकट निकालिएको छ। उनैको नाउमा युवावर्ष मोती पुरस्कारसमेत स्थापना भएको छ जुन पुरस्कार नेपाली साहित्यका युवा पिँडीको सर्वोच्च पुरस्कारका रूपमा रहेको छ । उनले ती पुरस्कारले असाएहरु लाई सहयोग पनी गरे । बहुमुखी प्रतिभाका धनी मोतिराम भट्ट राष्ट्रभाषा नेपालीका पहिलो उत्थापक थिए । मोतिरामको सृजना, गोडमेल र

जलमलका कारणले नेपाली भाषाले आजको स्थिति ओगटेको हो । उनको यो मुलुकप्रति अत्यन्तै ठूलो सद्भावना थियो ।

नेपाली साहित्यप्रति कवि मोतीराम भट्टले दिएको योगदानको आधारमा विद्वानहरूले ससम्मान कविलाई दिएका उपलब्धिहरू निम्न प्रकार रहेका पाइन्छ -

**उनी आधुनिक नेपाली गद्यका प्रतिष्ठापक हुन ।**

**उनी प्रथम नेपाली पत्रिका गोर्खा भारत जीवनका सम्पादक हुन् ।**

**उनी नै नेपाली साहित्य संसारका प्रथम जीवनीकार र समालोचक हुन् ।**

**उनी पहिलो नेपाली प्रेस पशुपति छापाखानाका स्थापक हुन् ।**

**उनी प्रथम सामूहिक साहित्यिक संस्था मोतीमण्डलीका संस्थापक पनि हुन्।**

**यसरी नै उनी प्रथम नेपाली गीत गजलका उन्नायक हुन् ।**

**उनी साहित्यका विविध विधाका प्रथम प्रयोक्ता । (काव्य, नाटक, निबन्ध, आख्यान आदि) हुन् ।**

**यसरी नै उनी विविध भाषा (संस्कृत, हिन्दी, उर्दू, अङ्ग्रेजी) का ज्ञाता पनि हुन् ।**

**उनी भानुभक्तीय रामायणको प्रथम प्रकाशक हुन् ।**

**उनी नेपालीमा समस्यापूर्तीको प्रथम प्रयोक्ता आदि हुन् ।**

उनी नेपाली भाषा, नेपाली साहित्य र नेपाली कलाप्रति गर्व मान्थे । उनको लागि यो नेपाली माटो विश्वसाहित्य थियो। थौरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुर्याउने उनी नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा थिए । साँच्चै उनी नेपालका एउटा कर्म वीर सपूत थिए । मोतीराम भट्ट नेपाली साहित्याकाशमा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् । यिनै महान् व्यक्तित्वले नेपाली भाषासाहित्यमा समालोचनाको श्रीगणेश गरेका थाहा पाइन्छ ।

## 14.4 मोतिराम भट्टका रचनाहरू –

मोतिराम भट्ट विशेषतः श्रृङारवादी साहित्यकार थिए । उनी जोसँग पनि भुतुक्कै हुन्थे । अति मिलनसार भएकाले उनीसँग पनि धेरैले घनिष्टता जोडेका थिए ।

यिनमा केटीहरूसँगको घनिष्टता औधि थियो । वास्तवमा मोतिराम भट्टले लेखेका अधिकांश गजलहरू पनि श्रृङ्गाररसले भरिएका नै पाइन्छन् । यिनका श्रृङाररसका धेरै कविताहरू केटीहरूसँगकै भेटघाटका अवसरमा तयार भएका मानिन्छन् । मोतीराम भट्टले नेपाली साहित्याकाशमा सक्रिय भई जम्मा पन्ध्र वर्षजति सेवा गरे। त्यस अवधिमा उनले झन्डै पच्चीसवटाजति साहित्यिक कृति लेखे, सम्पादन गरे। यिनले अरू लेखकका पनि कृति प्रकाशित गराए। यिनले लेखेका कृतिहरू हुन् – (1) मनोद् वेगप्रवाह (कविता सङ्ग्रह - 1942), (2) प्रह्लाद भक्तिकथा (काव्य - 1943), (3) गजेन्द्रमोक्ष (काव्य - 1944), (4) पञ्चकप्रपञ्च (काव्य - 1944), (5) शकुनौ ती (शकुनविचार - 1944), (6) स्वप्नाध्याय (स्वप्नविचार - 1944), (7) गफाष्टक (केही अष्टक - 1944), (8) शकुन्तला (नाटक - 1944), (9) सङ्गीत चन्द्रोदय (केही गजल - 1944), (10) उषाचरित्र (काव्य - 1944), (11) अनुप्रासमञ्जरी (1944), (12) चाणक्यनीति (1945), (13) पद्मावती (नाटक अपूर्ण - 1945), (14) पिकदूत (काव्य - 1945), (15) काशीराज चन्द्रसेन (1945), (16) गुलसनोवर (आख्यान - 1946), (17) उखानको बखान, (18) कालभ्रमरसंवाद (काव्य), (19) हुस्न अरोज आराम दिल (उर्दू नाटक), (20) बालाजीवर्णन (कविता), (21) भानुभक्तको जीवन-चरित्र (जीवनी तथा समालोचना 1948), (22) प्रियदर्शिका (नाटक - 1949), (23) तीजको कथा, (24) केही फुटकर वार्णिक छन्दका कविता र गजलहरू । यिनले सम्पादन गरेका कृतिहरु यी हुन्- रामायण बालकाण्ड (वि.सं. 1941) र सम्पूर्ण रामायण (वि.सं. 1944) आदि रहेका पाइन्छन् ।

मोतीराम भट्टले श्रृङ्गर, भक्ति तथा राष्ट्रियताका विषयमा थुप्रै कविताहरू लेखे श्रृङ्गारिक कविताका चाहिँ उनी निर्माता नै हुन् । श्लोकसङ्ग्रह र मनोद्वेग प्रवाहमा मोतिराम भट्टका थुप्रै श्रृङ्गारिक कविता रहेका छन् । पिकदूत भट्टको श्रृङ्गाररसको अर्को काव्य हो ।

## 14.5 मोतिराम भट्टका रचनाहरूको संरचना पाइने विशेषता

मोतीराम भट्ट नेपाली साहित्यका युग प्रवर्तक स्रष्टा हुन् । उनी नेपाली साहित्यको माध्यमिक कालका निर्माता, पथप्रदर्शक र मेरुदण्ड थिए । यिनै मोतीराम भट्टको

योगदानका विषयमा बालकृष्ण समले लेखेका छन्– ‘‘मोतीराम देशको प्रत्येक क्षेत्रमा राष्ट्रियता चाहन्थे, त्यसैबाट देशोन्नति हुन्छ भन्ने उनको धारणा थियो । उनी स्वदेशी खानु, स्वदेशी लाउनु, स्वदेशी व्यवहार गर्नु, स्वदेशी बोल्नु स्वदेशी तथा . भन्ने पर्दछ हेर्नु सपना देख्तथे ।’’ वास्तवमा उनी एउटा होनहार, ओजस्वी र तपस्वी व्यक्तित्व थिए । उनी नेपाली भाषा, नेपाली साहित्य र नेपाली कलाप्रति गर्व नेपाली बाँचेर थोरै । थियो विश्वसाहित्य माटो नेपाली यो लागि उनका । मान्थे . ने मोतीराम पुर्याउने योगदान धेरै अत्यन्त साहित्यमापाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा थिए । साँच्चै उनी नेपालका एउटा कर्मवीर सपूत थिए । उनको मिहिनेत, जाँगर र आराधनाका कारणले उनले एउटा युग नै स्थापित गरिदिए– मोतीराम युग । संवत् 1940 देखि 1976 सालसम्मको नेपाली साहित्यको एउटा बेग्लै युग कायम गर्ने पौरखी पुरुष नै थिए भट्ट मोतीराम . । मोतीराम त्यस युगका बौद्धिक नायक थिए, साहित्यिक सङ्गठनात्मक नेता थिए र सांस्कृतिक योद्धा थिए । नेपाली वाङ्मयको उत्थानका लागि मोतीरामले खेलेको भूमिकाले उनी नेपाली भाषा, साहित्य र संस्कृतिका अक्षरअक्षर, शब्दशब्द र भाकाभाका रहेसम्म बाँचिरहनेछन् । मोतीराम भट्ट भानुभक्त आचार्यपछि नेपाली साहित्याकाशमा आउने सशक्त व्यक्तित्व हुन् । यिनै महान् व्यक्तित्वले नेपाली भाषासाहित्यमा समालोचनाको श्रीगणेश गरे । भट्टले नै संवत् 1948 मा ‘कवि भानुभक्त आचार्यको जीवनचरित्र’लाई नेपाली साहित्यको मन्दिरमा समर्पण गरेर पहिलो समालोचकमा आफ्नो नाउँ लेखाए । ‘कवि भानुभक्त आचार्यको जीवनचरित्र’मा मोतीराम भट्टले प्रभाववादी ढङ्गबाट व्याख्यात्मक रूपमा भानुभक्तबारे प्रशंसाको थाक पनि लगाएका छन् । उनले भानुभक्तको महिमा गाउन धेरै जुक्ति पनि ख्याए । जनजीवनमा साहित्यिक र भाषिक जागरण ल्याउनका लागि मोतीरामले भानुभक्तलाई मर्यादा गरेर आफ्नो शीरपोश बनाए । वास्तवमा नेपाली साहित्यलाई रातारात उन्नतिको शिखरमा पुर्याउन मोतीराम भट्टले भानुभक्त आचायको यथेष्ट कदर गरेका थिए । उनले आफ्नो चरित्र . भरमग्दुर उठाउन नायकलाईगुणग्राहिता पनि दर्साएका थिए ।

मोतीराम भट्टले भानुभक्त आचार्यका विषयमा लेखेका प्रायः सबै बेहोरालाई नै नेपाली साहित्यको इतिहासले आधिकारिक रूपमा ग्रहण गरेको उनले । छ . भानुभक्त मानौँ । गर्थे जप्ने पनि विपनामा र गर्थे जप्ने पनि सपनामा भानुभक्तलाई मोत नै आचार्य◌ीराम भट्टका ‘मणि’ थिए । मोतीराम ठाउँ हेरी सबैमा

आवश्यकताबमोजिम केन्द्रित हुने गर्थे । त्यसताका साहित्यकारहरूलाई एउटै चौतारामा उभ्याएर सङ्गठन गर्न पनि उनी सिपालु थिए । प्रथम जीवनी लेखक, समालोचक, अन्वेषक, पत्रकार, मुद्रणालयका संस्थापक, सङ्गठनकर्ता, पुस्तकालय स्थापक पनि मोतीराम भट्ट नै थिए । उनी कवि, गजलकार र गीतकार पनि थिए । साथै उनी मीठो स्वर भएका गायक पनि थिए । समस्यापूर्तिको धारामा अभ्यास गराउने खुबी पनि यिनैको थियो । त्यतिमात्र होइन उनी नाटककार तथा नाटक निर्देशक पनि थिए ।

नेपाली साहित्यका ऐतिहासिक महापुरुष मोतीराम भट्टको जन्म 1923 साल कुशेऔँसीका दिन भदौ 25 गते, शनिबार काठमाडौँको भोसिको टोलमा भएको थियो । मोतीराम भट्टको वंशचाहिँ कुमाउगढबाट आएको थियो । मोतीराम भट्ट पण्डित दयाराम भट्ट र रिपुमर्दिनीदेवी भट्टका माइला सुपुत्रका रूपमा जन्मेका थिए । भट्टदम्पतिका प्रथम पुत्रचाहिँ जन्मनासाथ दिवङ्गत भएका थिए । मोतीराम भट्टलाई दीर्घवीजी राख्न उनका मातापिताले यिनका नाकको पोरा दाहिने . भनेर केटी साथीहरूले उनका यिनलाई छेडेपछि नाक । थिए छेडिदिएका । गिज्याउँथे मोतीराम भट्टले 5 वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । 6 वर्ष भएपछि यी काशी पुगेका थिए । किनभने त्यसबेला यिनका पिता पं भट्ट दयाराम . मोतीराम त्यसैले । थिए बसेका काशी कामले विशेष रिपुमर्दिनीदेवी आमा र भर्ना स्कूलमा फारसी यी त्यहाँ । बस्यो नै काशीमा जग प्रारम्भिक शिक्षाको भट्टको काशीम । सिके उर्दू र फारसी यिनले त्यहीँ र भए◌ा यिनले भारतेन्दु हरिश्चन्द्रको सामीप्य पाएका थिए । भारतेन्दु सिर्जनामा पोख्त, होनहार र परिश्रमी थिए । यिनै हिन्दी साहित्यका साधक भारतेन्दुसँग गहकिलो सङ्गत गरेर नै मोतीरामले नेपाली साहित्यको सेवा गर्न सिके । यी पढाइमा पनि समर्पित भइरहे । हुँदाहुँदैमोतीरा .म पछि फारसी, उर्दूका अतिरिक्त संस्कृत, हिन्दी, अङ्ग्रेजी भाषामा पनि दक्ष हुन थाले । बनारसमा यिनले अङ्ग्रेजी भाषासाहित्यको अध्ययन गरेका थिए । पढ्दा पढ्दै आठ वर्षका उमेरमा बनारसमा नै यिनको व्रतबन्ध गरियो ।

बनारस बसेका बेला मोतीराम भट्टले राम्राराम्रा गजल गाएका थिए । त्यसैबेला यिनले सितारवादन पनि जानेका थिए । मीठो स्वरलहरीले यिनी मधुर गीत गुनगुनाइरहन्थे । बनारसका प्रसिद्ध सितारवादक पन्नालालबाट यिनले सितार बजाउन र गीत गाउन सिकेका थिए । करिब आठ वर्ष बनारस बसेर यी 1937 सालमा काठमाडौँ फर्किए । त्यसै साल यिनले 15 वर्षको उमेरमा बिहे गरे ।

विवाहपछि यी केही दिन काठमाडौँमा नै बसे । यहाँ बस्दा यिनी नेपाली भाषामा लेखिएका मीठामीठा गीत, कविता, भजन र गजल सुन्नबाट वञ्चित भए । बनारसमा बस्ता यिनले चार सयजति शायरीहरू लेखिसकेका थिए । तर त्यस बेलासम्म यिनले नेपालीमा गीत, कविता र गजल कोरेकै थिएनन् । नेपाल बसाइका बेला यिनले नरनारीका दोहरी र जुहारी गीत सुन्न पाए । वास्तवमा त्यस बेला सुनेका असारे र रसियाजस्ता गीतले यी मोहित पनि भए । त्यसपछि उनले यस्ता मीठा गीतहरूलाई हृदयमा रोप्न थाले, मस्तिष्कमा खेलाउन थाले र स्वरद्वारा प्रस्तुत गर्न थाले । काठमाडाैं बसाइकै बेला यिनी आफ्ना छिमेकी खड्गदत्त पाण्डेको बिहेमा जन्ती गए । त्यहाँ पनि भट्टले रातभरि श्लोकमा जुहारी खेलेको सुने अनि नेपाली भाषामा पनि यति मीठा कविता लेखिँदा रहेछन् भन्ने कुराको झन् सारो ज्ञान उनमा पलायो । ती सबै जुहारी सिलोकहरू भानुभक्तले लेखेका हुन् भन्ने चाल पाएपछि उनी एक्कासि भानुभक्त आचार्यका गुणगानमा लाग्न थाले । त्यसपछि उनी भानुभक्त आचार्यका कृतिहरू खोजीखोजी प्रकाशन गर्ने काममा जुट्न लागे ।

भानुभक्त आचार्यका कविताले मोतीराम भट्टलाई साँच्चैका मोतीराम बनाइदिए । यसपछि केही महिना काठमाडौँमा बसेर आफ्नी पत्नीसहित उनी संवत् 1938 को पुसमा काशी गए । काशी पुगेर यिनले 'भारतजीवन' भन्ने हिन्दी पत्रिकाको नेपाली संस्करण गराए र यसको प्रकाशकीय र सम्पादकीय लेखे । त्यसैताका यी त्यहाँ 'भारतजीवन छापाखाना'सँग सम्बन्धित पनि बने । त्यही छापाखानाबाट यिनले नेपाली भाषाका पुस्तकहरू भटाभट छापे । त्यसै बेला यिनले बनारसमा केही साथीहरूको सक्रियतामा एउटा 'मित्रमण्डली'को गठन गरे । त्यहीँ यिनले समस्यापूर्तिका कवितालगायत अन्य फुटकर कविता र गजल लेखनको अभियान पनि चलाउन थाले । बनारसमा यस कार्यक्रममा उनलाई सघाउने व्यक्तिहरू पद्मविलास पन्त, काशीनाथ, रङ्गनाथ, तेजसिंह र तेजबहादुर राना थिए ।

काशीमा बसेकै बेला मोतीराम भट्टले भानुभक्त आचार्यको बालकाण्ड 'रामायण' र पछि 'सम्पूर्ण रामायण' पनि प्रकाशित गराए । त्यसैबेला उनले अन्य थुप्रै नेपाली भाषाका पुस्तकहरू प्रकाशित गराएका थिए । त्यसैताका यिनले साथीभाइहरूलाई भेला पारी समस्यापूर्ति कविता लेख्ने अभियान चलाएका थिए । बनारसमा नेपाली भाषासाहित्यका थुप्रै कृतिहरूको प्रकाशन गरी भट्ट संवत् 1944 फागुनमा फेरि काठमाडौँ आए । राजगुरु लोकराज पण्डितबाट झिकाइएर

उनी काठमाडौँ आएका थिए । त्यसपछि मोतीराम भट्टले आफ्ना मामा नरदेव पाण्डे र कृष्णदेव पाण्डेको सहयोग लिएर 1945 सालमा काठमाडौँको ठहिटीमा 'मोतीकृष्ण कम्पनी' खोलेका हुन् । त्यसै बेला उनले पुस्तकालय पनि खोलेका थिए । मोतीराम भट्टले नेपाली भाषासाहित्यलाई तीव्र गतिमा उन्नति गराउन कम्मरमा पटुका कसेका थिए । त्यसैले उनले काठमाडौँमा आफ्ना मामा नरदेव पाण्डे तथा लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, भोजराज पाण्डे आदिसँग मिलेर 'मित्रमण्डली' गठन गरे । त्यही मण्डलीबाट श्रृङ्गार रसमा समस्यापूर्ति कविताहरूको निर्माण र सम्प्रसार हुन थाल्यो । त्यस बेला यिनीहरू सबैलाई मोतीराम भट्टले समस्यापूर्ति कविताको शीर्षक दिन्थे । एकपटक यिनले ''ल्यौ ल्यौ औँठी म दिन्छु राख तिमीले मेरो निशाना भनी'' समस्या दिएका थिए । वास्तवमा त्यही शीर्षकबाट मोतीरामलगायत उपर्युक्त कविहरूले समस्यापूर्ति कविता रचना गरेका थिए । मोतीराम भट्टलाई समस्यापूर्ति कविताको सङ्ग्रह गरेर 'समस्या शतक' भन्ने ग्रन्थ निर्माण गर्ने धोको थियो । तर उनले निर्माण गर्न थालेको 'समस्या शतक' भन्ने ग्रन्थका लागि पाँच जना कविहरू मिलेर लेख्दा जम्मा चौबीस श्लोक मात्र तयार भए; सङ्ग्रह भने निस्कन सकेन । समस्यापूर्ति कविताको अभ्यासमा भट्टलाई महत्वपूर्ण रूपमा सघाउने अन्य स्रष्टाहरू थिए– राजीवलोचन जोशी, डोलेश्वर, कालीप्रसाद, देवराज ।

मोतीराम भट्ट श्रृङ्गारवादी साहित्यकार थिए । उनीसँगै जो पनि भुतुक्कै हुन्थे । अति मिलनसार भएकाले उनीसँग धेरैले घनिष्ठता जोडेका थिए अनि यी केटीहरू भनेपछि मरिमेट्थे । यिनले थुप्रैसँग प्रीति गाँसे । यिनमा केटीहरूसँगको घनिष्ठता औधी थियो । वास्तवमा मोतीराम भट्टले लेखेका अधिकांश गजलहरू पनि श्रृङ्गाररसले भरिएका नै हुन्छन् । यिनले सुन्दरीसँग बोल्न पाए भने मीठामीठा कविता लेख्न थालिहाल्थे ।

मोतीराम भट्टले सक्रियतापूर्वक जम्मा पन्ध्र वर्षजति नेपाली साहित्यको सेवा गरे । त्यस अवधिमा उनले झन्डै पच्चीसवटाजति साहित्यिक कृति लेखे, सम्पादन गरे । यिनले अरू लेखकका कृति पनि प्रकाशित गराए । मोतीराम भट्टले युवाअवस्थामा आफ्नो सारा भावना, जाँगर र सक्रियता अर्पेर नेपाली साहित्यको विकासमा अतुलनीय, अविस्मरणीय र अकल्पनीय सृजनात्मक र सङ्गठनात्मक साहित्यिक कार्यहरू गरेका थिए । उनले गरेका समस्त कार्यहरूको मूल्याङ्न गर्दा उनको व्यक्तित्वलाई निम्नलिखित पाँचवटा पाटामा वर्गीकरण गर्न सकिन्छः (1)

जीवनीकार, समालोचक तथा अन्वेषक कवि (2), गजलकार तथा गायक, (3 ( सङ्गठनकर्ता, (4निर्देशक तथा नाटककार (, (5सम्पादक (, छापाखाना र पत्रिकाका प्रबन्धक तथा पुस्तकालयका निर्माता । नेपाली साहित्यजगत्मा पहिलो जीवनी लेखक मोतीराम भट्ट हुन् । 1948 सालमा भट्टले भानुभक्त आचार्यको जीवनीको पुस्तक लेखेका थिए । नेपाली साहित्यका प्रथम समालोचक नै मोतीराम भट्ट थिए । यिनले सर्वप्रथम भानुभक्तका रचनाको समालोचना गरी नेपाली साहित्यमा समालोचना विधाको आरम्भ गरेका थिए । 'भानुभक्तको जीवनचरित्र'मा खालि भानुभक्त आचार्यको जीवनीमात्र प्रस्तुत नगरी उनका कवित्वशक्तिको समालोचना पनि गरेका छन् । त्यसै कृतिमा मोतीरामले भानुभक्तलाई आदरस्वरूप 'आदिकवि'को उपाधि प्रदान गरे । अनि यसबारे मोतीराम भट्टले लेखे– ''गोर्खा भाषामा हुन त धेरै नामी कवि भानुभक्तभन्दा पैह्ले भये तर कविताको मर्म जानी भाषापद्य लेखने कविहरूमा आदिकवि भानुभक्त नै हुन् ।'' मोतीराम भट्ट नेपाली साहित्यका प्रथम अन्वेषक पनि हुन् । उनले नै भानुभक्तको 'बालकाण्ड रामायण' फेला पारे । 17 वर्षको उमेर पार गरिसकेपछि उनी प्रायः भानुभक्तीय निष्ठामा एकोहोरो भएर लागे । त्यसै बेलादेखि उनले भानुभक्तसम्बन्धी जीवनी लेखे, पाण्डुलिपि खोजे । मोतीरामले नै भानुभक्तका 'वधूशिक्षा', 'भक्तमाला', 'प्रश्नोत्तर' र 'रामगीता'लाई प्रकाशनमा ल्याए । यिनले भानुभक्तको अत्यन्तै गहिरिएर खोजीनीती गरे । भानुभक्तका अतिरिक्त यिनले बिहारीलाल, छविलाल, पतञ्जलि आदि व्यक्तिहरू पनि कवि भएको सूचना जनसमक्ष पुर्याए । मोतीराम भट्टले नै भानुभक्तलाई भानुभक्तै भनेर चिनाए । तर भानुभक्तकी नातिनी विष्णुमाया लगायत त्यसपछिका प्रायः अाचार्यवंशीले मोतीरामलाई नै दबाउने, होच्याउने, खोइरो खन्ने प्रयास गरिरहे । मोतीराम साहित्य सृजनामा आफ्ना दौँतरीहरूलाई अगि सारिरहन्थे । आफ्ना पूर्वज, समकालीन र पछाडिका मान्छेको उनी खुबै प्रशंसा गर्थे । यिनले भानुभक्तलाई कहीँ आदिकवि भनेका छन्, कहीँ कविकुलमुकुट भनेका छन् भने कहीँ चाहिँ चक्रचूडामणि पनि भनेका छन् । त्यसै गरी यिनले राजीवलोचन जोशीलाई कविशिरोमणि र पद्मविलास पन्तलाई कवि भनेर सम्बोधन गरेका छन् । मोतीराम भट्टले आफूले मनले खाएको व्यक्तिको प्रशंसा गरेर कविता पनि लेखिदिन्थे । उनले भानुभक्त, राजीवलोचन र पद्मविलासको काव्यात्मक महिमा निकै राम्ररी गाए । मोतीराम भट्टले श्रृङ्गार, भक्ति तथा राष्ट्रियताका विषयमा थुप्रै कविताहरू लेखे । श्रृङ्गारिक कविताका चाहिँ यिनी पथ निर्माता नै बने ।

'श्लोक–सङ्ग्रह' र 'मनोद्वेगप्रवाह' मा मोतीराम भट्टका थुप्रै श्रृङ्गारिक कविता रहेका छन् । 'पिकदूत' भट्टको श्रृङ्गार रसको नै काव्य हो । मोतीराम भट्टले नै नेपाली भाषामा गजलको आविष्कार गरे । यिनले लेखेर गजल थुप्रै नेपालीमा . पन्त लक्ष्मीदत्त लेखनबाट गजल यिनको बेला त्यस । बनाए लोकप्रिय गजललाई, गोपीनाथ लोहनी, नरदेव पाण्डे पनि आकर्षित भए र उनीहरूले पनि गजल लेख्न थाले । भट्टकै प्रेरणाबाट शम्भुप्रसाद ढुङ्ग्याल, भीमनिधि तिवारी र म .वि.वी. दिए प्राथमिकता किसिमले महत्वपूर्ण गजललाई काव्यविधामा नेपाली पनि शाहले । भट्ट गजलकार मात्र नभएर गायक पनि थिए । त्यसबेला दरबारमा उर्दूका गीतगजल गाएको देखेर यिनले नेपाली गजलगीत लेखे र गाएर पनि प्रस्तुत गर्न थाले । दरबारमा पनि क्रमशः मोतीराम भट्टले लेखेका गजल चल्न थालेः

**यता हेर्यो यतै मेरा नजर्मा राम प्यारा छन्**

**उता हेर्यो उतै मेरा नजर्मा राम प्यारा छन् ।**

समस्यापूर्ति कविता लेख्ने जाँगर चलेपछि अरूलाई पनि यस विषयमा केन्द्रित गर्न मोतीराम भट्टले काठमाडौँ तथा बनारस दुवै ठाउँमा 'कविमण्डली'को स्थापना गरे । संस्कृत वाङ्मयको पुरानो चलनलाई नेपाली भाषामा कायम गराउन उनी खुबै जुटे र 'समस्यापूर्ति' कविता सर्वप्रथम भट्टले नै आफै लेखे । बनारसमा बसेका बेला यिनले आफ्ना हितैषी साथीहरू तेजबहादुर, काशीनाथ, रङ्गनाथ, चेत सिंह र पद्मविलासलाई पनि समस्यापूर्तिका कविता लेख्न निपुण बनाए । यिनले काठमाडौँमा राजीवलोचन जोशी, भोजराज पाण्डे, डोलेश्वर, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, कालीप्रसाद, देवराज र गोपीनाथ लोहनी आदिलाई पनि सङ्गठनात्मक रूपमा 'समस्यापूर्ति' कविता लेख्न उत्प्रेरित गरेपछि यिनीहरू पनि क्रमशः क्रमशः 'समस्यापूर्ति' कविता लेख्न निपुण भएका थिए । मोतीराम भट्टले नेपाली भाषामा 'शकुन्तला', 'प्रियदर्शिका' र 'पद्मावती' गरी तीनवटा नाटक लेखेका थिए । हुन त यिनले उर्दूमा पनि नाटक लेखेका थिए । उनी नाटक लेखनमा जति कुशल थिए निर्देशनकलामा पनि त्यति नै पोख्त थिए ।

मोतीराम भट्टले प्रायः भानुभक्त आचार्यका कृतिहरूको मात्र सम्पादन गरेको पाइन्छ । भानुभक्तको 'बालकाण्ड रामायण' यिनैको सक्रियता, सौजन्य र सम्पादनमा प्रकाशित भएको थियो । 'भानुभक्तकृत भाषा रामायण'को यिनैले सम्पादन गरेका थिए । त्यसै गरी मोतीरामले भानुभक्तका 'भक्तमाला',

'रामगीता', 'प्रश्नोत्तरा' र 'वधूशिक्षा'को पनि सम्पादन गरेका थिए । मोतीरामले नै पहिलो नेपाली मासिक पत्रिकाको प्रकाशनको प्रबन्ध गरे । यिनले निकालेको पत्रिकाको नाउँ थियो– 'गोरखा भारतजीवन' । यो पत्रिका बनारसबाट प्रकाशित भएको थियो ।

मोतीरामले बनारसका आफ्ना हितैषी मित्र रामकृष्ण बर्माको सहयोग लिएर 'भारतजीवन' नामक छापाखाना स्थापना गराए । त्यस छापाखानालाई आफ्ना जिम्मा लिई यिनी आफै त्यसको प्रबन्धकका रूपमा बसे । मोतीराम भट्टले त्यही छापाखानाबाट भानुभक्तका कृतिहरू पनि छपाए । भट्टले यस छापाखानाबाट यसका मालिक रामकृष्ण बर्मालाई पनि निक्कै आर्थिक लाभ पुर्याएका थिए । मोतीरामले नेपालमा आफ्ना मामा कृष्णदेव पाण्डे र आफ्ना अभिन्न मित्र धीरेन्द्रसँग मिली ठहिटीमा 'पाशुपत छापाखाना'को स्थापना गरे । 1950 सालमा खोलिएको यो छापाखाना त्यति बेलाको नेपालको प्रसिद्ध छापाखाना मानियाे । पाशुपत छापाखानाको स्थापनापश्चात् त्यहाँबाट नेपाली भाषासाहित्यका विभिन्न पुस्तक पत्रिकाहरू छापिन थाले । आफ्ना मामा कृष्णदेव पाण्डेसँग मिलेर आफ्नो नाउँसमेत जोडी काठमाडौँको ठहिटीमा यिनले एउटा पुस्तकालयको स्थापना गरे– 'मोतीकृष्ण कम्पनी' । यिनले त्यस पुस्तकालयमा नेपाली भाषाका यथेष्ट पुस्तकहरू जोड्न थाले । मोतीकृष्ण कम्पनीबाट पुस्तकहरू बेच्ने कार्य पनि हुन्थ्यो । उनले पहिलो पुस्तकालयको निर्माण गरेर पनि नेपाली भाषासाहित्यको सेवा गरे । मोतीराम भट्ट नेपाली साहित्यका एउटा अलौकिक व्यक्तित्व थिए । उनी नेपाली भाषासाहित्यको सृजना, सङ्गठनका प्रेरक र आधिकारिक पुरुष थिए । पढ्दै, पुस्तक लेख्तै, सम्पादन गर्दै, पत्रिका चलाउँदै, पुस्तकालय खोल्दै, छापाखानाको स्थापना गर्दै, अरूलाई लेख्न प्रेरणा दिँदै यिनले नेपाली धर्तीलाई बिर्सिनसक्नुको गुन लगाए । नेपालका लागि मरिमेट्ने उनी ठूला सपूत थिए । आफ्नो जीवनको अथक मिहिनेत, बौद्धिक कसरत र हिम्मतका कारणले यिनी नेपाली माटोमा चिरस्मरणीय बने ।आफ्नो बहुमुखी योगदानका कारणले मोतीराम भट्ट नेपालका राष्ट्रिय विभूति बने । यिनका नाउँमा कैयौँ सङ्घसंस्था तथा बाटाघाटाहरू निर्माण भए । यिनका नाउँमा हुलाक टिकट निकालियाे। यिनैका नाउँमा 'युवावर्ष मोती पुरस्कार' समेत स्थापना भयाे जुन पुरस्कार नेपाली साहित्यका युवा पिँढीको सर्वोच्च पुरस्कारका रूपमा रहेको छ । बहुमुखी प्रतिभाका धनी मोतीराम भट्ट राष्ट्रभाषा नेपालीका पहिलो । थिए उत्थापक . सृजना मोतीरामको, गोडमेल र जलमलका कारणले नेपाली भाषा आजको

स्थितिसम्म आइपुगेको हो । मोतीरामको यो मुलुकप्रति अत्यन्तै ठूलोसद् .भावना थियो । उनी कट्टर राष्ट्रवादी थिएः

"अचल् झन्डा फर्कोस् फरफर गरी कान्तिपुरिमा

रिपूको मन् थर्कोस् थरथर गरी छीन घरिमा

यवन्ले राज गर्दा कति पतित हिन्दूस्थल भयो

फगत् यो नेपाल्को मुलुक बचि कंचन् रहिगयो ।"

## 14.6 मोतिराम भट्टका रचनाहरूको शैलीमा पाइने विशेषता

वि सं 1940 को दशकदेखि काव्ययात्रा आरम्भ गर्ने कवि मोतीराम भट्टले आफ्नो अग्रज कविले आरम्भ गरेको वीरधारा र भक्तिधाराभन्दा भिन्दै श्रृङ्गारिक धाराको निर्माण गरी त्यही श्रृङ्गारिक धारालाई गोडमेल र मलजल प्रदान गर्दै नेपाली कविताको विकासमा काव्यलेखनको नयाँ मूल्य र मान्यतालाई स्थापित गरेका पाइन्छ । मोतीराम भट्टले श्रृङ्गार, भक्ति तथा राष्ट्रियताका विषयमा थुप्रै कविताहरू लेखे श्रृङ्गारिक कविताका चाहिँ उनी निर्माता नै बने । श्लोकसङ्ग्रह र मनोद्वेगप्रवाहमा मोतीराम भट्टका थुप्रै श्रृङ्गारिक कविता रहेका छन् । पिकदूत' मोतीराम भट्टको श्रृङ्गाररसको अर्को प्रमुख काव्य हो । उनका अन्य रचनाहरूमा कविताका सर्जाम, उषाचरित्र, गजेन्द्रमोक्ष, पञ्चक प्रपञ्चक, प्रहलाद भक्ति कथा, तीजको कथा, कमल भ्रमर संवाद, कवि सम्मोह वर्णन, भ्रमर गीत आदि प्रमुख रहेका देखिन्छन् भने यिनै काव्यिक कृतिहरू रचना गरेर मोतीराम भट्टले नेपाली साहित्यलाई समृद्ध तुल्याएका बुझिन्छ । मोतीराम भट्टद्वारा लिखित **पिकदूत** कविता माध्यमिक कालको पहिलो कृति हो । 'पिक' को अर्थ चरा अर्थ को दूत अनि ( कोइली ) सन्देसवाहक हो भन्ने बुझिन्छ । यसमा ग्रीष्म ,बर्षा ,शरद ,हेमन्त ,शिशिर र वसन्त ऋतुको वर्णन पाइन्छ । यस कवितातार्इ दूत काव्य पनि भनिन्छ । प्रस्तुत कविता कालिदास कृत मेधदूत सरह छ । यस कवितामा शार्दूलविक्रीढ़ित ,बसन्ततिलका र मालिनी छन्दको प्रयोग कृत मानिन्छ । यस कवितामा विप्रलम्भ श्रृंगारको अभिव्यक्त रहेता पनि यो काव्य सममोक श्रृंगारकृत हो । मोतीराम भट्ट लिखित पिकदूत काव्य आफ्नो पति परदेश गएका कारण कामवासनाले पिड़ित नारीको वियोग वेदनामा आधारित छ । नारीको विरह

वेदनावाट प्रारम्भ भई संयोगमा गएर टुङ्गिएको प्रस्तुत खण्डकाव्यमा विप्रलम्भ श्रृंगारको राम्रो अभिव्यक्ति पाइन्छ । "पाकेको फल फाली जानु परदेश कुन धर्मको शास्र हो "भन्ने काव्यनायिकाको भनाईबाट नायिका यौवनले मस्त छ । उसको यौवन पाकेको छ भन्ने सिद्ध हुन्छ अर्थात बुझिन्छ । यही पाकेको यौवन खानका लागि आउनु भनी पिक वा कोइलीलाई पति भएको ठाउँमा समाचार पुरयाइदिन नायिका आग्रह गर्छे । कामले अत्यन्त सताइरहेकी नायिकाले कामधन्दाकै कारण पिक अर्थात कोइलीलाई सन्देश पठाउन लागेको स्पष्ट देखिन्छ । प्रस्तुत काव्यको नायिका सम्भोगका लागि अत्यन्त आतुर छे भन्ने कुराको प्रमाण जम्मा तीस श्लोकको काव्यमा आठपटक उसले पतिलाई खबर भनेस् र दुई पटक यो कुरा सोधेस् भनेकोवाट स्पष्ट हुन्छ । प्रेस्तुत काव्यमा ग्रीष्मदेखि बसन्त सम्मका छ वटा ऋतुका विशेषताहरु संक्षेपमा चित्रण गरीएका साथै यी सबै ऋतुले नायिकामा कामको मात्रा झन् बढ़ाएको कुर व्यक्त गरिएको पाइन्छ ।

ग्रीष्म ऋतुमा छारो धूलो उड़नगई दशै दिशा अँध्यारो भएकाले उसको मन थर्र थर्र भएको छ भने बर्षा ऋतुमा मेघ गर्जेर बिजुली चम्कन्दा मन ढुकढुक भएको छ । यस्तै शरद ऋतुमा हाँसहरु निस्किएको र चन्द्रले अमृतको बर्षा गराएको कारण चन्द्रर चकोरको प्रिती देखी उ झन् उतेजित हुन्छ भने हेमन्तको चिसो बतासको कारण पतिलाई भेट्न आतुर हुन्छन् । शिशिर ऋतुमा हिउँ परि अझ जाड़ो भएका हुनाले रूई फूई र दूई चाहिनेमा चाँहि नभएकोले उ झन् मर्माहत् हुन्छन् । बसन्तमा फूल र भमराको मेल देख्दा उसलाई पनि पतिसंगको समभोगको समझना हुन्छ । यसरी छ वटै ऋतुहरुमा मान्छे कामवासनाले उन्दीप्त हुन्छ भन्ने मानवीय सत्यलाई कविले पिकदूतमा प्रस्तुत गरेका छन् । प्रस्तुत काव्यमा विछोड़ हुन अघाड़िको छुट्टिनु अधाड़िको सम्भोग जननीय स्थितिको स्मरण पनि नायिकाले गरेकी छ । पति परदेस जानु अघि एक जीउ भएर बसेको तथा अन्तर चन्दन अनि केवार धसेर एकान्तमा बसेको प्रसंगको उल्लेख पनि नायिकाले पिकसंग गरेकी छे भने त्यही समागमको स्मरणका कारण पनि उसलाई कामले बढ़ी उत्तेजित गराएको । मनमा आनन्द नभए कुनै कुराले पनि उसलाई रमाइलो लाग्दैन भन्ने कुर यस काव्यमा देखाएको छ । कामवास्नाको तृप्तिको आभावमा छटपटिएको हुनाले पिकदूतकी नायिका मजुरले नाँचको ,चकारोले चन्द्रमा हेरेको, भमराले फूल चुसेका जस्ता रमाइला द्दश्यहरु देख्दा पनि पीढ़ाको अनुभव गर्दै र चन्द्रमाले छर्केको अमृतलाई पनि बिष ठान्दछे । शिशिरमा हिउँ पनि पर्ने र ग्रीष्ममा प्रचण्ड गर्मी हुने ठाँउमा बसेकी यस काव्यकी नायिका आर्थिक द्दष्टिले

निकै सम्मान देखिन्छे । उसलाई रूई तथा फूई ( ओड़ने, ओछ्याउने र आगो ) को समस्था छैन भने लगाउनका लागि अत्तर चन्दन पनि छ र घरमा काम पनि गर्नु हुँदैन । पति सम्झेर नै उसको दिन बित्छ भने उसको वेदना र पीर भन्नु नै पतिको अँगलामा बाँधिन नपाउनु हो ।

प्रस्तुत काव्यकी नायिकाले जीवनको सबै भन्दा ठूलो महत्व वास्नाको तृप्तिलाई लिएको छ । वासनाको पूर्ति नभएकाले नै उ आफुलाई निर्धो अनुभव गर्छे भने बाच्न आधार पनि नभएको वताएको छ । यो सबै पापको कारण भएको हो भन्ने ठहर छ । आत्मिक भन्दा भौतिक प्रेम नै काव्यमा प्रस्तुत भएको पाइन्छ । यस काव्यमा घर छोड़ि विदेशीन वाध्यहुनु पर्ने कतिपय नेपाली परिवारको वाध्यता पवि व्यक्त भएको छ । पढ़ाइका लागि वा चाकरीको लागि नेपालीहरु आफ्नो रत्नीलाई छाड़ेर विदेशीने प्रवृति त्यस बेलादेखि आजसम्म पनि कायम देखिन्छ ! पति परदेशीएका कारण पिढ़ित नारीको प्रतिनिधित्व यस साव्यकी नायिकाले गरेकी छे।

प्रस्तुत काव्य खण्डकाव्य मूलत : सरल र सरज स्वभाविक आफै आफ हुने बनाउनु नपर्ने अर्थात जन्मजात रुपमा भएको जस्तै हाँस्नु, रूनु भाषामा लेखिएको छ । काठमाण्डौ उपत्यकामा बोलिने नेपाली भाषिकाको प्रयोग पनि मोतीराम यस काव्यमा गरेका छन् ! श्लोक 14 मा ' उहाँ ' का लागि प्रयुक्त ' ह्याँ ' श्लोक 1 र 14 मा ' यहाँ ' का लागि प्रयुक्त ' ह्याँ ' श्लोक 25 मा ' भई ' का लागि प्रयुक्त ' हवै ' यस्तै शब्द हुन् भने श्लोक 11 र 21 मा ' म ' का लागि प्रयुक्त ' मो ' चाँहि व्यक्ति भाषा हो । यस काव्यकी नायिकाले जीवनको सबै भन्दा ठूलो महत्व वास्नाको तृप्तिलाई लिएको छ । वासनाको पूर्ति नभएकाले नै उ आफुलाई निर्धो अनुभव गर्छे भने बाच्न आधार पनि नभएको वताएको छ । यो सबै पापको कारण भएको हो भन्ने ठहर छ । आत्मिक भन्दा भौतिक प्रेम नै काव्यमा प्रस्तुत भएको पाइन्छ । यस काव्यमा घर छोड़ि विदेशीन वाध्यहुनु पर्ने कतिपय नेपाली परिवारको वाध्यता पवि व्यक्त भएको छ । पढ़ाइका लागि वा चाकरीको लागि नेपालीहरु आफ्नो रत्नीलाई छाड़ेर विदेशीने प्रवृति त्यस बेलादेखि आजसम्म पनि कायम देखिन्छ । पति परदेशीएका कारण पिढ़ित नारीको प्रतिनिधित्व यस काव्यकी नायिकाले गरेकी छे । यस काव्यमा भन् -भन् खिस्रिक्क , दुङदुङ जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ भने ' माल पाईकन हुन्न चाल नभई के गर्नु यस्तै परी : जो होचो उसको परेछ मुखमा घोचो ' भने झै भयो । जस्ता उखान

प्रयोग पनि पाइन्छ । नेपाली भाषामा त्यति प्रचलित नभईसकेका आगान्तुक शब्दको प्रयोग पनि यस काव्यमा पाइन्छ । अंग्रेजीको नम्बर अरबीका अवहाल ,फारसीको दगाह आदि यस्तै शब्दहरु हुन् । मोतीरामले यस काव्यमा छन्द मिलाउनका लागि कतिपय शब्दलाई बिगारेर समेत प्रयोग गरिएको पाइन्छ भने लयात्मकताका दृष्टिले पनि यो काव्य उत्कृष्ट देखिन्छ । यसमा शार्दुलबिक्रीढ़ित छन्दका 27 श्लोक बसन्ततिलका छन्दका र श्लोक र मालिनी छन्दका 1 श्लोक गरी जन्म 30 श्लोकहरु पाइन्छन् । अंलकारको प्रयोग पनि कविले यस काव्यमा सफलता पूर्वक गरेका देखिन्छन् । यसमा अन्त्यानुप्रासको प्रयोग काव्य भरिनै पाइन्छ भने वृत्यानुप्रास तथा छेकानुप्रासको प्रयोग पनि  पाइन्छ । काव्यमा उपमा,रूपक,प्रतीप,विषम तथा अप्रस्तुत प्रशंसा जस्ता अंलकारको सुन्दर प्रयोग पाइन्छ ।

संस्कृत दूत काव्यको प्रेरणा ग्रहण गरेर लेखिएको मोतीराम भट्टको ' पिकदूत ' विप्रलम्भ श्रृंगारको कोमल भाव तथा नारी ह्रदयको निश्छल मनोवृन्तिद्वारा सजिएको नेपाली साहित्यको पहिलो मौलिक काव्य हो । पति वियोगका कारण एउटी यौनमा उत्पन्न विरहजन्य कल्पना अविरल वगिरहेको महसुस हुने यस खण्डकाव्यमा काव्य सौन्दर्यको महक यत्रतत्र देख्न सकिन्छ । केवल 30 श्लोकको काव्यमा प्रकृतिको सिंगो चित्रण समेतिएको पाइन्छ । प्रकृतिसंग मान्छेको कोमल प्रण्य भावलाई नचुटिने गरी जोड़िएको पाइन्छ । वियोग नै साचो अर्थमा प्रेमको प्रतिबिम्ब हो भन्ने कुरा कविले पतिसंग बिछोड़िएको ' नायिकी ' मनको भावलाई प्रकट गरेर सिद्ध गरिदिएका छन् । विप्रलम्भ श्रृंगार रसको परिपाक हुनको साथै प्रकृतिलाई उद्धिपनका रुपमा प्रयोग गरिएको सरल र स्वभाविक भाषा शैलीमा अभिव्यक्त पिकदूत नेपाली साहित्यकै महत्वपूर्ण काव्य हो भन्न सकिन्छ ।

यसरी नै मोतीराम भट्टद्वारा लिखित ‘कविताको सरजाम’ कविताको रचनाकाल वि. सं. 1957 तीर भएको मानिन्छ भने प्रकाशन चाहिँ वि. सं. 2030 को दशकमा भएको मानिन्छ । प्रस्तुत कविताको शीर्षकमा धैरै शार्थकता रहेको देखिन्छ । कुनै पनि असल र उत्कृष्ठ कविता बन्नुका निम्ति के कस्ता तत्त्व, घटक र उपकरणहरूको कवितामा आवश्यक्ता पर्दछ भन्ने कुरालाई इङ्गित गरेर प्रस्तुत कविता कवि मोतीरामले रचेको हुनाले यस कविताको शीर्षकमा सार्थकता रहेको पाइन्छ । प्रस्तुत ‘कविताको सरजाम’ कविताको विषयवस्तु साहित्य वा कविता नै

रहेको पाइन्छ । यस कवितामा कवि भट्टले कविता सिर्जनाका निम्ति चाहिने गहना, उपकरण आदिको विषयलाई उल्लेख गरेका छन् ।

कविताको उपयुक्त सरजामाको लागि कोश, काव्य अर्थ, आख्यान, छन्द आदिका अध्ययनका साथै लेख्ने ठाउँ वा कोठाको लागि आवश्यक एकान्त स्थल देखि लिएर विभिन्न थरीका साज – समान, चीज – बीचहरूको तालिका नै प्रस्तुत कवितामा कवि भट्टले दिएका छन् । यी सबै भएपछि कविता बन्नलाई सबै मूड र प्रेरणा जगाउने आवश्यक वातावरणको सिर्जना पनि कविमा हुनुपर्छ भन्ने भाव यस कवितामा पाइन्छ । कवि मोतीराम भट्टद्वारा लिखित प्रस्तुत कविताको मुल उद्देश्य नै एउटा असल कवि र कविता बन्नलाई कुन – कुन कुराको आवश्यकता पर्छ भन्ने विषयको शास्त्रीय अध्ययन पाठक समक्ष प्रस्तुत गर्नु हो । सर्वप्रथम कविको उमेर बीस वर्षको भन्दा माथि हुनुपर्छ अनि उसले धेरै ग्रन्थ, कोष, काव्य मिमांशा, साहित्य, छन्द आदिको अध्ययन गरेको हुनुपर्छ भन्ने शिक्षाप्रदान यस कवितामा भएको पाइन्छ । कविलाई कुनै पनि गाँस र बासको चिन्ता हुनुहुँदैन । कविताको साधनमा कविलाई कुनै पनि अनुचित प्रभाव पर्नु हुँदैन भन्ने कवि भट्टको उद्देश्य रहेको छ । यस कविताको भाषा – शैली पाठकको ह्रदयमा सहजै भिज्न सक्ने सरल र सहज छन् । कविताको भाषा – शैली सरल भए तापनि कतिपय शब्दमा भने ह्रस्व र दीर्धको नियम मिलेको देखिन्न । यसरी नै समस्यापूर्ति कविता लेख्ने जाँगर चलेपछि अरूलाई पनि यस विषयमा केन्द्रित गर्न मोतीराम भट्टले काठमाडौ तथा बनारस दुवै ठाउँमा मित्रमण्डली को स्थापना गरे । संस्कृत वाङ्मयको पुरानो चलनलाई नेपाली भाषामा कायम गराउन उनी खुबै जुटे र समस्यापूर्तिको कविता सर्वप्रथम भट्टले नै आफै लेखे । बनारसमा बसेको बेला यिनले आफ्ना हितैषी साथीहरू तेजबहादुर, काशीनाथ, रङ्गनाथ, चेत सिंह र पद्मविलासलाई पनि समस्यापूर्तिका कविता लेख्न निपुर्ण बनाए । यिनले काठमाडौमा राजीवलोचन जोशी, भोजराज पाण्डे, डोलेश्वर, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, कालीप्रसाद, देवराज र गोपीनाथ लोहनी आदिलाई पनि सङ्गठनात्मक रूपमा समस्यापूर्तिको कविता लेख्न वातावरण जुटाए । वास्तवमा उनीहरू पनि क्रमशः क्रमशः समस्यापूर्ति ' कविता लेख्न निपुर्ण भएका थिए ।

उनी नेपाली भाषासाहित्यको सृजना, सङ्गठन प्रेरक, श्रद्धेय र आधिकारिक पुरुष थिए । पढ्दै , पुस्तक लेख्तै, सम्पादन गर्दै, पत्रिका चलाउँदै , पुस्तकालय खोल्दै , छापाखानाको स्थापना गर्दै, अरूलाई लेख्न प्रेरणा दिँदै यिनले नेपाली धर्ती लाई बिर्सि नसक्नुको गुन लगाएका छन् । नेपालका लागि मरिमेट्ने उनी ठूला सपूत थिए । आफ्नो जीवनको अथक मिहिनेत, बौद्धिक कसरत र हिम्मतका कारणले

उनी नेपाली माटोमा चिरस्मरणीय छन् । उनका प्रमुख नाट्यकृतिहरूमा शकुन्तला, प्रियदर्शिका, पद्मावती काशीनाथ चन्द्र सेन, सकुन्तला तथा उर्दूमा हुस्न अफरोज आराम दिल आदि रहेको पाइन्छ । मोतीराम भट्टले हुन त उर्दू मा पनि नाटक लेखेका थिए । शकुन्तला नाटक उनले आफ्ना साथी देवशमशेर ज.ब.रा.को. अनुरोधमा लेखन र निर्देशन गरेका थिए । यिनले निर्देशन गरेको यो नाटक प्रधानमन्त्री वीरशमशेर ज.ब.रा.ले पनि हेरे । यो नाटक दरबारबाट पुनः बाहिर निस्केन । भनिन्छ देवशमशेरबाट नै यस नाटकलाई दबाइएको हुन सक्छ । जे होस् , मोतीराम भट्ट नाटकलेखनमा जति कुशल थिए निर्देशनकलामा पनि त्यति नै पोख्त थिए । नेपाली साहित्यजगत्मा पहिलो समालोचक तथा जीवनीलेखक मोतीराम भट्ट हुन् । 1948 सालमा भट्टले भानुभक्त आचार्य को जीवनीको पुस्तक लेखेका थिए । नेपाली साहित्यका आदि समालोचक नै मोतीराम भट्ट थिए । यिनले र्सवप्रथम भानुभक्तको रचनाको समालोचना गरी नेपाली साहित्यमा समालोचनाको आरम्भ गरेका थिए । भानुभक्तको जीवन-चरित्रमा खालि भानुभक्त आचार्य को जीवनीमात्र प्रस्तुत नगरी आचार्य का कवित्वशक्तिको मोतीरामले समालोचना गरेका छन् । त्यसै कृतिमा मोतीरामले भानुभक्तलाई आदरस्वरूप आदिकविको नामाङ्कन गरेका छन् । तर भानुभक्तभन्दा अघि पनि नेपाली भाषामा कविता लेख्ने कविहरू भएको हुँदा भानुभक्तलाई जातीय कवि भने न्याय होला । हुन त यसमा मोतीराम भट्टले लेखेका पनि छन्- गोर्खाभाषामा हुन त धेरै नामका कवि भानुभक्तभन्दा पहिले भये तर कविताको मर्म जानी भाषापद्य लेखने कविहरूमा आदिकवि भानुभक्त नै हुन् ।

मोतीराम भट्ट नेपाली साहित्यका प्रथम अन्वेषक पनि हुन् । उनले नै भानुभक्तको बालकाण्ड रामायण फेला पारे । 17 वर्षको उमेर पार गरिसकेपछि उनी प्रायः भानुभक्तीय निष्ठामा एकोहोरो भएर लागे । त्यसै बेलादेखि उनले भानुभक्तसम्बन्धी जीवनी लेखे, पाण्डुलिपि खोजे । मोतीरामले नै भानुभक्तका वधूशिक्षा,भक्तमाला',प्रश्नोत्तर' र रामगीतालाई प्रकाशनमा ल्याएका थिए । यिनले भानुभक्तको अत्यन्तै गहिरिएर खोजिनीति गरे । भानुभक्तका अतिरिक्त यिनले बिहारीलाल, छविलाल, पतञ्जलि आदि व्यक्तिहरू पनि कवि भएको सूचना जनसमक्ष पुर्याएका थिए । साहित्य-सृजनामा यी आफ्ना दौँतरीहरूलाई नै अगि सारिरहन्थे । आफ्ना पूर्वज, समकालीन र पछाडिका मान्छेको उनी खुवै प्रशंसा गर्थे । यिनले भानुभक्तलाई कहीँ आदिकवि भनेका छन्, कहीँ कविकुलमुकुट

भनेका छन् भने कहीँ चाहिँ चक्रचूडामणि पनि भनेका छन् । त्यसैगरी यिनले राजीवलोचन जोशीलाई कविशिरोमणि र पद्मविलास पन्तलाई कवि भनेर सम्बोधन गरेका छन् । मोतीराम भट्टले आफूले मनले खाएको व्यक्तिको स्तुति गरेर कविता पनि लेखिदिन्थे । उनले भानुभक्त, राजीवलोचन र पद्मविलासको काव्यात्मक महिमा निकै राम्ररी गाएका छन् । कवि समालोचक साथ साथै एक सफल गजलकारको रूपमा पनि चिनिने मोतिराम भट्टले पनि नेपाली गजलमा भित्र्याएका थिए भन्ने निम्न उदाहरणले प्रष्ट पार्नसक्छः-

*"म तिम्रा अघी पर्न लायक् कहाँ छू,*
*त्यसैले अघी सर्न लायक् कहाँ छू।*

*हुकुम हुन्छ तिम्रो त हाजिर छँदैछू,*
*बिना मर्जि आँट गर्न लायक् कहाँ छू।*

*अरूका ऊपर आँखिभौं तानि हाने,*
*म जावो हरेछू। कहाँ लायक् मर्न!*

*जहाँसम्म मन चल्छ लौ हुन्छ घुर्कुन्,*
*तिनै झैं नजर् तर्न लायक् कहाँ छू।*

*सडकमै छ मन् हर्न सक्नू हरीले,*
*सुनीस् मोति त्यो गर्न लायक् कहाँ छू।"*

वास्तवमा नेपाली साहित्यको माध्यमिक कालभन्दा अघि गजलको कुनै अस्तित्व नै थिएन । गजल भन्ने वस्तु नै थिएनन् । कवि, साहित्यकार सायद यससित अनभिज्ञ नै थिए । गजललाई नेपाली साहित्यमा स्थान दिलाउने नेपाली भाषामा गजलको आविष्कार गर्ने काम काम  मोतीराम भट्टले नै गरे । यिनले नेपाली भाषामा थुप्रै गजल लेखेर लोकप्रिय बनाएका छन् । त्यस बेला यिनको गजललेखनबाट लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, नरदेव पाण्डे पनि आकर्षित भए र उनीहरूले पनि गजल लेख्न थाले । भट्टकै प्रेरणाबाट शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र मवीवि शाहले पनि नेपाली काव्यविधामा गजललाई महत्त्वपूर्ण किसिमले प्राथमिकता दिए । भट्ट गजलकार मात्र नभएर गायक पनि थिए । त्यसबेला दरबारमा उर्दूका गीतगजल गाएको देखेर यिनले नेपाली गजलगीत लेखे र गाएर

पनि प्रस्तुत गर्न थाले । दरबारमा पनि क्रमशः मोतीराम भट्टले लेखेका गजल चल्न थाले :

यता हेर्यो यतै मेरा नजर् मा राम प्यारा छन्

उता हेर्यो उतै मेरा नजर् मा राम प्यारा छन् ।

"मोतीराम भट्ट, नेपाली साहित्यमा जन्मजयन्ती मै सिमित राखिने नाम होइन ।"

गजल 1

दुइ आँखिभौँ त तयार छन्, तरबार पो किन
चाहियो,
तिमी आफु मालिक भैगयौ, सरकार पो किन
चाहियो ।।

पहरा कडा छ कटाक्षको, हरदम तयार मुहारमा,
घर भन्नु भारि महल न हो, दरबार पो किन
चाहियो ।।

कति चम्किलो छ हँसाइको हिसिमा किरन
पनि दाँतको
मणि, मोती, नीर जुहार न हो, अरु हार पो
किन चाहियो ।।

उनका तेत्तीस गजलमध्ये बत्तीस गजलमा श्रृङ्गारिक चेतना व्यक्त भएको पाइन्छ । उनका गजलमा सम्भोग श्रृङ्गार र विप्रलभ श्रृङ्गारको सफल प्रयोग भएको पाइन्छ।

'यहाँ मलाई यती गर्नुहोला,

कटारी घसी मन पछी हेर्नु होला ।'

प्रस्तुत गजलमा श्रृङ्गार र प्रेमको कठोर अभिव्यक्ति प्रस्तुत भए झैं उनका गजलमा श्रृङ्गार र प्रेमको कठोर अभिव्यक्ति भएको पाइन्छ । जस्तै –

'उनी फेरी कुन नाक लाएर आयो ।'

मोतीरामका केही गजलहरूको अन्तिम पङ्क्तिको शुरूमा हरि र अन्तिममा मोती शब्दको प्रयोग भएका पाइन्छन् । हरिवदन नाम गरेकी युवतीसँग उनको

उठवास थियो भन्ने थाहा लाग्दछ । यसकारण उही हरिवदनसँगको उठवासलाई उनले हरि र मोती शब्दको प्रयोग गरेर प्रस्तुत गरेका हुन् भन्ने भनाइ पनि रहेको पाइन्छ –

'म भन्दै थिँए, हे ही होस् राखे

हेर ! हेर ! मोती हराएर आये ।'

यसैगरी उनको गजलमा अन्त्यानुप्रासको सफल भएको पाइन्छ । यसको सफल प्रयोगले गर्दा उनका गजल गेयात्मक बन्न सकेका बुझिन्छ । उनका गजलमा सहज र सरल शब्दावलीको प्रयोग भएको देखिन्छ । उनलाई हिन्दी, उर्दू, अङ्ग्रेजी भाषाको राम्रो ज्ञान थियो । यी विविध भाषागत ज्ञानको प्रभाव उनका गजलमा पनि प्रष्ट देखा परेका छन् ।

जस्तै – 'हरवखत पर्खी रहन्छु लुक टु मी ओ माइ डियर' । उनले गजलमा नायिकाको सौन्दर्य चेतनलाई सुन्दर ढङ्गमा प्रस्तुत गरेका छन् । यसैको प्रभावले गर्दा उनका गजल मार्मिक बनेका पाइनछन् । जस्तै –

'मणि हो भन् त नझल्कने, बिजुली भनू त नचम्कने

अइना भनू त नटल्कने, उपमा कसोरी जूराउनु ।'

उनी गजलमा कतै प्रेमिकासँग प्रेमालाप गर्छन् भने कतै वियोगमय भाव व्यक्त गर्छन् । उनका केही गजलमा नारी पात्र म पात्रको रूपमा उपस्थित भएका छन् । यही नारी पात्रको माध्यमद्वारा उनले अवसरवादी प्रेमीहरूको चरित्रलाई उदाङ्गो पार्ने काम गरेका छन् । उनका गजलमा बिम्बविधानको सफल भएको पाइन्छ । यही बिम्बविधानको सफलताले गर्दा उनका गजलमा कवितात्मक राग र भावगत उच्चता व्यक्त भएको देखिन्छ । यस क्रममा उनले नायकलाई जीवात्मा र नायिकालाई परमात्मा हो भन्ने सिद्धान्तलाई अँगाल्ने चेष्टा गरेका बुझिन्छ । जसले गर्दा नै उनका गजलमा नायक – नायिकाका प्रेम र पीडामय अभिव्यक्ति व्यक्तिएका पाइन्छन् ।

## 14.7 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, मोतीराम भट्ट नेपाली साहित्यप्रदेशका एउटा अलौकिक व्यक्तित्व थिए । उनी नेपाली भाषासाहित्यको सृजना, सङ्गठनका प्रेरक, श्रद्धेय र आधिकारिक पुरुष थिए । पढ्दै , पुस्तक लेख्तै, सम्पादन गर्दै, पत्रिका चलाउँदै , पुस्तकालय खोल्दै , छापाखानाको स्थापना गर्दै, अरूलाई लेख्न प्रेरणा दिँदै यिनले नेपाली धर्ती लाई बिर्सि नसक्नुको गुन लगाएका छन् । नेपालका लागि मरिमेट्ने उनी ठूला सपूत थिए । आफ्नो जीवनको अथक मिहिनेत, बौद्धिक कसरत र हिम्मतका कारणले उनी नेपाली माटोमा चिरस्मरणीय छन् । उनको योगदानका कारणले उनी यस देशका राष्ट्रिय विभूति बनेका छन् । उनका नाउँमा कैयौँ सङ्घसंस्था, बाटाघाटाको निर्माण भएका छन् । उनका नाउँमा हुलाक टिकट निकालिएको छ । उनै को नाउमा युवावर्ष मोती पुरस्कारसमेत स्थापना भएको छ जुन पुरस्कार नेपाली साहित्यका युवा पिँडीको सर्वोच्च पुरस्कारका रूपमा रहेको छ । बहुमुखी प्रतिभाका धनी मोतीराम भट्ट राष्ट्रभाषा नेपालीका पहिलो उत्थापक थिए । मोतीरामको सृजना, गोडमेल र जलमलका कारणले नेपाली भाषाले आजको स्थिति ओगटेको हो । उनको यो मुलुकप्रति अत्यन्तै ठूलो सद्भावना थियो । उनी कट्टर राष्ट्रवादी पनि थिए । मोतीरामको योगदानका कारणले उनी यस देशका राष्ट्रिय विभूति बनेका छन् । उनका नाउँमा कैयौँ सङ्घसंस्था, बाटाघाटाको निर्माण भएका छन् । उनका नाउँमा हुलाक टिकट निकालिएको छ। उनैको नाउमा युवावर्ष मोती पुरस्कारसमेत स्थापना भएको छ जुन पुरस्कार नेपाली साहित्यका युवा पिँडीको सर्वोच्च पुरस्कारका रूपमा रहेको छ । उनले ती पुरस्कारले असाएहरु लाई सहयोग पनी गरे । बहुमुखी प्रतिभाका धनी मोतिराम भट्ट राष्ट्रभाषा नेपालीका पहिलो उत्थापक थिए । मोतिरामको सृजना, गोडमेल र जलमलका कारणले नेपाली भाषाले आजको स्थिति ओगटेको हो । उनको यो मुलुकप्रति अत्यन्तै ठूलो सद्भावना थियो ।

वि. सं. 1940 देखि नेपाली कविताको माध्यमिक कालमा श्रृङ्गारिक प्रवृत्तिका कविता लेखनको प्रारम्भ भएको पाइन्छ । यस श्रृङ्गारिक धारा नेपाली साहित्यमा वि. सं. 1940 देखि वि. सं. 1976 सम्म चलेको छ । भनौं भने नेपाली कविता साहित्यमा यस श्रृङ्गारिक धाराको सुरुवातकर्ता कवि मोतिराम भट्ट नै थिए । नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी सन् 1914 मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ । नेपाली कविताको प्राथमिक काललाई ‘लेखोट काल’ भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ । मोतीराम भट्टले भानुभक्त आचार्य द्धारा लिखित रामायणको ‘सुन्दरकाण्ड’ छपाएपछि नेपाली कविताको मुद्रण युग आरम्भ भएको हो । मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर बनारसमा मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र

समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन् । उनले तत्कालीन शासक वर्ग भोगविलासी भएकाले उनीहरुको मनोरञ्जन र सुखका लागि श्रृङ्गारिक कविताहरु लेखिए । यसैले मोतिराम भट्टलाई नेपाली साहित्यामा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन् । उनलाई नेपाली भाषा साहित्यमा समालोचनाको सुरु गर्ने प्रथम स्रष्ट्रा पनि मानिन्छ ।

## 14.8 सार

यस प्रखण्डमा **मोतिराम भट्टको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

● समस्या - पूर्ति, जीवनी लेखन, पत्रपत्रिका सञ्चालन गरी गीत र गजल लेखनक्रमको थालनीका साथै अरुलाई प्रोत्साहित गर्ने कवि **मोतीराम भट्ट**को योगदान नेपाली कवितामा उल्लेखनीय रहेको छ । उनको प्रमुख कृतिहरूमा **पिकदूत**, **कमल - भ्रमर सम्वाद** , **भ्रमर गीत** आदि छन् । यसकालमा अनुवादभन्दा बढी मौलिक कविताहरु रचनातर्फ कविहरु प्रेरित भएको पाइन्छ ।

●मोतीराम भट्ट मूलतः श्रृङारवादी साहित्यकार थिए । उनी जोसँग पनि भुतुक्कै हुन्थे । अति मिलनसार भएकाले उनीसँग पनि धैरैले घनिष्टता जोडेका थिए । यिनमा केटीहरूसँगको घनिष्टता औधि थियो । वास्तवमा मोतिराम भट्टले लेखेका अधिकांश गजलहरू पनि श्रृङ्गाररसले भरिएका नै पाइन्छन ।

●आधुनिक नेपाली गद्यका प्रतिष्ठापक, प्रथम नेपाली पत्रिका गोर्खा भारत जीवनका सम्पादक, प्रथम जीवनीकार र समालोचक, पहिलो नेपाली प्रेस पशुपति छापाखानाका स्थापक, प्रथम सामूहिक साहित्यिक संस्था मोतीमण्डलीका संस्थापक, प्रथम नेपाली गीत गजलका उन्नायक, साहित्यका विविध विधाका प्रथम प्रयोक्ता । (काव्य, नाटक, निबन्ध, आख्यान आदि), विविध भाषा (संस्कृत, हिन्दी, उर्दू, अङ्ग्रेजी) का ज्ञाता, भानुभक्तीय रामायणको प्रथम प्रकाशक, नेपालीमा समस्यापूर्तीको प्रथम प्रयोक्ता आदि हुन् ।

●वि सं 1940 को दशकदेखि काव्ययात्रा आरम्भ गर्ने कवि मोतीराम भट्टले आफ्नो अग्रज कविले आरम्भ गरेको वीरधारा र भक्तिधाराभन्दा भिन्दै श्रृङ्गारिक

धाराको निर्माण गरी त्यही श्रृङ्गारिक धारालाई गोडमेल र मलजल प्रदान गर्दै नेपाली कविताको विकासमा काव्यलेखनको नयाँ मूल्य र मान्यतालाई स्थापित गरेका पाइन्छ ।

●मोतीराम भट्टद्वारा लिखित **पिकदूत** कविता माध्यमिक कालको पहिलो कृति हो । 'पिक' को अर्थ चरा सन्देसवाहक अर्थ को दूत अनि ( कोइली ) हो भन्ने बुझिन्छ । यसमा ग्रीष्म ,बर्षा ,शरद ,हेमन्त ,शिशिर र वसन्त ऋतुको वर्णन पाइन्छ । यस कविताताई दूत काव्य पनि भनिन्छ ।

●**कविताको सरजाम** कविताको रचनाकाल वि. सं. 1957 तीर भएको मानिन्छ भने प्रकाशन चाहिँ वि. सं. 2030 को दशकमा भएको मानिन्छ । यस कवितामा कवि भट्टले कविता सिर्जनाका निम्ति चाहिने गहना, उपकरण आदिको विषयलाई उल्लेख गरेका छन् ।

## 14.9 अनुशीलनी

(1) नेपाली कविताको विकास परम्परामा श्रृङ्गारकालीन नेपाली कविताको अध्ययन प्रस्तुत गर्नुहोस् ।

(2) नेपाली साहित्य लेखनको विकास परम्परामा मोतीराम भट्टको योगदानको चर्चा गर्दै उनको स्थान निर्धारण गर्नुहोस् ।

(3) मोतीराम भट्टका रचनाहरूको संरचनात्मक विशेषताबारे विस्तारपूर्वक चर्चा गर्नुहोस् ।

(4) पिकदूत खण्डकाव्यलाई शैलीगत आधारमा चर्चा गर्नुहोस् ।

(5) मोतीराम भट्टद्वारा लिखित कविताको सरजाम कृतिलाई शैली संरचनाको आधारमा विश्लेषण गर्नुहोस् ।

## 14.10 अतिरिक्त अध्ययन

मोहनराज शर्मा र दयाराम श्रेष्ठ — नेपाली साहित्यको संक्षिप्त इतिहास

केशवप्रसाद उपाध्याय — प्राथमिककालीन नेपाली कविता

Notes

मोती ग्रन्थवाली

बासुदेव त्रिपाठी नेपाली कविताको सिँहावलोकन

चूडामणि बन्धु साझा कविता

खगेन्द्रप्रसाद लुइँटेल कविता सिद्धान्त र नेपाली कविताको इतिहास

लक्ष्मणप्रसाद गौतम कविताको सैद्धान्तिक विमर्श

रमेश श्रेष्ठ नेपाली कविताको प्रवृत्ति

घनश्याम नेपाल नेपाली साहित्यको परिचयात्मक इतिहास

यस अतिरिक्त मोतिराम भट्टको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता - बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाहरूको पनि अध्ययन ।

## 14.11 मूल्यबृद्धिको निम्ति उत्तर

१. मोतीराम भट्टको सामान्य परिचय ।

.................................................................................................

.................................................................................................

.................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन्)**

२. मोतीराम भट्टको साहित्यिक यात्रा ।

.................................................................................................

.................................................................................................

.................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन्)**

३. मोतीराम भट्टको साहित्यिक योगदान ।

.................................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. मोतीराम भट्टका रचनाहरू ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

५. मोतिराम भट्टका रचनाहरूको संरचनात्मक विशेषता ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.5 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

६. मोतिराम भट्टका रचनाहरूको शैलीगत विशेषता ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 6 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.6 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**